जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

कृषि जर्नल

Agriculture Journal

मासिक

कृषि जर्नल २०८१ फागुन (krishijournal–2025, (February-March)

किसान महासंघ मेरो आफ्नो जन्मघर जतिकै हो : (प्रचण्ड)

WFP warns ceasefire must hold up

दर्ता नं. काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि सेवाको अर्थतन्त्रको आधार
कृषि जर्नल
Agriculture Journal
मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३

वर्ष-२०, अङ्क १२८ फागुन ०८१



यस अङ्कमा

१. किसान महासंघ मेरो जन्मघर (प्रचण्ड) ३
२.कृषक समूह महासंघले मनाए कृषि जैविक ५
३. किसान आयोगले मनाए आठौं स्थापना दिवस ६
४. जैविक विविधता मास्ने कानून सर्वोच्च ७
५. के तपाई काँचो बन्दा र मासु खानुहुन्छ ? ८
६. खाद्य तथा गुण नियन्त्रण विभागको सक्रियता ९
७. किसान संघर्ष समिति र महासंघको प्रेस वक्तव्य १०
८. जलवायू परिवर्तन न्यूनिकरण योगदान : ठकुरी ११
८. देशभर कृषि, जैविक विविधता दिवस १५
९. न्यायको खोजीमा स्वर्गद्वारी गुठीका मोही किसान १६
१०. व्यवसायिक बन्न नसकेको अनार .... महत्व १७
११. किसान आन्दोलन इतिहास, सङ्घर्ष २१
१२. काठमाडौंमा सातौं नेपाल एग्रीटेक २०८१ २२
१३. प्राण घातक औलो रोग यसको निवारण २३
१४. व्यवसायिक कृषिमा यान्त्रीकरणको बढ्दो प्रयोग २४
१५. बेमौसमी प्याज खेती प्रविधि २६
16. Indigenous women researchers 27
17.The importance of "bean" 28
18. FAO, IFAD and WFP joint forces to celebrate International Women's Day 29
19. Global Conference plays 30
20. We must unlock rural women's potential - here are 3 places to start 31
21. Women's day: Cashing in chips ... 34
22. Hunger in Gaza: WFP warns ceasefire 35

व्यक्तिगत मूल्य रु.१००/-
संस्थागत मूल्य रु.२००/-

प्रकाशक : कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
सल्लाहकार : कृष्ण कोपिला, छविन्द्रराज कँडेल
प्रधान सम्पादक : धनबहादुर मगर, **सह-सम्पादक** : वैरागी जेठा, **बजार व्यवस्थापक** : रमेश श्रेष्ठ
मुख्य कार्यालय : बागबजार २८, टौखेल मच्छेगाउँ ९, चन्द्रागिरी नगरपालिका
फोन : ०१४२८८७४३, **मोबाईल नं.** ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुङ्खेल, काठमाडौं
website : www.krishijournal.com.np, **इमेल** : krishijournal@yahoo.com

भौतिक विकासलाई मात्र विकास मानिदैन

सम्पादकीय

नेपाल कृषि प्रधान देश हो । यहाँको सम्पूर्ण भू-भागको १५ प्रतिशत हिमाल, ६८ पतिशत पहाड, १७ पतिशत तराई क्षत्रले आगटेको छ । लोकतान्त्रिक गणतन्त्र आएपछि ५ विकास क्षेत्र जस्तै ७ प्रदेश र ७७ जिल्ला बनाएको छ ।

नेपालको तथ्याङ्क जेभने पनि ६५ प्रतिशत जनता गाउँ र शहरमा गरि कृषिमा आश्रित छन् । जनगणना २०७८ अनुसार देशको कूल जनसंख्या पौने ३ करोड पुगेको छ । ति जनसंख्या मध्ये ३५-४० लाख भारतीय भूमिमा रोजगारीका लागि भौतारि रहेका छन् । ८० लाख युवाहरू यूरोप, अमेरिका र खाडी मुलुकमा रोजगारीका लागि विदेशिएका छन् ।

रोजगारीको रुपमा हेर्दा अहिले देश भित्र ८० प्रतिशत जनता कृषि क्षेत्रले नै रोजगारी दिएको छ । हामीसँग भएको भौगोलिक बनावटले कृषि, पयटन, जलविद्यत, लगायतका क्षेत्र मात्र व्यवसायका लागि उपयुक्त देखिन्छ । हामीले हाम्रो परम्परागत ज्ञान, शिपको उपयोग गर्दै कृषि क्षेत्रको भरपुर सदुपयोग गर्नमात्र सक्यौं भने पनि देश आर्थिक उन्नतिको बाटोमा जानेछ । तर, दुर्भाग्य हामीले देश भित्र ६५ प्रतिशत जनता सहभागी भएको पेशा कृषि व्यवसायबाट खानपनि पुग्दैन र हामीले वार्षिक रुपमा अनुमानित खर्बै रुपैयाँको कृषिवस्तु विदेशबाट आयत गरी खानु परेको अवस्था छ ।

राज्यले आफ्नो पहुँच गाउँपालिकासम्म सेवा केन्द, उपकेन्द्र मार्फत, पुऱ्याईरहँदा समेत राज्यकोतर्फबाट कुल बजेटको ३ प्रतिशत मात्र बजेट कृषि क्षेत्रमा लगानी गरेको देखिन्छ । देशको बढ्दो जनसख्या नभई कृषिकर्म नगर्नाले घट्दो कृषि उत्पादनले देशलाई कमजोर अर्थतन्त्रमा दरिन सहयोग पुऱ्याएको छ । देश विकासको लागि कर्म गर्ने युवा जो कुल जनसंख्या ४५ प्रतिशतमा २५ प्रतिशत युवा जनशक्ति विदेशी भूमिमा रोजगारीका लागि भौताररिहेका छन् । आज कतार, दुवई, साउदी, मलेशिया, यूरोप र अमेरिकाको विभिन्न मुलुकहरुमा काम गरिरहेका छन् । मित्र राष्ट्र भारतको कुरा त धेरै नजिक पानी पँधेरो जस्तै भईसकेको छ । यस्तो अवस्थामा देशमै बसेर केही गर्ने वातावरण सरकारबाट गरिनु पर्छ । त्यसका लागि वृहत युवा लक्षित कार्यक्रमहरू ल्याएर अनुभूति हुने गरी विभिन्न क्षेत्रको व्यवसायमा आत्मस्वाभिमानका साथ काम गरेर खाने वातावरण बन्नुपर्छ ।

राज्यले युवाहरूका लागि वैदेशिक रोजगारको विकल्प दिन सकेन भने देशको अवस्था पहिलो त युवाविहिन हुन पुग्छ भने अर्कोतिर देशको अर्थतन्त्र झनै कमजोर बन्दै जान्छ ।

सबैभन्दा सम्भावना बोकेको क्षेत्र भनेको कृषि नै हो । अझै पनि हामीसँग कृषि गर्ने भू-भाग बाँकी नै छ । भएको भू-भागहरूमा राम्ररी कृषि गर्न, त्यहाँ भएको भूमिलाई उपयोग गर्न सक्नु पर्छ ।

देशको उत्पादित कृषिजन्यवस्तु आफ्नै देशमा खपत हुने गरि योजना बनाउनु जरुरी छ । बढी भएको कृषि वस्तुहरु विदेशमा पैठारी गर्ने वातावरण सरकारको तर्फबाट गर्न जरुरी छ । यसले नेपालको अर्थतन्त्र आफ्नै देशमा खेल्नु अवसर दिन्छ । त्यसरी दिने क्षेत्र भनेको कृषि नै हो ।

आज स्थानीय सरकार, प्रदेश र संघीय सरकारको कृषि प्रति हेर्न स्पष्ट धारणा नहुँदा नहुँदा कृषि पछि परेको छ ।

कृषि गर्नु जनशक्तिलाई हेर्ने सामाजिक दृष्टिकोण नकारात्मक हुँदा कृषि गर्ने किसानहरु निराश छन् । कृषि गर्छु भनेर अगाडि बढेका किसानहरु एकातिर निराश छन् भने अर्को तिर कृषिलाई राज्यले दिने सेवा सुविधा कटौती गर्दा र दिनुपर्ने कृषकसम्म नपुग्दा १० औं वर्ष देखि कृषि गरिरहेको किसानहरु समेत आफ्नो पेशा व्यवसायबाट पलायन हुन थालेका छन् । तीनै तहको सरकार भने विकास हिजो भन्दा आज देश सम्पन्न भयो भनेर खोकीरहेका छन् । निस्चय पनि हिजो भन्दा आज भौतिक रुपमा देशमा विकास भएको छ । त्यस प्रकारको भौतिक विकास वास्तविक कृषि क्षेत्रमा भएको छैन । कृषि क्षेत्रमा त्यसरी विकास भएको भए हामीले खर्बौंको खाद्यान्न आयात् गर्नु पर्ने थिए । सरकारका प्रतिनिधीहरु भने भौतिक विकास गरेकोमा आफूलाई निकै गौरव गर्ने गरेको देखिन्छ । गाउँमा सुनसान हुनु, भएका जग्गा जमीन बाँझै रहनु देशको लागि दुभाग्यको कुरा हुन । आफ्नो पुर्खाले गरेको कृषि व्यवसाय जति पनि हामीले गर्न सकेको छैन । नेपालको कृषि व्यवसाय खस्कदा ठूलो खाद्य संकटमा पर्न सक्ने तर्फ सचेत छ जस्तो लाग्दैन ।

लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि सरकारले गरेको बाचारहरु उल्टो दिशातिर मोडिएको छ । कृषि नगर्दा खान पाउँदैन भन्ने चेतना पलाएको देखिदैन । यो चेतना हामी प्रत्येक नागरिकहरुले गर्नु जरुरी छ । कृषि भएन भने हामी कसरी बाँच्न सक्छौं भन्ने कल्पना समेत पालेको नपाउँदा हाम्रो नेपाली समाजका कुन दिशातिर गइरहेको छ भन्ने महशुश गराएको छ ।

हाम्रो सामाजिक चेतनाको स्तर सभ्य समाज भन्दा भडिकलो समाज, सुसंस्कृत र सम्पन्न समाज भन्दा उत्तेजित समाज आक्रमक समाज बन्दै गएको छ । नकरात्मकै नकरात्मक विचार बोक्ने नेपाली समाज बन्दै गएको प्रति कल्पना गरेको छैन । हिजो गुरुकुलीय पद्धतिमा रमाउने हाम्रा हिमवत् खण्डको नेपाली समाज हाम्रो पुर्खाले आर्जेको मुलुक, समाज संस्कृति, परम्परा रीतिरिवाज भाषा, धर्म, कला साहित्य बिर्सन लागेको छ ।

आयातिक वस्तुको बढ्दो उपभोक्तावादी संस्कृतिको बखान गर्दै सँधै ति चिजहरु बाँची रहन्छ कहिल्यै सकिदैन र अजम्वरी छ भन्ने कोरा कल्पनाहरु जीवित हुन थालेको छ ।

भौतिक विकास चरमचुलीमा पुऱ्याउने नेपालीको मनसाय कुनै दिने खान नपार भोकै बस्नु पर्ने दिन आयो भने त्यसको परिणाम कसैले पनि कल्पना गरेको छैन । प्रत्येक व्यक्तिले ३६५ दिनको लागि ३६५ वटा मकैको बोट रोप्नु छ सक्छन् होला । १ वटा मकैको बोट लगाउने सोच सबैमा पलाउनु पर्छ । अनिमात्र हामी आउने भोकमरीबाट जुझ्न सक्छौं भन्ने चेतनाको विकास हुनु जरुरी छ । बाँकी एकवटा मकैको घोगाले एकदिन उसले बाँच्न सकोस् । यही क्रम निरन्तर दोहोरिनु पर्छ । भौतिक विकास नै सबै कुरा हुन् भन्ने सोच्ने हो भने खाना किन खानु पऱ्यो ? त्यही खेतीयोग्य जमीन मासेर घर बनाउने अनि त्यही घर खाए भइहाल्यो नि !

किसान महासंघ मेरो जन्मघर जतिकै हो : (प्रचण्ड)

काठमाडौं माघ २६, अखिल नेपाल किसान महासंघ क्रान्तिकारी केन्द्र तेस्रो पूर्ण बैठक राजधानीमा सम्पन्न भएको छ ।

उक्त बैठकका प्रमुख अतिथि तथा नेपाल सरकारका पुर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) आफ्नो लागि जन्मस्थल जतिकै भएको बताइएको छ ।

उक्त कुरा अखिल नेपाल महासंघ (क्रान्तिकारी केन्द्र)को राजधानीमा सम्पन्न तेस्रो पूर्ण बैठकलाई सम्वोधन गर्ने क्रममा बताइएको हो ।

'म तत्कालीन अवस्थामा किसान संघ मार्फत नै पार्टीको कार्यक्रम गर्ने गरेको थिएँ ।' अहिले किसान संघ र कृषिको महत्व घटेको छैन, बरु बढेको छ । तीनै पुस्ताको सहभागीता संगठनमा (थ्री वान) देखिएको छ । पार्टीको दरभंगा प्लेनम डेढ महिना चलेको थियो । विद्यार्थी सम्मेलन पनि त्यस्तै भयो । ज-जसले जिते पनि माओवादीको विद्यार्थी संगठनले जितेको छ । कृषि हाम्रो देशको अर्थतन्त्रको आधार हो, भनेर मैले सरकारसँग प्रष्ट भनेको छु । नीति तथा कार्यक्रम बनाउँदा सूचना तथा सञ्चार प्रविधिलाई पनि जोड्नु पर्छ । २१ औं शताब्दि सूचना र प्रविधिको युग भएकाले सूचना र प्रविधिसँगै अगाडि बढ्नु पर्ने कुरामा जोड दिए ।

अध्यक्ष प्रचण्डले यतिबेला सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटको आआर सही छ । यस पटकको बैठकले समाजवाद उन्मूख अर्थतन्त्रको एजेण्डाहरु लिएको छ । १२३ वटै स्थानीय सरकार हाम्रो नेतृत्वमा छ । त्यसले राम्रो काम गरेको छ । सिद्धान्ततः मूल्य मान्यता कायम गरेको छ । सुशासनको हिसाबले ७५३ वटै पालिका मध्ये राप्ती गाउँपालिका तेस्रो, धादिङ्गको वेनीघाट गाउँपालिका पहिलो, गुल्मीको रुरु गाउँपालिका दोस्रो स्थान आउन सफल भएको छ । तिनैवटा पालिकाको सरकार माओवादी पार्टीले नेतृत्व गरेको र सुशासनको आधारमा पनि अब्बल बन्न सफल भएको अध्यक्ष प्रचण्डले बताए ।

फागुन ९ गते १२३ वटै पालिका प्रमुख र उप(प्रमुखसँग बसेर १२३ वटै सरकारलाई राम्रो काम गर्ने आधार तयार गर्न थप निर्देशन सहित अगाडि बढ्ने छौं । मलाई विश्वास छ तपाइहरुको ठूलो भुमिका हुन्छ । कृषिको माध्यमबाट स्थानीय तहमा समाजवादको आधार तयार गर्ने अवसर आएको बताउँदै पार्टीले राम्रो काम गर्दा काँग्रेस एमाले आतिएर सरकार ढाल्ने तिर लागेको बताए ।

अध्यक्ष प्रचण्डले फागुन १२ देखि हुलाकी राजमार्ग तराई, मध्यपहाडी लोकमार्ग पहाड र हिमाली राजमार्गमा पार्टीको अभियान लिएर निस्कने बताए । पूर्वबाट पश्चिम, पश्चिमबाट पूर्व अन्तमा काठमाडौंमा विशाल जनसभा गरिने बताएको छ । प्रचण्डले भने अभियान सम्पूर्ण जाति(जाति, भाषा(भाषी, वर्ग, समुदायको सहभागीतामा हुने छ । अब माओवादीले नेतृत्व दिन सक्छ । माओवादी पहिले जस्तो होइन, फेरि एकचोटी माओवादीलाई अवसर आएको छ । माओवादीले लिएको राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धता, सुशासन कायम गर्ने र भ्रष्टाचार विरुद्ध थालनी गरेको अभियानका कारण काँग्रेस र एमाले आत्तिएको छ ।

आउँदो २०८४ मा १ नम्बर हुने मलाई पूर्ण विश्वास छ । सामाजिक सुरक्षा, भ्रष्टाचार उन्मूलन, आर्थिक संकट समाधान गर्ने योजना बनाएका छौं । हामीले मात्र होइन साझा निकायले समेत स्पष्ट गरेको छ । घाइते, वेपत्ता, गरिव परिवारसँग घनिष्ट सम्बन्ध बनाऔं पार्टीको मूल स्पिरिटको योजना बनाउनु होला । नयाँ सफलता हेर्न चाहन्छु । 'मलाई हेर्नु होला, म दिनरात काम गरिरहेको छु ।' ६ महिनामा भित्र पार्टी अर्कै उचाई पुग्छ ।

पार्टीका किसान फ्याक्सन इन्चार्ज सुनिल कुमार मानन्धरले किसान महासंघको भुमिका बढ्दै गएको बताउँदै किसान मजदुर सुकुम्वासी, दलित, वर्गको मुक्तिको लागि पार्टीले गरेको अभियानले स्थापित हुने बताए । हाम्रो पार्टी सरकारबाट खोसिनुमा, माओवादी केन्द्र १ नम्बरको पार्टीमा बदलिने संकेत देखिएको छ । अध्यक्ष प्रचण्डले भनेजस्तै पार्टी आफ्नो वर्गमा फर्कनु पार्टी बलियो हुनु हो ।

२०१५ सालको आम निर्वाचनमा पाल्पा, रौटहत र काठमाडौं गरि ४ स्थान मध्ये दुई स्थान जित्ने किसान नेता थिए । जतिबेला एककीृत कम्युनिष्ट पार्टीले ४ सिट जितेका थिए । जुन पुस्ता हाम्रो किसान महासंघसँग जोडिनु झन् अर्को महत्वपूर्ण विषय भएको मानन्धरले बताए । मानन्धरले पुर्वपश्चिम जोड्ने पार्टीको ६ महिने अभियानले पार्टीलाई थप उचाईमा पुऱ्याउने बताउँदै किसान संगठनको महत्व अझ बढ्दै गएको विचार व्यक्त गर्नु भएको थियो ।

बैठकमा २०१५ सालको आम चुनावमा रौटहतबाट निर्वाचित हरदयाल महतोका नाति आनन्द कुमार महतो तथा २०१५ सालकै आम निर्वाचनमा निर्वाचित रौटहतकै किसान नेता शेख फरमानको छोरो शेख नासिरलाई अध्यक्ष प्रचण्डले दोसल्ला ओढाई सम्मान, महासंघका अध्यक्ष चित्रबहादुर श्रेष्ठ

र पार्टीका फ्याक्सन इन्चार्ज मानन्धरले विधान, प्रदान गरि सम्मान गरेका थिए ।

संविधानसभा सदस्या तथा राष्ट्रिय किसान आयोगका पूर्व अध्यक्ष, नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का अध्यक्ष चित्रबहादुर श्रेष्ठले संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्दै किसानको अधिकारका लागि कृषि उत्पादन र कृषि विकासका लागि एकतावद्ध भएर कृषि क्रान्ति अगाडि बढाउनु विकल्न नरहेको बताए ।

श्रेष्ठले देशको अर्थतन्त्र पनि कृषिमै आधारित भएकाले देशभर कृषि क्षेत्रको उत्पादनमा आवद्ध हुन आवश्यक रहेको निर्देशन बैठकमा दिए । राष्ट्रिय भूमिलाई राज्यको नबनाएसम्म देशको कृषि उत्पादन प्रणाली अगाडि बढ्न नसक्ने बताउँदै राज्यले भूमिलाई राष्ट्रियकरण गरेर कृषि गर्ने सुनिश्चितता गर्नु पर्ने कुरामा जोड दिए ।

बैठकममा उपत्यका विशेष समितिका संयोजक तथा महासंघका सचिव शिवहरि खनाल, प्रदेश नंम्बर १ का संयोजक घनश्याम थापा, प्रदेश २ मधेश प्रदेशका संयोजक रामकुमारी महतो, बागमती प्रदेशका संयोजक रामप्रसाद दाहाल, गण्डकी प्रदेशका संयोजक ऋषिराम भुसाल, लुम्बिनी प्रदेशका संयोजक रामप्रसाद केवट अन्सारी, कर्णाली प्रदेशका संयोजक नयाराम थापा, सुदुरपश्चिम प्रदेशका संयोजक अमर बोहरा लगायतले बैठकमा रिपोटिङ्ग राखेका थिए । हालै अध्यादेशबाट ल्याएको भूमि ऐन २०८१, सामाजिक सञ्जाल नियमन गर्न ल्याएको विधेयक प्रति सरकारको कडा भत्सर्ना गरेको छ ।

बैठकले किसानको पक्षमा विभिन्न प्रस्तावहरू पारित गर्दै कार्यसमिति तथा पदाधिकारीहरुको थपघट, महासंघ सदस्यहरुको मृत्यु, आफन्तजनको मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली, शोक सन्तप्त परिवारजन प्रति सहानुभूति तथा शोक प्रस्ताव पारित गरेका थिए ।

बैठकमा प्यालेष्टाइन भूमिबाट प्यालेष्टाइन जनतालाई अन्यत्रा विस्थापन गर्न रचेको षद्यन्त्र प्रति खेद व्यक्त गरेका छन् ।

बैठकले ९ सदस्य केन्द्रीयस्तरको सुचना तथा सञ्चारका प्रविधि समिति गठन गरेको छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का महासचिव, अन्तर्राष्ट्रिय किसान अधिकार मञ्च (एशिया प्यासिफिक)का उपाध्यक्ष तथा राष्ट्रिय भूमि आयोगका पुर्व उपाध्यक्ष नहेन्द्र खड्काले कायक्रमको संयोजन गरेका थिए ।

बेमौसमी प्याज खेती प्रविधि

वर्षेनी विदेशवाट आयत गरिने प्याजमा निर्भर रहनु पर्ने अवस्थालाई कम गर्न वेमौसमी प्याज खेती प्रविधिको विकासले सहयोग पुग्न गएको छ । खासगरी आषाढ देखि मंसिर महिना सम्म गरिने प्याज खेतीलाई बैमौसमी प्याज खेती र असोज देखि पौष महिनासम्म उत्पादन भएको प्याजलाई बैमौसमी प्याज भनिन्छ । भाद्र देखि फाल्गुण सम्म नेपालमा प्याजको अति नै अभाव हुने भएकोले यस वेला उत्पादन हुने प्याजले कृषकको आय स्तर वढाउन सहयोग पुग्दछ । भाद्र देखि मंसिरसम्म प्याजको सानो सानो डल्ला(सेट) रोपि असोज देखि मंसिर सम्म प्याजको गानो उत्पादन गर्न सकिन्छ । अर्को तरिकामा जेठ, असार महिनामा प्याजको विउ छरेर वेर्ना रोपि मंसिर पुस महिनामा प्याजको डल्ला उत्पादन गर्न सकिन्छ ।

(क) विरुवा रोपि बेमौसमी प्याज उत्पादन प्रविधि :

यस प्रविधिमा प्याजको वीउ रोपेर वेर्ना तयार पारी मंसिर, पौष महिनामा प्याजको डल्ला उत्पादन गर्नको लागि तराई वा भित्री मदेशमा मध्ये असारमा, तल्लो पहाडमा असारको शुरुमा र मध्ये पहाडमा जेष्ठमा वीउ रोपि वेर्ना तयार पार्नु पर्दछ । यस्को लागि मुख्य रुपले जमिनको छनौट वीउको छनौटमा विशेष ध्यान दिनु पर्दछ ।

नर्सरी व्यवस्थापन तथा जमिनको छनौट :

- वर्षातमा गरिने वाली भएकोले पानी नजम्ने वलौटे दोमट माटो भएको स्थान छान्नु पर्दछ । नर्सरी बनाउँदा १ मी. चौडा, १५(२५ से.मी. उचाई र आवश्यकता अनुसारको लम्बाई भएको नर्सरी ब्याड तयार गर्नु पर्दछ ।

- ब्याड बनाउनु अघि ब्याड बनाउने ठाँउलाई बैशाख महिनामा नै खनजोत गरी झारपात हटाइ करिव ३० दिन सम्म पुरै ब्याड ढाक्ने गरि सेतो प्लाष्टिकले ढाकेर माटो उपचार गर्नु पर्दछ । यसो गर्दा माटोमा भएका रोगका जिवाणु र माटो भित्र रहि जीवन चक्र पुरा गर्ने किराको लार्भा, बच्चा र फूल समेत नष्ट हुन्छन् र व्याड किरा तथा विषाणु रहित बनाउन मदत पुग्दछ ।

रु प्रति वर्ग मिटर जग्गामा ३ के. जी. राम्ररी कुहिएको गोबर मल वा गडौली मल, २० ग्राम डि.ए.पि., १० ग्राम म्यूरेट अफ पोटास र १० ग्राम यूरीया वीउ छर्नु अघि माटोमा राम्ररी मिलाउनु पर्दछ ।

-एक रोपनी जग्गामा २० ह १५ से.मी.को फरकमा वेर्ना रोप्दा करिब १४हजार वेर्नाको आवश्यकता पर्न जान्छ । वर्षाको कारणले गर्दा वीउ कम उम्रने, उम्रेको बीउ र वेर्ना पनि मर्न सक्ने भएकोले एक रोपनीको लागि ४००(६०० ग्राम वीउ आवश्यकता पर्दछ । जस्को लागि ८(१२ वर्ग मी. क्षेत्रफलको नर्सरी बनाउनु पर्दछ र प्रति वर्गमीटर व्याडमा ५० ग्राम बीउ छर्नु पर्दछ ।

-असार-साउन महिनामा बढी वर्षा हुने भएकोले व्याडको वरीपरी कुलेसो बनाई भल पानी निकासको राम्रो प्रबन्ध मिलाउनु पर्दछ ।

-वर्षाबाट साना बेर्नालाई जोगाउनको लागि ब्याड माथि खर वा प्लाष्टिकको छाना लगाउनु पर्दछ ।

-वर्षाको समय भएको हुनाले बेर्ना उम्रने बित्तीकै पहिलो र त्यसपछि ७(८ दिनको फरकमा विषादि र सुक्ष्मतत्व दिनु पर्दछ ।

-तयारी व्याडमा एक एक कुरेत वा १० से.मी. को फरकमा २(३ से.मी.गहिरो कुलेसोमा पातलोगरी वीउ छरी राम्ररी पाकेको धुलो प्राङ्गारिक मलले वीउलाई पुर्नु पर्दछ ।

-स्वास्थ्य वेर्ना उत्पादनको लागि वीउ उपचार गर्नु पनि त्येतिकै जरुरी हुन्छ । यसको लागि ई.एम. १० एम.एल.र १० ग्राम भेलि(सखर) प्रति लिटर पानीमा मिसाएर त्यहि पानीमा बीउलाई १२ घण्टा सम्म भिजाउनु पर्दछ । अथवा संजिवनी ५ ग्राम, चिनी ५ ग्राम २० एम.एल. पानीमा १० ग्राम प्याजको बीउ मोलेर ओजेलमा सुकाएर मात्र बीउ छर्नाले स्वास्थ्य वेर्ना उत्पादन गर्न सहयोग पुग्दछ ।

वीउ छर्ने समय, स्थान, बीउ छर्ने समय, वेर्ना सार्ने समय : तराई तथा भित्री मदेश शुरु देखि मध्य असार शुरु देखि मध्ये साउन :तल्लो पहाड, वेसी तथा टार शुरु असार शुरु साउन : यसलाई मध्ये पहाड वा १५०० मीटर उचाई सम्म जेष्ठ, असार महिना भर लगाउन सकिन्छ ।

कृषक समूह महासंघले मनाए कृषि जैविक विविधता दिवस

काठमाडौं माघ ६ राष्ट्रिय कृषक समूह महासंघ नेपालको आयोजनामा 'स्वास्थ जीवन र पर्यावरणीय कृषि जैविक विविधता दिवस सम्प्ताह २०८१, मनाएको छ ।

उक्त अवसरमा पर्यावरणीय कृषि प्रवर्द्धन, एवम् कृषि जैविक विविधता संरक्षण, साना किसानको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम गरेको हो ।

कार्यक्रममा राष्ट्रिय कृषक समूह महासंघका

सल्लाहकार प्राध्यापक छवि पौडेलले नेपालमा कृषि विकासको नाममा ४० प्रतिशत माटो बिग्रीएको बताएको छ । फस्फोरस किन्न जरुरी छैन । कोशेवाली तत्व रैथाने स्थानीय बालीहरु किसानहरुले लगाउनु पर्छ ।

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष पञ्चकाजी श्रेष्ठले नेपालमा कृषकहरुलाई मूल प्रवाहिकरणमा ल्याउन सरकारको कार्यक्रमहरुमा सुझावहरु पेश गर्ने गरेको बताए । जैविक विविधताको कार्यक्रममा परमपरागत रुपमा गर्नु पर्‍यो भनेर कुरा गर्दा सरकारले हेला गर्ने गरेको छ । लिवर्डले राम्रो काम गरेको छ । म लिवर्डको कार्यक्रममा सहभागी हुँदा मौरीको जातको कति महत्व रहेछ भनेर बुझ्न पाएँ । मौरी चराउन लगेको थियो किसानहरुले मौरी चराउँदा तोरी नफलेको भनेर गुनासो गरेको पाइयो । बुझाउन नसक्नु, बुझन नचाहनु पनि समस्या रहेछ । मौरी वनस्पतिक हावापानीमा रहेको डाइभर्सिटीको रुपमा लिएका छौं मैरीलाई रैथाने बाली भनेर चिन्छौं ।

विगतमा खाद्यान्नहरु लिसाइलो हुन्थ्यो । धेरै जीवहरु पृथ्वीबाट विस्थापित भएको छ । पृथ्वीमा पाइने चराचरुङ्गी र सुक्ष्म जीव संरक्षण गर्नु नै जैविक विविधता हो । माछा मार्न करेन्ट लगाइन्छ । एक ठाउँमा लगाएको करेन्टबाट त्यहाँ भएका सिङ्गो वातावरणलाई कति प्रतिकुल बनाउँछ भन्ने कुरा बुझाउनु पर्छ । एकदिन घाम अस्ताय पछि कति चिसोमा हुन्छ त्यस्तै असर वातावरणमा पर्छ ।

प्रतिकूल वातावरण हामी सबैका शत्रु जीव हो । किसानले पाल्यो भने उसको कारणले जङ्गलको पनि संरक्षण हुन्छ । अनुवांशिक स्रोत २ वटा मात्र लग्यो भने चोरी चाहीँ भयो । यसरी मागे भनेर बाङ्ने चिज होइन रहेछ । पर्यावरणीय विशेषता चाहीँ सुख्खा भएपछि सबै चिज काम नलाग्ने रहेछ । परिस्थितिकीय महत्व र जीवनचक्र एक अर्कासँग सम्बन्ध छ । जीवजन्तु बाँचेर पृथ्वीलाई जोगाई रहेको हुन्छ । जीवन जन्तुलाई खानाको आवश्यक पर्छ ।

अन्नको पुजा गर्नु भनेको जनजातिहरुले नै हो । जनजातिहरुले सांस्कृति जोगाएको छ । धेरै फलाउने भन्दा भन्दै जैविक विविधता नोक्सान भएको छ । आर्थिक रुपमा पछि फाइदा हुन्छ । लोपोन्मुख भएका जडिबुटी संरक्षण गर्नु पर्छ । चेपाङहरुले काठ र माटोकै भाँडा प्रयोग गर्छ । सांस्कृतिक भाडो बेचेर जीवकोपार्जन गरेका छन् । सीमलको रुख हराउँदा गिद्धको वासस्थान समेत हराएको छ । गिद्धले स्थानीय मरेका सिनुहरु खान्थे । जैविक विविधता भनेको पृथ्वीको सम्पति हो । धान, गहु, मकै बाँच्यो भने न हामी पनि बाच्न सक्छौं ।

कृषि जैविक विविधतामा ५० प्रतिशतले ह्रास भएको छ । भीर माहुरी कतिसम्म लिने र कति संरक्षण गर्ने त्यसको पनि ख्याल गर्नु पर्छ । अरिङ्गल मान्छेको शत्रु होइन । मौरी मात्र भएन भने संसारको कल्पना एकदमै टाढा छ । बालीको लागि परागसेचनको काम गर्छ । एक ठाउँबाट अर्को ठाउँमा पुग्दा परागसेचन हुन्छ । र बालीलाई हावाले हल्लाएर निस्केको बेला बाँधेर राख्नु फल्छकि फल्दैन ।

कृषकहरूलाई आवासीय कृषि यान्त्रीकरण तालिम

रुपन्देही, माघ २०, नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको राष्ट्रिय कृषि इन्जिनियरिङ अनुसन्धान केन्द्रले तराई क्षेत्रका युवा उधमी कृषकहरूका लागि रुपन्देहीको भैरहवास्थित राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रममा ७ दिने ' आवासीय कृषि यान्त्रीकरण तालिम ' आयोजना गरेको छ । यो तालिम कृषि प्रणालीलाई आधुनिक बनाउँदै उत्पादन वृद्धि गर्ने, कृषकहरूलाई व्यावसायिक बनाउने तथा वैदेशिक रोजगारीमा जाने युवाहरूलाई स्वदेशमै आत्मनिर्भर बनाउन प्रेरित गर्ने लक्ष्यसहित आयोजना गरिएको हो । उक्त तालिमका लागि २०७९ / ०८० को गोरखा पत्रमार्फत आवेदन माग गरिएको थियो, जसमा विभिन्न जिल्लाका १९ जना कृषक सहभागी छन् ।

कृषि यान्त्रिकीकरण सम्बन्धी प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञान दिने उद्देश्यले आयोजना गरिएको तालिममा प्रयोगशाला, कृषि यान्त्रिकीकरण सम्बन्धि, कृषि औजार / उपकरण सम्बन्धि, ट्रयाक्टर, पावर टिलर मर्मत / सम्भार तथा संचालन, सिँचाइ प्रणाली, थ्रेसर संचालन, टनेल खेती, मल व्यवस्थापन, ड्रोन, पोस्टहार्भेस्ट, स्टोरेज प्रविधि, यन्त्र तथा वाहक यन्त्रका विविध कृषि इन्जिनियरिङ विषयमा कार्यशालालगायत समेटिएका छन् । यस्तै, तालिम अवधिमा विभिन्न कृषि यन्त्र मर्मत कक्षहरू, बिक्री केन्द्र, अनुसन्धान स्थल र व्यवसायिक कृषक फार्मको भ्रमण गराउने कार्यक्रम समेत रहेको छ ।

तालिम संयोजक इन्जिनियर सानुबहादुर भुजेलका अनुसार यस तालिमले बेरोजगार युवा तथा उत्साही कृषकहरूलाई आधुनिक कृषिमा संलग्न गराउने मात्र होइन, व्यावसायिक कृषकका रूपमा अगाडि बढ्न मद्दत गर्ने छ । यस किसिमका तालिमहरूले कृषिमा यान्त्रीकरणमार्फत उत्पादकत्व वृद्धि गर्न सहयोग गर्ने विश्वास गरिएको छ । उक्त तालिम पश्चात, कृषि यान्त्रिकीकरण सम्बन्धि प्राप्त ज्ञान र सिपको उपयोग गरी बेरोजगार युवा उधमी किसान र उधमी किसान व्यावसायिक किसानहरुमा परिवर्तन हुने लक्ष्य राखिएको छ । उक्त तालिम फागुन २५ गतेसम्म संचालन हुने छ ।

किसान आयोगले मनाए आठौं स्थापना दिवस

काठमाडौं माघ ६, राष्ट्रिय किसान आयोगको आठौं स्थापना दिवस कृषि मन्त्री रामनाथ अधिकारको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

आठौं स्थापना दिवसको अवसरमा किसानको हकहित र सामजिक सुरक्षा, विषयक विचार गोष्ठी कार्यक्रम गरेको थियो । उक्त कार्यक्रममा

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र) का कोषाध्यक्ष गणेश कुवरले ६३ प्रतिशत जनशक्ति भएको देशमा किसानको अधिकार सुरक्षित हुन नसक्नु दुःखको कुरा भएको बताउँदै किसानको हक हित र अधिकार सुरक्षित बढाउनु लागिपर्नु पर्ने विचार व्यक्त गरेका छन् ।

किसानको सामाजिक सुरक्षा व्यवस्थित नगरेसम्म सरकारले किसानसँग बसेर पहल गर्नु पर्ने बताए ।

च्याउ किसान उत्पादन संघका अध्यक्ष सन्तोष कार्कीले विषादी रहित कृषिको उत्पादनमा जोडदिनुपर्ने बताउँदै ६० प्रतिशत वजेट अनुसन्धानको लागि छुट्याउनु पर्ने कुरामा जोडदिएको छ ।

दोस्रो विश्वयुद्ध पछि बालुवामा बसेको देशमा कृषि कहाँ पुग्यो, ११८ प्रजातिका जैविक विविधता भएको देशमा जैविक विविधाता जोगाउन विषादीको प्रयोग नगर्न आग्रह गर्नु पऱ्यो । त्र हजारौं वर्षदेखि कृषि क्षेत्रको विकास हुँदै आएको छ । कृषिलाई नबदलेसम्म देशको युवाहरु रोक्न सक्दैनौं । किसानहरुले एकवटा पनि तालिम पाइएन । किसानहरु आफ्नो अर्थतन्त्रको विकास र ज्ञानलिन चाहेका छन् ।

विप्पाको पहल कसले गर्ने कृषि क्षेत्रहरु बाँझो राखेर के गर्ने ।

राष्ट्रिय कृषि उद्यमी माया केसीले म आफैले दिएर अधिकार लिने हो । ३० औं वर्ष कृषि गर्दै आएको छु । भौगौलिक अवस्था हेरेर नीति बन्नु पऱ्यो । कोशी प्रदेशमा किसान आयोगमा सूचीकरणको काम गरेका रहेछन् । किसानमा आधारित भएको रहेछ । देशभर महिला कृषिमैत्री रहेछ । नेपालमा धेरै जसो पुरुषहरु विदेश गएपनि महिलाले कृषि धानेको छ ।

पाल्पाका कृषि उद्यमी तथा किसान नेता तारा कार्कीले पाल्पा सरकारको ९३ प्रतिशत अनुदान गैर कृषकमा गएको रहेछ । कृषिलाई रिजेनेरेट गर्नु पर्छ । बाँझा खेतहरु छन् । बाँझो खेत राख्ने तर किसानले काम गर्न पाएको छैन ।

एनआरएनका अध्यक्ष विरेन्द्र अधिकारीले प्रस्तावनामा खाद्य सम्प्रभुत्ता र किसानको बजारमा कृषि क्षेत्र भएका ठाउँमा प्राथमिकता दिनु पर्ने बताए । ६० वर्ष पुगेका किसानहरुका लागि सामाजिक सुरक्षा कार्यक्रम लानु पर्छ । कृषिमा श्रम गर्ने कृषि श्रमिकको १०० दिने खाद्य संग्रहालय सञ्चालन गर्नु जरुरी छ । र कृषि पर्यटनलाई

व्यवस्थित गर्नु पर्छ

नेपाल किसान संघका अध्यक्ष शिव जैसीले पशु उत्पादनमा नार्कको भूमिका राम्रो देखिदैन । पशुमा नाइट्रोजन, डाक्टर र स्रोत नै पाइएन । किसानले १ वटा क्यान पनि पाएको छैन । म काँग्रेसका कार्यकर्ता भएपनि कुरै नसुन्ने र एनआरको परियोजनामा वास्तविक किसानले अनुदान पाएन ।

क्षतिपूर्ति अनुदान दिएको पनि देखिदैन । अनुदानमा राजनीति भएका छन् । टाठाबाठाले कृषि अनुदान लिएको पाइन्छ । निर्वाहमुखी कृषिबाट व्यवसायिक कृषि गर्न जग्गाको चक्लाबन्दी गर्नुपर्छ । सहकारी सदस्य भित्र चक्लाबन्दी योजना जोडेर गर्ने हो भने कृषिमा परिवर्तन हुनसक्छ ।

व्यवसायिक रुपमा गाईपालन गर्छौं । अनुत्पादक गाई हामीले के गर्छौं । बाच्छाहरु ४० वटा छन् अनुत्पादक भएका छन् । कानुन बनाएर व्यवस्थापन गर्नुहोस या त निर्यात गर्नु दिनुहोस् ।

दक्ष तालिम प्राप्त केही पनि छैन । सरकार भनेको जेटीए र भेटरीनरी हुन् काममा लगाउने हो कि होइन । सोच्नु पऱ्यो, भारतामा दिनको ३ पटक जेटीए किसानको गोठमा पुग्छन । ग्रामीण कृषि प्रविधिक संघ नेपाल शुरुदेखि नै अल्झिरहेको छ ।

अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र)का सचिव शिवहरी खनालले शक्तिशाली संवैधानिक आयोग बन्नु पर्छ । किसानहरुको समस्या तपाई हामीले भोगीरहेका छौं । कृषि पेशा गर्नलाई सम्मानको पेशाको रुपमा नभई हेयको रुपमा हेरेको अवस्थामा छ । त्यसलाई चिर्दै गएको र युवाहरु कृषिमा अगाडि बढेको छ ।

आयोगले आगामी दिनमा सशक्त भूमिका निभाउनु जरुरी छ । किसान हक, हितको लागि सामाजिक सुरक्षा, किसान वर्गीकरण, निवृतिभरण, नियमावाली आएको छ । कार्यन्वयन गर्न बाँकी छ । राजनीतिक संघ(संस्था, सानो ठूलोको रुपमा हेर्ने भन्दा पनि बीमाको कुरा आउनु पर्छ । बीमा कार्यक्रम सरकारले लागु गरेपनि भुक्तानी नगर्ने, अनुदान ५० प्रतिशत भनेर आउछ । ५० प्रतिशत बजारको मूल्य उस्तै हुन्छ । दूध किसानको मूल्य तिरीरहेको छैन । तर, सरकार विदेशबाट दूध ल्याउन तयारी गरिरहेको छ । अभिमुखीकरण गराउनु पर्ने हो नि । किसान आफू पनि अनुसन्धानकर्ता हो ।

अखिल नेपाल किसान महासंघका उप(महासचिव प्रेमनारायण अधिकारीले म २२ वर्षदेखि कृषि पेशामा आवद्ध छु । हामीले भोगेका कुरा कहाँ गएर भन्ने ? कोभिडको महामारीमा पऱ्यौं । दिएको समय सकेर गाढी रोकिएका थियो किसान आयोग मार्फत समाधान भयो ।

नेपालको किसान संघका नेता रमेश साउदले आयोगले उठाएको कुराहरु किसानसम्म पुगेका छन की छैनन् कसरी थाहा पाउने ? माटो सुहाउँदो नीतिहरु बनाउनु पर्छ । कार्यन्वयनबाट के प्राप्त गऱ्यौं, भन्ने कुरा बुझ्नु पर्छ । सयौं वर्षको सिँचाईका कुलाहरु यथावत छन् मर्मत सम्भार गरेर चलाउन सकेको छैन । म अनुदानको सशक्त विक्षमा छु । नेपालको किसानलाई कृषि नक्साको रुपमा प्रकाशन गर्न सक्छौ कि सक्दैनौं ।

नक्सामा हावापानी, बालीको आधारमा बनाउनु सक्छौं कि सक्दैनौ ? केरा खेती गर्ने किसानलाई विशेष अधिकार दिनुपर्छ । रैथाने बालीको विकास गर्नु जरुरी छ । अधिकार प्राप्त गर्न आयोग बन्नु पर्छ ।

अखिल नेपाल किसान महासंघ (अप्फा)का नेता रामप्रसाद भुसालले संविधानमा किसानको हकलाई संविधानत: मौलिक हकको रुपमा संसदमा स्थापित गर्न जरुरी छ । किसानको प्रतिनिधि अधिक रुपमा पुग्नुसक्ने व्यवस्था हुनुपर्छ ।

वि.स.२००१ मा कृषिको कुल ग्राहस्थ उत्पादनमा ९ प्रतिशत वजेट दिने भने पनि किसानको सुरक्षाको सवालमा वर्गीकृत गरि पेन्सन दिने नीति बनाउनु पर्छ ।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सदस्य रुपा सोशी चौधरीले नियमावाली नबन्दा कार्यन्वयनमा समस्या आएको बताएको छ । कृषि विधेयक अध्यादेशबाट समेत प्रक्रिया बढाउन बालीलाई धितो राखेर ऋण दिने कुरा आएको छ । ऐन र कानुन र कार्यविधिको माध्यमबाट कृषि कसरी आकर्षण बढाउने तर्फ जोड दिनुपर्छ ।

वाराका किसान नेताका अनुसार किसान जुन किसानले उत्पादन गर्छन त्यही किसान आफ्नै देशमा ठगिएको हुन्छ । मूल्य निर्धारण कार्तिक मसान्तसम्म हुनुपर्छ मंसीरको पहिलो हप्ता चिनी मिल सञ्चालन गर्ने र गहुँ उत्पादन हुने समय भएकाले २४ घण्टामा २० हजार क्विन्टल उखु पेल्न सक्छ । यसरी कृषि गर्न सके चिनीमा समेत हामी आत्मनिभर बन्न सक्छौं । मंसीरमा मकै, गहुँ, मुसुरो । उत्पादन गरि बालीहरु बढाउन सकिन्छ । त्यसरी गर्न सकियो भयो किसानले दुईपटक अनुदान पाउँन सक्छ । यसो गर्दा थोरै भएपनि किसानलाई राहत हुन्छ ।

राष्ट्रिय किसान आयोगका अध्यक्ष डा.प्रेम दंगालले अधिकारिक ट्रेड यूनियनको जसरी मन्यता पाउने गरि संस्था दर्ता गरेपछि अनुगमन, सूचीकरण, भएको प्रमाणपत्र दिइन्छ । वडा कार्यालय वा मजदुर संगठनमा दर्ता प्रक्रिया अगाडि बढाई कृषि सूचीकरण गर्नु तिर जानु पर्छ । निवृतिभरणको विषय त्यति सजिलो छैन । तर पनि आफूलाई सूचीकरणमा चाहीं जानु पर्छ । प्रगतिशील किसान नीति आएको छ । सबै मिलेर कृषि विधेयक बनाउन पर्छ । त्यसका लागि सबै किसान संघ(संगठनहरु एक ठाउँमा आउनु पर्छ । संस्थागत सुझावहरु आउनु पर्छ । बराबर अधिकार सहित प्रतिनिधित्व गराउने गरि संसदमा प्रतिनिधि हुनु पर्छ ।

जैविक विविधता मास्ने कानून अमान्य सर्वोच्चअदालत

जैविक विविधता सम्बन्धी सम्माननीय सर्वोच्च अदालतले वातावरण संरक्षणको पक्षमा महत्वपूर्ण फैसला गरेको छ ।

सर्वोच्च अदालतले माघ २ गते बुधबार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ माथिको पछिल्लो संशोधनलाई बदर गरेको हो । लगानी ऐन संशोधनको नाममा राष्ट्रिय निकुञ्ज ऐनमा गरिएको संशोधनलाई अदालतले अस्वीकार गरेको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाल र मनोजकुमार शर्मा सम्मिलित संवैधानिक इजलासले राष्ट्रिय निकुञ्ज ऐनमा थप गरिएको दफा ५ क र दफा ६ (१ क)लाई अमान्य र बदर गरेको हो । यो आदेशमा न्यायाधीश मल्लको समवर्तीय राय र अर्का न्यायाधीश फुयालको भने फरक राय रहेको छ ।

गत जेठ २८ मा प्रतिनिधि सभामा दर्ता भएर असार २४ मा राष्ट्रपतिबाट प्रमाणीकरण भएको 'लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' मार्फत आधा दर्जन ऐन संशोधन भएका थिए । त्यसमध्ये राष्ट्रिय निकुञ्ज ऐनलाई वातावरण र जैविक विविधता मास्ने गरी संशोधन गरिएको भन्दै वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा, अधिवक्ता दिलराज खनाल लगायतले सर्वोच्चमा रिट निवेदन दर्ता गरेका थिए । त्यही रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले संशोधित प्रावधान संविधान विपरीत रहेको भन्दै बदर गरेको हो ।

संवैधानिक इजलासको संक्षिप्त आदेशमा भनिएको छ, 'लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को दफा ३ अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा थप गरिएका दफा ५क र दफा ६ (१क) नेपालको संविधानको धारा १३३ (१) बमोजिम प्रारम्भदेखि नै अमान्य र बदर गरिदिएको छ ।'

ऐनको दफा ५क मा 'नेपाल सरकारले आवश्यक ठानेमा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्रलाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अतिसंवेदनशील क्षेत्र भनी तोक्न सक्नेछ' भन्ने उल्लेख छ । संरक्षणविद्हरूका अनुसार यो दफाले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र सबै अतिसंवेदनशील क्षेत्र होइनन् भन्ने गलत अर्थ लाग्ने देखिएको थियो ।

त्यसैगरी ऐनको दफा (१क) भनिएको छ, 'दफा ५क बमोजिम तोकिएको क्षेत्र बाहेक राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रको कुनै क्षेत्र वा मध्यवर्ती क्षेत्रमा प्रकृति र मानव सहअस्तित्व कायम हुने गरी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट स्वीकृत आयोजना वा राष्ट्रिय गौरवको आयोजना सञ्चालन गर्न नेपाल सरकारले तोकिएको बमोजिम स्वीकृति दिन सक्नेछ ।'

राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्रै बकाइदा आयोजनाहरू सञ्चालन गर्न स्वीकृत दिँदा जैविक विविधतामा प्रत्यक्ष प्रभाव पर्ने भएकाले रिट दर्ता गरेको निवेदकमध्येका एक वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्मा बताउँछन् । उनी भन्छन्, "सर्वोच्चको यो आदेशपछि विश्व सम्पदा सूचीमा समेत गर्न खोजिएको हालीमुहाली रोकिने भएको छ ।"

संरक्षणविद्हरू वातावरण संरक्षणको पक्षमा महत्वपूर्ण फैसला गर्दै आएको सर्वोच्चको यो फैसला जैविक विविधताको पक्षमा कोशेढुंगा भएको बताउँछन् । त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थानका प्राध्यापक राजेश राई जैविक विविधता र वातावरण संरक्षणका हिसाबले फैसलालाई ऐतिहासिक भन्न रुचाउँछन् ।

के तपाई काँचो बन्दा र मासु खानुहुन्छ ?

भारतमा एक आठ वर्षीया बालिकाको मस्तिष्कमा टेपवर्म अर्थात् नाम्लेकीराको एक सयभन्दा बढी फुल भेटिए ।

ती बालिकाले प्रत्येक दिन टाउको दुख्ने र बेलाबेला रिङ्गटा लाग्ने गुनासो गर्ने गर्थिन् । उनमा यो समस्या झण्डै छ महिना देखियो ।

समस्याको कारण थाहा पाएपछि अभिभावकहरू पत्याउनै सकिरहेका थिएनन् ।

"बालिकाको मस्तिष्कमा नाम्ले किराका सयवटा भन्दा बढी फुलहरू थिए । ती साना(साना समूहमा थिए ।"

उपचार :

दिल्लीको गुडगाँवस्थित फोर्टिस अस्पतालको न्यूरोलोजी विभागका निर्देशक डा.प्रवीण गुप्ताको निगरानीमा बालिकाको उपचार भइरहेको छ ।

डा.गुप्ताले भने, "हामीसँग आउनुअघि बालिकाको उपचार भइरहेको थियो । उसलाई निकै टाउको दुख्ने र सुन्निने समस्या थियो ।"

सुन्निने समस्या कम गर्नका लागि दिने गरिएको स्टेरोइड्सका कारण बालिकाको तौल ४० किलोबाट बढेर ६० किलो पुग्यो । तौल बढेपछि बालिकालाई झनै गाह्रो भयो । उनी पूर्ण रूपमा स्टेरोइड्समा निर्भर भइन् । त्यसपछि अभिभावकले बालिकालाई डा.गुप्ताकहाँ लगे जहाँ बालिकाको सीटी स्क्यान गरियो ।

औषधि :

डा.गुप्ताले भने, "बालिकालाई मकहाँ ल्याइँदा उनी अचेत थिइन् । सीटी स्क्यान गर्दा उनको मस्तिष्कमा सेता धब्बा देखिए । ती धब्बा अरू केही नभएर नाम्लेका फुल थिए । र, फुलहरू एउटा वा दुइटा नभई सयभन्दा बढी थिए ।"

उनलाई डा. गुप्ताकहाँ लग्ने बेलासम्म नाम्लेका फुलहरूले गर्दा ती बालिकाको मस्तिष्कले पूर्ण रूपमा काम गर्न सकिरहेको थिएन ।

डा.गुप्ता भन्छन्, "सबैभन्दा पहिले हामीले औषधि दिएर बालिकाको मस्तिष्कको सन्तुलन ल्याउने काम गर्‍यौं ।"

हाल ती बालिकाको मस्तिष्कमा रहेका नाम्लेकिराका फुल नष्ट पार्ने औषधि दिइँदैछ । डा.गुप्ताका अनुसार नाम्लेका फुलमा लगातार वृद्धि भइरहन्छ ।

डा.गुप्ताका अनुसार राम्रोसँग नपकाइएका र राम्ररी नपखालिएका तरकारी खाँदा नाम्ले नाम्लेको फुल पेटमा पुग्छ र त्यहाँबाट रगतमार्फत् शरीरका विभिन्न भागमा फैलिन्छ ।

के हो नाम्ले ?

नाम्ले एक प्रकारको परजीवी हो । पोषणका लागि यो अरू जीवमा निर्भर हुन्छ ।

यसका पाँच हजारभन्दा बढी प्रजाति छन् । तिनीहरू एक मिलिमिटरदेखि १५ मिटरसम्म लामो हुन सक्छ ।

यसको जीव खण्ड(खण्डमा बाँडिएको हुन्छ र फित्ताजस्तो देखिन्छ ।

यसको शरीरमा बल्छी जस्तो संरचना हुन्छ जसका सहयोगमा यो आफूले आश्रय लिने जीवको अङ्गसँग टाँसिइरहन्छ ।

शरीरको सतहमा हुने 'क्युटिकल'बाट उसले आफूलाई चाहिने खाद्यपदार्थ सोसेर लिन्छ । आफ्नो शरीरभित्र पाचन प्रक्रिया नहुने भएकोले यसले पचाइसकेको खाद्यपदार्थ मात्रै सोस्ने गर्छ ।

कसरी फैलिन्छ ?

नाम्ले चेप्टो, रिबन जस्तो हुन्छ । शरीरमा प्रवेश गरेपछि यो जुका आन्द्रामा बस्न थाल्छन् ।

तर सधैँ त्यहीँ नबसेर रगतको माध्यमबाट शरीरका अरू अङ्गमा पनि पुग्छ । कहिलेकाहिं आँखा र मस्तिष्कमा पनि पुग्छ ।

एशियाको तुलनामा युरोपेली देशहरूमा यसको खतरा कम हुन्छ । एनएचएसका अनुसार शरीरभित्र नाम्ले हुँदैमा कुनै लक्षण देखिन्छ भन्ने छैन ।

तर शरीरका संवेदनशील अङ्गमा पुगेपछि खतरा हुन्छ । तर यसको उपचार धेरै कठिन हुँदैन ।

दिल्लीस्थित गङ्गाराम अस्पतालका पेट रोग विशेषज्ञ डा.नरेल बंसलका अनुसार नाम्ले जुका प्राणघातक नभए पनि बेवास्ता गरिए खतरनाक हुनसक्छ ।

कारण :

सुङ्गुर अवथा गाईको अधकल्चो मासु र पूरै नपाकेको माछा खाँदा मानिसको शरीरभित्र नाम्ले पुग्नसक्छ ।

खासमा यी जीवमा नाम्लेको लार्भा हुन्छ । यस्तो अवस्थामा राम्रोसँग नपकाएर खाएमा शरीरभित्र नाम्ले पुग्नसक्छ ।

दूषित पानी पिउनाले

काँचो वा अधकल्चो बन्दागोभी र पालुङ्गो खानाले

पानी वा माटोमा उम्रने तरकारी राम्रोसँग नपखालेर खानाले

लक्षण :

सामान्यतया स्पष्ट लक्षण देखिँदैन । तर शरीरभित्र नाम्ले जुका भएपछि दिसामा देखिन सक्छ ।

त्यसबाहेक पेट देख्ने, वान्ता हुने, कमजोरी र झाडापखालाको समस्या देखिन सक्छ ।

शरीरमा नाम्लेको संख्या बढी भएका रिङ्गटा लाग्ने, छाला पहेँलो हुने, हेर्न गाह्रो हुने लगायत समस्या पनि देखिन सक्छ ।

बच्ने उपाय :

शरीरमा नाम्ले परेपछि औषधिले ठिक हुनसक्छ । तर केही सावधानी अपनाउँदा सङ्क्रमणबाट बच्न सकिन्छ ।

राम्ररी नपकाएको कुनै प्रकारको मासु नखाने

राम्ररी नपखालेका फलफूल तथा सागसब्जी नखाने,

खाना खानुअघि साबुन पानीले हात धुने र शौचपछि राम्रोसँग नङ पनि सफा गर्ने

सधैँ सफा पानी पिउने

डा.बंसल भन्छन् नाम्ले प्राणघातक नभए पनि त्यसलाई गम्भीरतापूर्वक लिनुपर्छ । शरीरको जुनसुकै भागमा पुग्नसक्ने भएकोले शरीरको त्यो हिस्सामा पक्षघात पनि हुनसक्छ ।

खाद्य तथा गुण नियन्त्रण विभागको सक्रियता

काठमाडौं माघ १३, खाद्य तथा गुण नियन्त्रण विभागले तरकारी तथा फलफूल र दालजन्य खाद्य वस्तमा उपभोग गर्न उचित मापदण्ड भएनभएको विषयमा आफ्नो कारवाही अगाडि बढाएको जनाएको छ ।

विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले प्रेस नोट जारी गरि उक्त जानकारी दिइएको छ ।

माघ १३ गते पैठारी गरिएको न्यूनस्तरको चना र राजमाको दाल रोक्का गरेको जनाएको छ ।

विज्ञाप्तिमा कशौधन ट्रेडस्, नेपालगञ्जले भारतबाट पैठारीको लागि नेपालगञ्ज भन्सार नाकामा ल्याएको ९,६०० के.जी. चनाको दाल विभाग अन्तर्गतको खाद्य आयत निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, नेपालगञ्जले परीक्षण गर्दा क्षतिग्रस्त दाना तथा कीराले क्षतिपुऱ्याएको दानाको मात्रा मापदण्डमा तोकिए भन्दा बढी पाइएकोले आयत गर्न नमिल्ने भनि नेपालगञ्ज भन्सार कार्यालयलाई प्रतिवेदन पठाइएको छ ।

यसैगरि नेन्शी सप्लायर्स, दाङले भारतबाट पैठारीको लागि नेपालगञ्ज भन्सार नाकामा ल्याएको २३,२८० के.जी.राजमाको दाल विगभागको आयत निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, नेपालगञ्जले परीक्षण गर्दा क्षतिग्रस्त दानाको मात्रा मापदण्डमा तोकिए भन्दा बढी पाइएकाले आयत गर्न नमिल्ने भनि नेपालगञ्ज भन्सार कार्यालयलाई प्रतिवेदन पठाएको व्यहोरा सबैमा जानकारी गरेको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ म परिभाषित खाद्य पदार्थ पैठारी गर्ने सम्पूर्ण खाद्य व्यवसायीहरुले अनिवार्य रुपमा ऐनको दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले पैठारी गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट स्वीकृति लिएर तथा दफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नु अघि विभाग वा विभागले तोकोको कार्यालय प्रवेश अनुमति लिएर मात्र खाद्य पदार्थ पैठारी गर्नु हुन जानकारी गराइन्छ । सो बमोजिम नगरेको पाइएमा ऐन बमोजिम कारवाही हुने व्यहोरा खाद्य पदार्थ पैठारी गर्ने सम्पूण खाद्य व्यवसायीहरुलाई जानकारी गर्ने गरेको विज्ञाप्तिमा जनाएको छ ।

काठमाडौं माघ १५, खाद्य तथा गुण नियन्त्रण विभागले मोवाइल भ्योन फुड ल्याव प्रयोग गरि बल्खु तथा तरकारी बजारमा तरकारी र फलफूलमा जीवनाशक विषादी अवशेषको परीक्षण गरिएको जानकारी दिएको छ ।

विज्ञाप्तिमा उपभोक्ताहरुलाई स्वच्छ र गुणस्तरीय तरकारी फलफुलको उपलब्धताको सुनिस्चितताको लागि खाद्य तथा गुण नियन्त्रण विभागले तरकारी फलफूलनमा विषादीको अवशेष परीक्षण मोवाइल प्रयोगशाला भ्यान प्रयोग गरि स्थलगत रुपमा परीक्षण कार्यलाई निरन्तर रुपमा गर्दै आएको जनाएको छ । यसै सिलसिलामा माघ १५ गते मोवाइल फुड ल्याव भ्याने सञ्चालन गरि बल्खु कृषि तथा तरकारी बजारमा बिक्रीवितरणमा रहेको ताजा तरकारी र फलफूलमा विभागको च्यापिड रेस्पोन्स टिमले स्थलगत रुपमै मोवाईल फुड ल्याव भ्यानबाट आरबीबपीआर विविधबाट जीवनाशक विषादी अवशेषको परीक्षण गरेको छ ।

बल्खु कृषि तथा तरकारी बजारको विभिन्न स्टलहरुमा बिक्रीवितरणमा रहेका गोलभेडा, फूलगोवी, फर्सी, रायो साग, च्याउ, मटरकोसा, भन्टा, गाजर, हरियो सिमी, केरा तथा हरियो र कालो अँगुर लगायत १२ प्रकारको तरकारी फलफूलहरुका २० वटा नमूनाहरुको परीक्षण गरेको छ । उक्त परीक्षणमा न्यूनतम ९ प्रतिशत देखि अधिकतम् २६ प्रतिशतसम्म इन्जाईम इन्हिविशन पाइएको छ ।

आरबीबपीआर मापदण्ड बमोजिम इन्जाईम इन्हिविशन ३५ प्रतिशत भन्दा कम भएकालाई खान योग्य मानिन्छ भने ३५ देखि ४५ प्रतिशत इन्जाईम इन्हिविशन भएकालाई क्वारेन्टाइन होल्ड गरि पुन: परीक्षण र ४५ प्रतिशत भन्दा बढी आएमा अस्विकृत गरि नष्ट गरिने प्रावधान रहेको छ । परीक्षण गरिएका सबै तरकारी फलफूलहरु खान मिल्ने रहेको पाइएको छ ।

उक्त तरकारीहरु भक्तपुर, धादिङ, चितवन, सर्लाही, काठमाडौं, ललितपुर, रामेछाप लगायत विभिन्न ७ जिल्लाहरुबाट ल्याएको थियो । फर्सी, केरा, तथा हरियो र रातो अँगुर भारतबाट आयत गरिएको थियो । स्थलगत परीक्षण कार्यमा व्यवसायीहरु स्वतस्फुर्त रुपमा आ(आफ्नो स्टलमा बिक्री वितरणमा रहेको तरकारी तथा फलफूल परीक्षण कार्य गराउने नमूनाहरु सहज रुपमा उपलब्ध गराउने मद्दत गरेको थियो ।

काठमाडौं उपलत्यका भित्र रहेका विभिन्न तरकारी फलफूल बजारमा आगामी दिनमा नियमित रुपमा मोवाइल फुड ल्याव भ्यान सञ्चालन गरि जीवनाशक विषादीको परीक्षण कार्य गर्ने तथा आवश्यक कारवाही गर्ने व्यहोरा सबैमा जानकारी लागि अनुरोध छ ।

काठमाडौं माघ २४, धादिङ र चितवन लगायतका ठाउँहरुमो विभिन्न वस्तुहरुमा अनुमगन गरि आवश्यक कारवाही गरेको जनाएको छ ।

खाद्य तथा गुण नियन्त्रण विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत सुमन धिताल विभागको तर्फबाट विज्ञाप्ति प्रकाशित गरि मिति २०८१ माघ २४ गते विभागले एक प्रेस विज्ञाप्ति जारी गरि काठमाडौं-हङकङ उडानको (क्याथी प्यासीफिक एयरलाइन्स्को यात्रुहरुलाई खाद्य विषाक्तता भएको सम्बन्धमा छानविन कार्यदलको प्रतिवेदन सम्वन्धमा । खाद्य स्वच्छता नियामक निकायहरुको अन्तर्राष्ट्रिय सञ्जाल अन्तर्राष्ट्रिय खाद्य सुरक्षा प्राधिकरण सञ्जाल इन्फोसानको आकस्मिक सम्पर्क पोइन्टको रुपमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक संजीव कुमार कर्ण रहनु भएको विदितै छ ।

किसान संघर्ष समिति र महासंघको प्रेस वक्तव्य

काठमाडौं माघ १९ गते प्रेस विज्ञाप्ति प्रकाशित गरि स्वर्गद्वारी गुठीको जग्गा जोतभोग गरिरहेको संघर्षरत किसानको माग प्रति सरकारलाई पूरा गर्न आग्रह गरेको छ ।

विज्ञाप्तिमा अखिल हार्दिक क्रान्तिकारी केन्द्रका अध्यक्ष चित्रबहादुर श्रेष्ठ, अखिल नेपाल किसान महासंघका कार्यवाहक अध्यक्ष बलदेव चौधरी, अखिल नेपाल किसान महासंघ अप्फाका अध्यक्ष

भैरवराज रेग्मी, अखिल नेपाल किसान महासंघ क्रान्तिकारी नेपालका अध्यक्ष सीताराम तामाङ, अखिल अखिल नेपाल

किसान युनियनका इन्चार्ज लोकनारायण सुवेदी, अखिल नेपाल प्रगतिशील किसान संघका अध्यक्ष दुर्गा प्रसाद जैसीले संयुक्त रुपमा विज्ञाप्ति प्रकाशित गरि दशकौंदेखि स्वर्गद्वारी आश्रम (गुठी)को जग्गा जोतभोग गर्दै आएका मोही किसानहरूले मोहीयानी हक प्राप्तिका लागि बारम्बार अन्दोलन गर्दा पनि अहिलेसम्म मोहीयानी हक प्राप्त गर्न नसकेको कुराप्रति हामी नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेकपा (मसाल), क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी र नेकपा (माले) निकट ६ किसान संगठनहरूको गम्भीर ध्यानाकर्षण भएको छ । आफ्नो जोतभोग रहेको जमिनको लालपुर्जा पाउनुपर्ने मोही किसानहरूको जीवन मरणको समस्यामा निरन्तरको सरकारी उपेक्षा, उदासीनता र गैरजिम्मेवार व्यवहारको हामी घोर विरोध गर्दछौं ।

बिचौलिया र भूमाफियाको स्वार्थ अनुकूल भूमि सम्बन्धी अध्यादेश ल्याएको ओली सरकारले गुठी र मोही किसानहरूको यस्तो गम्भीर समस्या समाधान गर्न अध्यादेशमा कुनै व्यवस्था गरेको छैन । बरू अध्यादेशबाट गरिब, कृषि प्रयोजन र ग्रामीण क्षेत्रका किसान विरूद्ध चर्को राजस्व उठाउने र मध्यवर्ती क्षेत्रका किसानलाई भूमि अधिकारबाट बञ्चित गर्ने षड्यन्त्र गरेको छ । आफ्नो मोहीयानी हक स्थापनार्थ लगातार संघर्ष गर्दै आएका दाङ जिल्लाका मोही किसानहरूसँग नेपाल सरकारले विगतमा दुई बुँदे सहमति गरेकोमा त्यस सम्बन्धमा कुनै पहल नगरेको र अल्मल्याउने मात्र काम गरेर कुनै सुनुवाइ नभएपछि अहिले दाङका मोही किसानका प्रतिनिधिहरू मोहीयानी हक प्राप्त गर्न, त्यसको सुरक्षा र सुनिश्चितताका लागि महिला तथा बालबच्चाहरूसमेत काठमाडौं केन्द्रित आन्दोलनका विविध कार्यक्रमहरूसहित माइतीघर मण्डलामा दिनदिनै थाल ठटाएर आफ्नो जायज माग पूरा गराउन आन्दोलनरत भएको हप्तौं दिन बितिसक्दा पनि सरकारले वार्ता र छलफलमा समेत कुनै चासो देखाएको छैन । यसबाट ओली सरकार भूमिहीन दलित, सुकुम्वासी, अव्यवस्थित बसोवासी र मोही तथा गुठी पीडित किसानहरूको पक्षमा नभएको कुरा पुष्टि भएको छ ।

हामी ६ किसान संगठनहरू ओली सरकारको यो गैरजिम्मेवारपूर्ण हर्कतको घोर निन्दा तथा भर्त्सना गर्दै कुनै आलटाल र ढिलासुस्ती नगरी स्वर्गद्वारी गुठीपीडित वास्तविक मोही किसानहरूलाई मोहीयानी हक प्रदान गर्न, त्यसको सुरक्षा र सुनिश्चितताका लागि कानुनी प्रबन्ध गरी जग्गाको स्वामित्व प्रदान गर्न र देशभरका गुठी पीडित, मोही, भूमिहीन दलित, सुकुम्वासी, अव्यवस्थित बसोवासी, स्वबासी, बेनिस्सा, गाउँब्लक, दर्ता छुट लगायतका किसानहरूको समस्या समाधान गर्न संयुक्त किसान संघर्ष समिति नेपालको तर्फबाट जोडदार माग गर्दछौं । साथै, हामी ६ किसान संगठनले नेपाल सरकार र राजनीतिक दलहरूसमक्ष मोही किसानका हक, हित र अधिकारसहित ६५ बुँदे माग प्रस्तुत गरेको स्मरण गराउँदै ती मागहरू यथाशीघ्र पूरा नगरिएमा नेपाली किसानहरूका ती जायज मागहरू पूरा गराउन सशक्त किसान आन्दोलन उठाउन बाध्य हुने कुरा पनि यही प्रेस वक्तव्यमार्फत जोडदाररूपमा दोहोऱ्याउन चाहन्छौं ।

अखिल नेपाल किसान महासंघका अध्यक्ष **डा.प्रेमप्रसाद दंगाल**ले एक विज्ञाप्ति प्रकाशित गरि स्वर्ग किसानहरुको मागलाई सम्बोधन गर्न आग्रह गरेको छ ।

विज्ञाप्तिमा भनिएको छ । स्वर्गद्वारी गुठी पीडित मोही किसान संघर्ष समितिले हाल काठमाडौं केन्द्रीत धर्ना कार्यक्रम आयोजना गरी आफ्ना मागहरुप्रति सरकार तथा सर्वसाधारणको

ध्यानाकर्षण गराइरहेको छ । गुठी पीडित किसानका मागरुप्रति अखिल नेपाल किसान महासंघ ऐक्यबद्धता जनाउँदै उक्त मागहरु अविलम्ब पूरा गर्न नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँछ ।

पुस्तौंपुस्तादेखि स्वर्गद्वारी गुठीका मोही किसानहरुले जोतभोग गर्दै आएको जमिनमा उनीहरुले जग्गाधनी पूर्जा नपाई स्वामित्व कायम नभएका कारण एकातिर घरव्यवहार चलाउन कठिन बनेको छ भने अर्कातिर कृषि पेशाको उत्थानको लागि बैंक तथा वित्तिय संस्थाबाट कर्जा प्राप्त गर्न नसक्ने अवस्था छ । नेपालको संविधान २०७२ ले गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवं गुठीको अधिकारको सम्बन्धमा संघीय संसदले आवश्यक कानून बनाउनेछ भन्ने व्यवस्था हुँदाहुँदै पनि आवश्यक ऐन कानून बनाएर मोही किसानका समस्या समाधान गर्न जिम्मेवार निकाय हालसम्म पनि अग्रसर नहुनु दुःखको विषय हो । त्यसैले अहिले मूलतः दाङ जिल्लाबाट काठमाडौं आएर आफ्नो अधिकारका लागि आन्दोलनरत किसानसँग नेपाल सरकारले वार्ता गरी समस्याको समाधान गर्न अखिल नेपाल किसान महासंघ जोडदार माग गर्दछ ।

जलवायू परिवर्तन न्यूनिकरण र जैविक विविधता संरक्षणमा वनको महत्वपूर्ण योगदान : ठकुरी

धनबहादुर मगर

काठमाडौं फागुन ६, फेब्रुअरी १८, रेड परियोजना तथा राष्ट्र संघीय कृषि संगठन संयुक्त आयोजनामा वन क्षेत्रमा कार्वन उत्सर्जन र कार्वन व्यापारबाट समुदायको लाभ, भविष्यमा त्यसको उपलब्धी र बाटो सम्वाद कार्यक्रम वन तथा वातावरण मन्त्री ऐन बहादुर शाही ठकुरीको प्रमुख अतिथ्यमा सम्पन्न भएको छ ।

उक्त कार्यक्रमका प्रमुख अतिथि वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले सन् २००९ देखि रेड परियोजनाले नियमित रुपमा काम गर्दै आएको बताए । लक्ष्यसम्म पुग्न अन्तिम तयारी गरिरहेका छौं ठकुरीले भने । सहकार्य, समन्वय, साझा चुनौतीहरु मिलेर पार गर्ने आशा र विश्वास लिएको छु । वन क्षेत्रको योगदान जलवायू परिवर्तन न्यूनिकरणमा मात्र नभई जैविक विविधता संरक्षण गर्नमा पनि ठूलो योगदान छ । मलाई आशा र विश्वास छ दिगो वन विकास संरक्षण, प्रगति उन्मूख छ । समुदायको उन्नति र प्रगतिको लक्ष्य हासिल गर्न सक्ने छ ।

साथै आदिवासी जनजाति, दलित समुदाय, पछि पारिएका समुदायको पहुँचयोग्य सर्वस्विकार्ययुक्त योजना नीति तथा कार्यक्रम बन्नु पर्ने धारणा व्यक्त गर्नु भएको छ ।

वन तथा वातावरण मन्त्रालयका माननीय राज्यमन्त्री रुपा विश्वकर्माले वहसले समुदायको सहभागीता र समावेशीकरणलाई प्रभावकारी बनाउने सिद्धान्तलाई पछ्याउनु पर्ने कुरामा जोड दिएको छ । नेपालको जलवायू परिवर्तन न्यूनिकरणमा वनले प्रभावकारी भूमिको निभाएको छ । जलवायू ऐन संकट होइन । जलवायू परिवर्तनमा नेपालको भूमिका छैन । रेड परियोजनाले गरेको कार्यबाट कार्वन व्यापारका लागि सहजता बनाएको छ । आउँदो दिनमा पनि रेड परियोजनाले महत्वपूर्ण भुमिका निभाउन सक्छ ।

विशेषगरि विकास साझेदारी संस्थाहरुसँग सहकार्य बढाउने कुरामा जोडदिऊँ । वनमा समुदायको भूमिका महत्वपूर्ण रहेको छ । वजले कार्वन व्यापारको क्षेत्रमा भूमिको खेलेको बताउँदै जलवायू परिवर्तन न्यूनिकरण गर्न अहंम भूमिका निभाएको छ । शुन्य भूमिकाको रुपमा वुलन्द गर्ने समुदायको साथ महत्वपूर्ण छ ।

संयुक्त राष्ट्र संघ कृषि खाद्य संगठनका प्रतिनिधि केमिजो सिमिचोले कृषि संगठन नितान्त प्राविधिक भएकाले रेड परियोजनाका लागि निर्देशिकाको रुपमा जोखिम न्यूनिकरण कम गर्न प्राविधिक सहयोग सहजीकरणको लागि तयार रहेको बताए । रेड परियोजना महत्वपूर्ण चरणमा पुगेको बताउँदै महत्वकांक्षी परियोजना भएकोले सँगै मिलेर काम गर्न आकांक्षित रहेको पनि बताए । यो धेरै महत्वपूर्ण अवसर हो ।

जलवायू उत्सर्जन न्यानिकरणमा ठूलो योगदान छ । यो प्रोटोकल धेरै महत्वपूर्ण पक्ष भएकोले नेपालले लाभ लिन सक्ने बताए । साथै सिमिचोले निष्पक्ष, स्वतन्त्र, सहकार्य र मध्यस्तकर्ताको रुपमा रहने बताए ।

आदिवासी जनजाति महासंघ संघीय परिषद्का कोषाध्यक्ष बुद्ध घर्तीले वन ऐनको आदिवासी जनजातिको वास्तविकता पहिचान गर्न नसकेको बताएको छ ।

रेड परियोजना पैसामा आधारित छ । पैसासँग नजोड्नु होला । वन, वनसँग पनि नजोड्नु होला । परापूर्वकालदेखिको सांस्कृतिक मूल्य मान्यतालाई बिर्सनु नहुने बताउँदै आदिवासी जनजातिहरुको परापूर्वकालदेखिको ज्ञान, शिप र अभ्यासलाई अझ बलियो बनाउदै लानु पर्नेमा कमजोर बनाउँदै लगेको विचार व्यक्त गरेका छन् ।

वहस, वहसका लागि र छलफल, छललफलको लागि मात्र होइन । समुदायको सवालँग सम्बन्ध राखेको बताए ।

हामी आदिवासी जनजातिहरु सरोकारवाला निकायलाई पुनः स्मरण गराउन चाहान्छु । लिफ परियोजना लाभको कुरा उठेको छ । उनीहरुले नेपालमा सञ्चालित बिभिन्न परियोजनाका कारण आफ्नो थात थलो गुमाउनु परेको छ । उनीहरुको संस्कृति र उनीहरुको निवास गुमाउनु उनीहरुको ज्ञान गुमाउनु परेको छ । धेरै कार्यक्रमबाट सरकारले आदिवासी जनजाति, दलित समुदाय, पछि पारिएका वर्ग समुदायलाई वाध्य बनाउने गरेको बताउँदै र उनीहरुको पुस्तौंको गहिरो सम्बन्धलाई सुनिस्चतता गराएपछि मात्र कार्यक्रम कायन्वयन गर्नु पर्ने कुरामा जोडदिएको छ ।

म लुम्बिनी प्रदेशबाट आएको छु । सुझाव दिँदै भने वास्तविक समुदायले कस्तो लाभ लिने ?,

जनजाति समुदायसँग पूर्व जानकारी लिएको छ भन्ने कुरामा म सहमत छैन । कसरी कार्यन्वयन गर्ने र कसरी बनाउने ? म अधिकारिक संस्थाको प्रतिनिधी मलाई नै थाहा छैन । पूर्व सुचना विना कसरी वहस हुन्छ ।

सामुदायिक वन उपभोक्ता महासंघका उपाध्यक्ष बिर्खबहादुर शाहीले हामीमाथि जलवायू परिवर्तनको विष खुवाइरहेको आरोप लागेको छैन । १६ वर्ष देखि हामी वनको विकासमा निरन्तर लागिरहेका छौं । स्थानीय तहमा समुदायिक वनको व्यवस्थापन गर्न गईरहेका छौं । वन व्यवस्थापनलाई दह्रो ढंगलेमा पछ्याइरहेका छौं । कैयौं पटक हामीले बढीभन्दा बढी योजना बनाइरहेका छौं । सन् २०२४ मै यसलाई अन्तिम रुप दिएका थियौं । आजसम्म पनि पुग्न सकेनौं । वन मन्त्रालयले यसको नेतृत्व गर्नु पर्छ ।

हामी सहभागीता भएको टीआरडी प्रतिवेदन बनाई रहेका छौं । धेरै सचेत साथ बनाउनु पर्छ ।

सरकार जलवायू उत्सर्जन घटाउन चाहान्छ भने हामी सहयोग गर्न तयार छौं । तर वनले हामीलाई धेरै कठिनाई बनाएको अवस्था छ, उपाध्यक्ष शाहीले भने ।

वन परिसरका महानिर्देशक महेश्वर ढकालले रेड परियोजना पूर्ण रुपमा कार्यन्वयन आउन नसकेको अवस्थामा बढीरहेको खर्च घटाउनु पर्ने बताए ।

ढकालले सरकारको वन विकास मुख्य लक्ष्य रहेका बताउँदै, रेड परियोजना कार्यक्रम सञ्चालन खर्च बढीरहेको बताउँदै, कार्यक्रम लागु भए खर्च घटाउने सहयोगी भुमिका निभाउने बताएको छ । आउने कार्यक्रमहरुबाट हामीलाई फाइदा हुने छ । यसबाट तिनगुणा लाभ पाउने विस्वास लिएको छु ।

वनले जलवायू न्यूनिकरणमा मात्र नभई जैविक विविधताको क्षेत्रमा महत्वपूर्ण योगदान गरेको बताए । जैविक विविधताको संरक्षणमा भुमिका खेलेको छ । वन क्षेत्रको कार्वन व्यापार यदि कार्यन्वयनयोग्य भएको अवस्थामा उपलब्धी हासिल गर्न धेरै टाढा पुग्नु नपर्ने बताए ।

१५ हजार मेगावाट विद्युत उत्पादन गरि ग्रामीण क्षेत्रलाई विद्युतीकरणको माध्यमबाट प्रदुर्शन घटाउनु पर्छ ।

ज्ञान उत्पादन, स्रोतको उपलब्धता, राष्ट्रिय विकास र विस्तारमा वातावरणीय क्षेत्रको सुधार नीति तथा कार्यक्रमले सरकारलाई प्रभावकारी सहयोग पुग्ने विस्वास गरेको छु । संघीय भूमिका निर्वाह गर्नमा यसमा अन्तर सरकारी सहयोगको समीक्षा हुनु पर्छ ।

यातायातको क्षेत्रमा मेगा शहरको विकासले थप उत्साहित बनाएको छ । सार्वजनिक यातायातको क्षेत्रमा विद्युतीकरण तर्फ उन्मूख छ । फोहोरबाट उर्जा र मल उत्पादन गर्न सहयोग पुग्ने देखिन्छ । वनमा समुदायको लगानी, राष्ट्रिय अन्तराष्ट्रिय साझेदारी, सहकार्यका विषयमा पञ्च वर्षीय योजना भित्र फराकिलो ढंगले छलफल गर्न जरुरी छ ।

वनबाट, वन पैदावर, गैर(वनबाट, गैर(वनपैदावरले महत्वपुर्ण भूमिका खेल्न सक्छ । र यसबाट लामो समयसम्म लाभ लिनसक्छ । अर्को वानस्पतिक बिउविजन उत्पादित बोटविरुवाबाट लाभ लिनसक्छ । वैशिक जलवायू परिवर्तनले जैविक विविधताको ह्रास बढ्दै गएको छ । नेपालको राष्ट्रिय विकास नीतिले जलवायू वित्तको महशुस गराएको छ । ३३ मिलियन डलर आवश्यकता पर्छ भनेर हामीले भनिरहेका छौं ।

हामीले जलवायू वित्त कसरी ल्याउने सक्छौं ? जलवायू वित्त प्रस्तुतीको आधारमा पाउने हो । लामो समय पनि लाग्न सक्छ । कार्वन व्यापारमा धेरै विज्ञ हामीसँग छैनन् । एकअर्काको सहयोगमा कार्वन व्यापार कसरी गर्न सकिन्छ । वनको कानुन धेरै कडा छ । अन्तर्राष्ट्रिय कानुनको ट्रेण्ड कति सहज तथा कति लचिलो छ । त्यसतर्फ.पनि ध्यान जानु पर्छ । हामी अहिले वनको ऐन, कानून बनाउने र परिमार्जन गर्ने कार्य गरिरहेका छौं । कार्वन व्यापारका लागि ऐन, कानुनको असहजताका कारण अन्य देशमा जानसक्छ । जस्तैः इण्डोनेशिया, फिलिपिन्स् । दिगो विकास वन व्यवस्थापनमा जोडदिनु पर्छ ।

वन विभागका महानिर्देशक राजेन्द्र केसीले आफ्नो प्रस्तुतीमा नेपालको वन क्षेत्र ४६.०८ प्रतिशत पुगेको बताए । एफआरटिसीको कार्यक्षेत्र राष्ट्रिय वन अन्वेषणमा १९६३ को हाराहारीमा पुगेको छ ।

राष्ट्रिय वन अन्वेषण अनुसार सन् २०२२ मा ४६.०६ प्रतिशत मात्र थियो । तुलनात्मक रुपमा १९६३ को तुलना गर्दा १९६९ को काठको वृद्धि बराबर पुगेको छ ।

मूल्य परिवर्तन गर्दा २०१९-२०२२, भित्र ३ वर्षको अवधिमा ०.३ प्रतिशत क्षेत्रफल विस्तार भएको देखिन्छ ।

वन विनाश घटाउन सफल भएको छ । विभिन्न अतिक्रमणका कारण विनाश अझै रोक्न सकेको छैन । केसीले भने सरकार चुरेको वन विस्तार गर्ने तयारीमा लागेको प्रस्तुतीमा उल्लेख गरेको छ ।

वन विनाश के हो ?

वन विनाश हुनुको कारण अध्ययन गर्न सक्छौं । जलवायू वित्त प्रस्तुतीको आधार ल्याउने हो भने वनबाट कार्वन लिनुपर्छ । नेपाल सरकारले ग्रिड पूरा गर्नु जरुरी छ । एकलाख हेक्टर वन अझै पनि अतिक्रमणमा परेको छ ।

संयुक्त राष्ट्र संघ जलवायू वित्त कार्यक्रम प्रतिनिधि कार्वन वित्तका प्रमुख अकिनोले आफ्नो कार्यपत्र प्रस्तुत निम्न अनुसारका मापदण्ड र प्रश्नहरु पूरा गर्नुपर्ने विषयमा जोडदिएको छ ।

१ नम्बरको प्रश्नमा एकदेशबाट अर्को देशमा आप्रवासन भइरहेको अवस्था बताउँदै, विश्वव्यापी आप्रवासनको ट्रेण्ड बढेको छ । नेपालले जलवायू अनुकुलन सन्धी यूएनएफसीसीसी पेरिस सम्झौतामा हस्ताक्षर गरेको छ ।

राष्ट्रिय विकास रणनीति (एनडीसी) अनुसार वनको कार्वन उत्सर्जनमा रेड प्लस २०२९ सम्म कार्वन वित्त लागु हुने जनाएका थिए ।

प्रश्न नं २ रेड आरवीपिएसआरभी परियोजना मध्ये स्वयम्सेवी कार्वन बजारको अवसर भएको बताए ।

पीएजी(२, अन्तर्राष्ट्रिय बजारमा कारोवार गर्न रेडले लाभ लिन पीएजीको आवश्यकता रहेको बताए ।

तर फोहोर व्यवस्थापनमा नेपालले बिर्सेको उल्लेख गरेको छ ।

राष्टू संघ कार्वन वित्त प्रतिनिधि अकिनोले दोस्रो चरणको प्रश्नमा तपाई रेड प्लसको विद्यार्थी । तपाईले रणीनतिक समीक्षा गर्नु भयो । अर्को १० वर्षे रणनीतिक समीक्षा सरकारलाई पठाउँनु हुन्छ, त्यतिखेर भिन्नता कसरी पाउनहुन्छ ?

नेपालमा संघीयता कार्यन्वयनमा आएपछि पहिलो वन ऐन बनाएको छ । राष्ट्रिय खाद्य नीति, संरचनात्मक रुप, र राष्ट्रिय परिवेशमा कसरी जान सक्छ ?

अन्तर्राष्ट्रिय परिवेशमा कोप २९ प्रकृति, विपत्ती प्रस्ताव, बजारीकरणको प्रस्ताव आएको छ ।

प्रश्न नं ३ नेपालको कार्वन उत्सर्जन कम गर्न वन क्षेत्रले प्रभावकारी काम गरेको छ ।

(कार्यपत्र प्रस्तुती ह्रास हटाउनु पर्ने, एचएफएलडी वनको घनत्व विस्तार हुने पर्ने, वनको विनाश हुनबाट रोक्नु पर्ने ।

प्रश्न नं. ४ मा विविधता, परिपक्वत्वको आधार समाधान खोज्ने उल्लेख छ ।

उच्च मूल्य, एकीकृत मूल्य, अनुगमन तथा उच्च सुरक्षा, असल शासन, क्षमता अभिवृद्धि, स्तरीय योजना, एफसीपीभीए टिआरईईएसएनजीएफ, आरबीपीएस आदि मापदण्ड पूरा गर्नु पर्ने उल्लेख छ ।

अर्को टीएफएफएफमा ४ हेक्टरको मापदण्ड तोकिएको छ ।

अर्को अवसर आईपीइएससँग पनि समन्वय गर्नु पर्छ ।

प्रति वर्ष १५० मिलियन डलर जलवायू वित्त नेपालको लागि ठूलो अवसर हो । नेपालको लागि

जलवायू परिवर्तनले ठूलो अर्थ राख्छ ।

वहस कार्यक्रममा रेड कार्यन्वयनका प्रमुख

नवराज पुडासैनीले रेड परियोजना सन् २००९ देखि कार्यन्वयनमा रहेको बताए । पुडासैनीले रेड परियोजना कोशी र कर्णालीमा प्रदेशमा पनि कार्यन्वयन गर्न गइरहेकोले विषयमा रणनीति योजनाको तयारीमा लागेको बताए ।

जलवायू परिवर्तनको सन्दर्भमा तिनगुणा लाभ लिन परियोजनालाई दिगो र प्रभावकारी बनाउनु पर्ने विषयमा जोडदिएको छ ।

वन क्षेत्रका ५ तत्वहरु मध्ये राष्ट्रिय रणनीतिले ठूलो भूमिका खेल्छ । सन् २०२२ देखि २०२८ सम्म वनको अनुगमन प्रणाली, वस्तुगत ढंगले अगाडि बढेको छ ।

वनलाई हरित ग्याँसको उत्सर्जन घटाउने इआरपीडी प्रतिवेदन आरआरटी सूचना सूचीकरण प्रणालीको विकास गर्दै लगेको छ ।

संयुक्त राष्ट्र संघको सहयोग र सहकार्यमा नेपाल जस्तो विकासोन्मुख ६७ देशहरुमा कार्यन्वयन भएको बताए । आरइडीडी रेड परियोजना कसरी परिणाममूखी बनाउने र तराईका १३ जिल्लामा कार्यन्वयन गर्नको लागि विश्व बैंकसँग सम्झौता गरेको छ । परियोजना कार्यक्रम प्रदेश सरकार, स्थानीय सरकारको तहसम्म पहिचान भइसकेको छ । वन ऐन २०१९ ले निर्देशित गरेको नीति, कार्यक्रम तथा योजना, पञ्च वर्षीय योजनामा कार्वन व्यापार परेको छ । मन्त्रायलस्तरबाट कार्यन्वयन गरिने छ ।

रेड परियोजनामा आदिवासी जनजाति, दलित, पछाडि पारेका समुदायको सहभागीता र समावेशीता सुनिस्चित गर्ने मञ्च बनाउने छ । धेरै महत्वपूर्ण कामहरु गरिसकेको अवस्था छ । जिल्लास्तरमा वनमा रेड कार्यन्वयनको तयारी भइरहेको छ । हरित कार्वन कोषको सहयोगमा रेड कार्यन्वयन कार्यक्रम गर्ने छ । यो कार्यक्रम तराईका १३ जिल्लामा कार्यन्वयन गरिने छ । संघ, प्रदेश र स्थानीय तहको तिनै तहमा कार्यन्वयनमा जाने प्रस्ताव गरेको छु ।

वन विनाश र वनको उजाडीकरण, वनमा डढेलो, सडक विस्तार, विभिन्नका प्रजातिका आयतित् वनस्पतिको अतिक्रमण, चरीचरण र वन क्षेत्र अतिक्रमणमा परेको छ । रेड परियोजनामा ३० मेट्रीक टन कार्वन व्यापार गर्नु २२(२६ करोड डलर कार्वन व्यापार गर्न एससीपी ६ मिलियन डलरको लक्ष्य राखेको छ । रेड परियोजनाको क्षेत्र तराईको १३ जिल्लाको तथ्याङ्क अनुसार १५ करोड जिगाहर्ज फीट काठको उत्पादन भएको छ । १३९४ सामुदायिक वन उपभोक्ता समिति सहभागी छ । ५ हजार हेक्टर वनको व्यवस्थापन, चरण, बफर जोनबाट ५४ हेक्टर क्षेत्रमा सामुदायिक वनको पहिचान भएको छ ।

आदिवासी जनजातिको अधिकार, लिफ कार्यक्रम अन्तर्गत एइपीसी वैकलल्पिक उर्जा प्रवर्द्धन केन्द्र, वन विकासको व्यवस्थापन सम्बन्धी कानुन तयारी भएको छ ।

संघीयस्तरमा पूर्व सूचना विषयक कार्यक्रम तत्काल गर्नु पर्ने बाँकी रहेको छ । सन् २०२६ को डिसेम्वर भित्र यसलाई कार्यरुपदिनु पर्छ । २०२७ सम्म यसलाई पूर्णता दिने योजना रहेको छ । नीतिगत कार्यक्रमको प्रमुख उपलब्धीको रुपमा लिफ परियोजना प्रभावकारी भएको छ । यस कार्यक्रमका लागि थारु समुदायसँग छलफल भइरहेको छ ।

तीनै तहमा कार्यप्रगति बारे सम्बन्धित सरोकारवालाहरुसँग छलफल भएको विषय पहिलेनै प्रकाशित भईसकेको छ ।

एफपीक निर्देशिका अनुसार यूएन रेडसँग कार्यतालिका बनेको छ । १३ जिल्लामा सीमित रहेको कार्यक्रम ३६ जिल्लामा पुऱ्याउने योजना छ । भविष्यमा रेड कार्यक्रम कार्यन्वयनका लागि देशव्यापी जाने योजना छ ।

प्यानल छलफल :

रेड परियोजनाका सूचना अधिकारी डा.मोहन पौडेलको संयोजनमा सञ्चालन भएको प्यानल छलफल कार्यक्रममा प्यानलिष्ट निम्न अनुसारका प्रश्न सोधेका थिए । उक्त प्रश्नहरु वन, कृषि, जलवायू परिवर्तन, समुदायसँग प्रत्यक्ष सरोकार राख्ने विषय थिए । प्रश्नमा समुदायको लाभ, के हुन् भनेर मेन्टिमिटरमा समावेश गरेका पश्नहरु गरेका थिए ।

उक्त प्यानल छलफलमा विज्ञहरु, डा.शिव खनाल, सुधा खड्का, डा.एक राना, युगान मानन्धर, अकिनो लगायत सहभागी थिए । कार्वन व्यापार, हरित ग्याँस उत्सर्जन र जलवायू परिवर्तनका बारेमा पनि उनीहरुले फरक-फरक विचारहरु राखेका थिए ।

कार्वन विज्ञ डा.शिव खनाललाई वन क्षेत्रको कार्वन उत्सर्जन र कार्वन व्यापार, पूर्व सूचित (एफपीक) कार्यन्वयन गर्ने सम्बन्धमा प्रथाजनित कानुन, सांस्कृतिक सम्बन्ध राख्छ ?

भन्ने प्रश्नमा वनको अनुगमन, राष्ट्रिय विकास नीति परिवर्तन, राष्ट्रिय नीति तथा कार्यक्रम कार्यन्वयन, अबको अवस्था, राष्ट्रिय जलवायू परिवर्तन र अन्तराष्ट्रिय तहमा कार्वन व्यापार गर्न क्षमता छ कि छैन भन्ने गुणात्मक रुपमा आशा गरेका छौं । हामी सरोकारवालाहरुसँग अगाडि बढ्न सक्छौं कि सक्दैनौं भन्ने प्रश्नहरु उठेका थिए ।

प्रश्नको जवाफमा खनालले वनको विकासमा ठूलो उपलब्धिका रुपमा लिएको र वनमा काम गर्ने सरोकारवालाहरु सचेत रहेको बताए । प्राकृतिक स्रोतको अन्तरसम्बन्धलाई नमूनाको रुपमा रुपमा लिएको छु उनले भने ।

नायकको रुपमा केन्द्रीत भएर लिफ परियोजना कार्यक्रम तयारीका लागि काम भईरहेको छ ।

एफफिक विज्ञ, सुधा खड्कालाई लिफ परियोजना मार्फत सरोकारवालाहरु आदिवासी जनजाति, महिला, दलित पछाडि पारेका समुदायको बारेमा के सोच्नु भएको भन्ने प्रश्न गरेका थिए ?

खड्काले पुर्व सूचना कार्यक्रमको रुपमा कार्यन्वयनमा गएको छ । समुदायको पश्न चाहीँ नितान्त प्राविधिक भएको छ । यो कार्यक्रम प्रभावकारी रुपमा अगाडि बढेको छ । यसलाई बीएसपी योजनामार्फत जवाफ दिनुपर्छ ।

हामी लाभको कुरा मात्र गरिरेहेको छैनौं । योजना लान सकिन्छ । लाभको प्रश्नहरूमा मात्र गरिरहको छैनौं । सँधै उत्पादन सँग जोडर आयआर्जनको कुरामा पनि जोडदिएका छौं । स्थानीय सरकार कतिको लचकदार र सहज हुन्छ भन्ने कुरा पनि हो ।

हामीले रेड परियोजनाको पूर्व सूचित कार्यक्रम ३६ जिल्लामा केन्द्रीत गऱ्यौं । पूर्व सूचित संयन्त्रका केही माग छैन । कार्वन बजार व्यापार संयन्त्रका कुरा हुन ।

लिफ परियोजनाले १० डलर अर्थात सबैभन्दा उचित मूल्यको आव्हान गरेको छ । क्षमता अभिवृद्धिको क्षेत्रमा कसरी पहिचान गर्ने । वन हस्तान्तरण, रेड परियोजनाबाट सिक्न आवश्यक छ । रेड प्लस कार्वन व्यापारको एउटा माध्यम हो । वन क्षेत्र प्राविधिक दृष्टिकोणले परिवर्तन भएको पाउँछौं । सामुदायिक संस्थाहरुले यसको विकास गरिरहेको छ ।

कार्वन विज्ञ डा.एक रानालाई दिगो वन व्यवस्थापनमा वन कार्वनको गुणात्मक आधारमा बीटीआर कसरी निर्माण गर्ने सक्छौं भन्ने तर्फ पनि प्रश्न गरेका थिए ।

जलवायू तथा कार्वन विज्ञ, युगान मानन्धरले रेड कार्यन्वयन गर्ने तरिकाहरु देखिरहेको

छु ।
हामीले अन्तर्राष्ट्रिय दात वा असल दाता कोसँग जान चाहेका छौं भन्ने कुरा स्पष्ट हुनु पर्छ । पेरिस सम्झौता अनुसार नेपालले भोलुन्टरी कार्वन बजार शर्तहरु मान्छु भनेर हस्ताक्षर गरेका छन् । कार्वन उत्सर्जन निराकरणमा सही गरेका छौं । कार्वन व्यापारको लागि कुनै देश आउनु पर्छ भन्ने वाह्यता छैन ।
अर्को दाता राष्ट्र, नर्वे रहेको छ । पूर्वसुचित प्रक्रियामा छलफल गर्न एकदमै आवश्यक छ । अन्य २०-२५ कार्वन व्यापार साझेदारीको कार्वन व्यापार गर्न हस्ताक्षर गरेको छ ।
अन्तर्राष्ट्रिय स्तरमा मूल्याङ्कन र मध्यस्थता गर्न संयुक्त अधिराज्य पनि तयार रहेको देखिन्छ ।
राष्ट्र संघीय कार्वन वित्त कार्यक्रम प्रमुख अकिनोले कार्वन बजारमा पहुँच बनाउन १०-४० को ग्रीडमा पूरा गर्नु पर्ने मापदण्ड रहेको छ । नेपालमा कार्वन व्यापारमाथि कतिको सम्भव छ ?
रेड परियोजनाले कार्वन व्यापार सफल पार्न वन क्षेत्रमा के कुरा वाधक छन् भन्ने प्रश्न गरेका थिए । कार्वन व्यापारमा सहभागीता हुँदा विश्वलाई के फाइदा छ याख्या गर्नु होस ?
अहिलेको अवस्थामा यूएन रेडले २०२६ देखि ३० सम्मको रणनीति, सहयोग र सहकार्यमा नेपालको आवश्यकता पर्छ कि पर्दैन ? उन्नत वन कार्वनको मापन विधि कसरी मापन गर्ने जस्ता कुराहरु प्रश्नको रुपमा उठाएका थिए । वनको कार्यक्रम प्रभावकारी बनाउन यूएन रेड २०२६ देखि ३० सम्मको रणनीतिक सहाकार्यमा सहयोगको आवश्यकता पर्छ ।
काठमाडौ जिल्ला वन कार्यालयका वन अधिकृत पुष्पराज बर्तौलाले रेड परियोजना २००९ देखि शुरु भएकोमा सन् २०२५ सम्म आइपुग्दा पनि आजसम्म पनि केही भएको छैन । गुणस्तरीय वन व्यवस्थापनको खाँचो छ । ८ हजार हेक्टर वन क्षेत्र अतिक्रमण परेको छ । पूर्व जानकारी कहाँ र कसरी भयो थाहा छैन ? हामी कार्वन उत्सर्जनका तथ्याङ्क घटाईरहेका छौं ।
इसीमोड र अमेरिकी कोष परियोजना लागु भइरहेको छ । दाताहरुको आइडिया के हो ?
इकोनोमिक खबरका सम्पादक प्रेम पौडेलले अन्तर मन्त्रालयको सहकार्य चुनौतीपूर्ण छ । रेड परियोजनाले यस्तो अवस्थामा कसरी काम गर्न सक्छ भन्ने प्रश्न गरेका छन् ।
वन विज्ञ काशीराज भण्डारीले वन क्षेत्रको कार्यक्रममा सामुदायिकस्तरमा समावेशी नीति समावेश भएको छ कि छैनन् । 'हरियो वन, नेपालको धन' नारामा मात्र सीमित भएको छ । सामुदायिक वनमा धेरै भन्दा धेरै महिलाहरुले सहभागीता छ । लैंगिक सहभागीताको हैसियतमा महिलाहरुको सहभागीता बढ्दै गएको छ ।
रेड परियोजनाका निर्देशक नवराज पुडासैनीले एफपीक विषयमा लामो समयदेखि कार्यप्रगति भएको बताउँदै सरोकारवाला निकायहरुसँग विभिन्न चरणमा छलफल भएको बताए । पुडासैनीले प्रथाजनित अभ्यासका बारेमा सुझाव लिइरहेका छौं । वन मन्त्रालयसँग शंका नगर्नु होला । हामी, सबैको सल्लाह, सुझाव र सहयोगबाट अगाडि बढ्ने छौं । पारदर्शी रुपमा समुदायसम्म कार्यक्रम पुऱ्याउँछौं । वन निर्देशिकको तयारीमा छौं । वनको ऐन कसरी प्रभावकारी बनाउने भन्ने विषयमा काम अगाडि बढेको छ । कार्वन वित्तलाई समुदायको पहुँचसम्म कसरी प्रभावकारी बनाउने भनेर लागि रहेका छौं ।
राष्ट्रिय विकास नीति अगाडि बढाएन भने हामीले कार्वन खरिद गर्नु पर्ने हुन्छ । नेपालमा कार्वन विज्ञ धेरै छैनन् । कार्यक्रम अगाडि बढाएन भने वनले ६ जना कार्वन विज्ञहरुलाई गुमाउनु पर्ने हुन्छ । हामीले उत्पादित गरेको विज्ञहरु यदि हामीले आफ्नै देशमा राख्न सकैनौं भने विज्ञलाई गुमाउनु पर्ने हुन्छ पुडासैनीले भने । हाम्रो देशको कार्वनको गुणस्तरीयतामा विश्वमै फरक छ ।
सामुदायिक वन तथा त्यहाँबाट उत्पादित भएको उर्जा उपभोक्तासम्म पुऱ्याउन मूख्य ग्रिडमा साना तथा लघु जलविद्युतलाई केन्द्रीय ग्रिडमा कसरी जोड्न सकिन्छ भनेर जोड दिइरहेका छौं । हामीले वित्तलाई मात्र प्राथमिकता दिएका छैन । राष्ट्रिय विकासलाई प्राथमिकता दिइरहेका छौं ।
कार्यक्रमको अध्यक्षता रेड परियोजनाका प्रमुख नवराज पुडासैनी, कार्यक्रम सञ्चालन कार्यक्रम निर्देशक प्रकाश थापाले गरेका थिए ।

नेपालमा कृषि .....

अगाडि बढाएका छन् ।
कृषि क्षेत्र मुलुकको औद्योगिकीकरण र शहरीकरणको निम्ति अन्तर्सम्बन्धित हुन्छ । कृषि क्षेत्रबाट औद्योगिक क्षेत्रले कच्चा पदार्थ, श्रमिक, पूँजी प्राप्त गर्न सक्छ भने औद्योगिक
बाक्षेत्र र शहरी क्षेत्रबाट कृषि क्षेत्रले लत्ताकपडा, कृषि औजार, भाँडावर्तन, कीटनाशक औषधि, रासायनिक मल आदि प्राप्त गर्दछ । यसरी कृषि क्षेत्रको बजार औद्यौगिक क्षेत्र र औद्यौगिक क्षेत्रको बजार कृषि क्षेत्र बन्न पुग्छ । कृषि क्षेत्रको विकासबाट सरकारी राजस्व उठ्छ । निर्यातमा वृद्धि, आयातमा प्रतिस्थापन हुन्छ र वैदेशिक मुद्रा प्राप्त हुन्छ । वैदेशिक मुद्राको सञ्चितिमा वृद्धि हुन्छ । प्रतिकूल भुक्तान सन्तुलनलाई अनुकूल बनाउन सहयोग पुग्छ ।
देशको औद्यौगिक विकासमा कृषि क्षेत्रको पर्याप्त योगदानका सम्भावनाहरू भएर पनि अल्पविकसित देशको कृषि क्षेत्र पछाडि नै छ । अल्पविकसित देशको कृषि प्रणाली अद्यावधि परम्परागत शैलीमा आधारित छ जब कि अल्पविकसित देशका दुई तिहाईभन्दा बढी मानिस कृषि व्यवसायमा निर्भर छन् । तथापि तिनीहरू आत्मनिर्भर छैनन् । यसको प्रमुख कारणको रुपमा पूँजी अभाव, यातायात तथा सञ्चारको अविकास, सिँचाईको असुविधा तथा रासायनिक मल, कीटनाशक औषधि, उन्नत बीउ आवश्यकता अनुसार उपलब्ध हुन नसक्नु, सहकारी एवम् चक्लाबन्दी रुपमा खेती गर्ने प्रचलन नहुनु, कृषि बजार विस्तार हुन नसक्नु, ब्रोकरहरूको कारणले गर्दा कृषकले आफ्नो उत्पादनको उचित मूल्य नपाउनु, कृषि प्राविधिकको अभाव हुनु, नगदे बालीको तुलनामा खाद्यान्न बाली उत्पादनमा बढी जोड दिनु । थोरै ठूला किसानले धेरै कृषि योग्य भूमि ओगटेर त्यसलाई निष्क्रिय रुपमा छाड्नु, कृषि योग्य भूमिलाई घडेरीमा परिणत गर्ने कार्यमा तीव्रता आउनु, कृषि योग्य भूमिको क्रमशः खण्डीकरण गर्दै जानु, संस्थागत कर्जाको अभाव हुनु, शीत गृहको अभाव हुनु, कृषि उत्पादनलाई ग्रेडिङ गर्ने व्यवस्था नहुनु, ग्रामीण क्षेत्रसम्म वित्तीय संस्थाहरूको विस्तार हुन नसक्नु आदिलाई लिन सकिन्छ । तसर्थ, उल्लेखित समस्या समाधानका लागि सरकार, नागरिक समाज, एनजीओ एवम् आईएनजीओ जस्ता संस्थाहरू सक्रिय हुनु आवश्यक छ । नत्र कृषि एवम् औद्यौगिक क्षेत्र दुबैको विकास असम्भव नै देखिन्छ । त्यसकारण पनि कृषि क्षेत्रको विकास गर्न कुराले मात्र नभई व्यवहारिक रुपमा नै अघिढ्नुको विकल्प छैन ।

देशभर कृषि, जैविक विविधता दिवस

काठमाडौं माघ ७, कृषि विभागको आयोजनामा देशभर सप्ताहव्यापी कार्यक्रम गरि कृषि जैविक विविधता दिवस मनाएको छ ।

कृषि विभागको आयोजना र कृषि माननीय कृषि मन्त्री रामनाथ अधिकारीको प्रमुख आतिथ्यमा देशभर सप्ताहव्यापी कार्यक्रम गरि नेपालमा पनि कृषि जैविक विविधता दिवस मनाएको छ ।

कार्यक्रम समापन भएको अन्तिम दिनमा विभागको प्राङ्गणमा माननीय कृषि तथा पशुपन्छि विकास मन्त्री रामनाथ अधिकारीको प्रमुख आतिथ्यमा नाटक 'सट्टा-पट्टा' प्रस्तुत गरेका थिए । हिरालालको परिवार शिर्ष दिएको उक्त नाटक शिल्पी थिएटरको कलाकारहरुबाट प्रस्तुती गरेका थिए । नाटकको निर्देशन लेखक तथा नाटककार युवराज घिमिरे गरेका थिए । ५० मिनेट लामो नाटक प्रस्तुतीमा नेपालको कृषि क्षेत्रमा भएका वेथितिबाट उम्केर जैविक कृषिलाई जोडदिनु पर्ने विषयमा आधारित थिए ।

नाटकमा गोरु बेचे पैसा आउने र खेतै जोत्नु नपर्ने, अनुदानको लागि एकदुईजना नेतालाई भनसुन गर्ने, विकासे खेती जोडदिने, हिरालराल छोराले गऱ्यो भन्ने हल्ला चलाउने, रसयानिक औषधी, र रसायनिकमलको प्रयोगले माटो र वातावरण बिग्रेर उत्पादित कृषिले मानव स्वास्थमा हानी गरि निसन्तान हुने र भएको पनि गर्भ तुहिने, क्यान्सर जस्ता घातक रोग लागेर स्वास्थय चौकीहरुमा धाउनु पर्ने दृष्य नाटकमा प्रस्तुत गरेको थिए । माटोमा भएका सुक्ष्म जिवाणुहरु मर्ने र खेतीपाती घट्दै जाने गर्नाले जैविक विविधतालाई हानी पुग्दा समग्र प्राणी जगतलाई हानी गर्ने जस्ता सन्देशमूलक नाटक प्रस्तुत भएका थिए ।

कार्यक्रममा कृषि समूह दिक्तेल, जनसेवा कृषक समूह भगावनपुर सिराह, सौराह कृषक समूह, भानु कृषक समूह भानु पुकोर्ट(९, तनहुँ, महालक्ष्मी कृषि, लुम्बिनी बिउ विजन घोराही दाङ, सामुदायिक बिउ बैंक, कृषि सहकारी बाजुरा, स्थानीय उत्पादनमा आधारित दिवा खाजा, शारदा गार्डेन शिर्षस्थान खाजा, अरुण टपरी इन धनुकुटा, अर्गानिक फार्म बुढा निलल्कण्ठ सहभागी रहेका थिए ।

कार्यक्रममा थाहा नगरपालिकाले आफ्नो पालिकामा कृषि गर्ने किसानहरुका लागि थप सुविधाहरु दिँदै आएको र बजारीकरण गर्न सहज होस् भनेर अनुदानको कार्यक्रम राखेको बताए ।

रैथानेको कार्यक्रम :

काठमाडौं माघ १, रैथाने प्रोडक्ट प्रा.लिको आयोजनामा कृषि जैविक विविधता दिवस २०८१, सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रम गरि मनाएको छ ।

कार्यक्रमका प्रमुख अतिथि टोखा नगरपालिका वडा नम्बर ५ का वडा अध्यक्ष धमेन्द्र श्रेष्ठले आफू काठमाडौंमै किसानको परिवारमा जन्मेको हुँ । मेरो पिता पुर्खाले किसानी कर्म गर्थे । आज पनि म किसानै भनेर लेख्छु भने ।

श्रेष्ठले भने विदेशबाट आयत रोकेर रैथाने बालीमा आत्मनिर्भर बनाउने कार्यक्रम गर्नुपर्ने बताए । म किसानको छोरो भएको नाताले बच्चाको कुरा मलाई याद आउँछ । मेरो बुबा धान कुटेर असनमा बेच्नु जानु हुन्थ्यो ।

चामलसँग मासु, नुन, मसला साटेर ल्याउनु हुन्थ्यो । नयाँ(नयाँ प्राविधिक भन्दा-भन्दै २५ प्रतिशत जमीन सकिए छ । भएको पनि बाँझो छन् । युवाहरुको विदेश जानेक्रम बढ्दो छ । युवाहलाई विदेश जानबाट रोक्न सरकारबाट रैथाने कार्यक्रम गरेर विदेश जानबाट रोक्नु पर्छ ।

टोखा नगरपालिकाले किसानले उत्पादित वस्तुहरु यो वर्ष ब्राण्डिङ्ग गरेर बेच्ने निधो भएको छ । कानूनी दायरामा ल्याएर रैथाने बाली प्रोत्साहन गर्नुपर्छ भनेर लागि रहेको छु ।

कोशी खेती प्रर्वद्धन पनि गरिरहेका छौं । निशुल्क बिउ विजन वितरण, कृषकहरुलाई ट्रयाक्टर, आवाशीय रुपमा परिवार भएकाहरुसँग जग्गा जमीन लिजमा लिएर सामुहिक खेती गर्ने भन्ने काममा लागेका छौं ।

कार्यक्रममा थाहा नगरपालिकाले आफ्नो पालिकामा कृषि गर्ने किसानहरुका लागि थप सुविधाहरु दिँदै आएको र बजारीकरण गर्न सहज होस् भनेर अनुदानको कार्यक्रम राखेको बताए ।

प्रमुखले १ केजी कोदो बेचे बराबर १० रुपैयाँ, दूधको ५ रुपैयाँ बजारीकरण गर्न सहज होस भनेर अनुदान दिएको छ । एउटा घरपरिवारले १५ पाथी कोदो उत्पादन गर्थ्यो अहिले ७० पाथी उत्पादन भएको छ । ७२ रोपनी जमीनमा अकवरे खुर्सानी खेती गरेकोमा हाल १३२ रोपनीमा जमीनमा खेती गरेको छ । अकवरे खुर्सानी सबै पालिकाले किनेर बजार गरेको छ ।

थाहा नगरपालिकाले कृषि, शिक्षा, स्वास्थ, सम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिएको छ । अहिले दूध बिक्री गर्न थालेको छ । सकारात्मक उर्जा पाएको छ । बजारको सहयोग रैथानेबाट पाएको छ । युवा लक्षित कार्यक्रम गर्ने सोचेको छैन । नेगेभिट बढी देखिने, पोजिटिभ कुरा नदेख्ने निश्चित मान्छे । म नेकपा एमालेको केन्द्रीय सदस्य,। केही पनि नभएको होइन । नकारात्मक कुराले गुम्राहारामा पर्ने अवस्था छ ।

होटल, पर्यटन व्यवसायी तथा होमस्ट महासंघको सल्लाहकार कृष्ण अर्यालले कृषि

पयर्टन, नेपाल भाषा, मंका खलको सक्रिय कार्यकर्ता भएको नाताले मैले पनि जैविक विविधतालाई पर्यटनसँग जोड्न लागिरहेको बताए । ४० वर्ष अघिको कुरा हो । टूकिङ्ग जाँदा यहीबाट भारी बोकाएर लैजान्थ्यौं । कुखुरा, खसी, उतै किनेर खान्थ्यो । आलु समेत यहीबाट लान्थ्यौं । स्थानीय उत्पादनलाई प्रोत्साहन दिएको भए डलर आउँथ्यो । कृषिलाई पर्यटनसँग जोड्नु पर्छ भनेर कृषि पर्यटन फाउण्डेशन दर्ता गरेको छु । हजुरबाले गाउँको कथा सुनाउनु हुन्थ्यो । काठमाडौं देखि पोखरासम्म लरिमा जाने हो भने । लरी कहाँ छ ? कुखुरा कहाँ छ भन्दा थाहा छैन ।

१९५३ हिलारी लरिमा चढेको देखेका थिए । पूरानाबाट नयाँ पाइला भनेर काम गर्नु छ । पैसा आउने भने पछि विदेश गए जाने मान्छे जान्छ । टाउको दुखाउदैनौं । आफ्नो छोराछोरीलाई राम्रो संस्कार दिने गरौं ।

देवकोटाले कोदो, फापर रैथाने बालीको महत्व बढ्दै गएको बताउँदै कोदो र फापर ३५ सय उचाईमा समेत फल्छ । गोरु जुधाई कार्यक्रम भएको छ । कृषि जैविक विविधता केन्द्र एक महिनादेखि ३६ जना सचिवज्यूलाई बोलाएका छौं । २५ वटा स्टल छ । सामुदायिक बिउ बैंकलाई बोलाएका छौं । रैथाने खाना बनाउने कार्यक्रम छ । संघीयता लागु भएपछि बाली विकास केन्द्र जैविक विविधता धान, बिउ, मकै, मात्रा थुप्रैमा काम गर्‍यौं । कोदो काउनोको माग बढेको छ ।

शहरका मान्छेहरुले माग बढेको छ । बजार भयो भने नै गाउँमा उत्पादन बढ्छ । धादिङ जिल्ला बजार भयो भने गाउँमा उत्पादन बढ्छ । धादिङ्ग जिल्ला २०/२५ रुपैयाँमा बिक्री भएको कृषि वस्तु कालीमाटीमा ६० रुपैयाँमा बिक्री हुन्छ । हामीले केही नदिएपनि उत्पादन हुन्छ । सबभन्दा पहिले बजार खोज्नु पर्दो रहेछ । होम स्टेले पहिले बजार खोल्नु पर्ने रहेछ । कोदो टुहुरो बाली हो । न मल न राख्छौं न गोडमेल गरेर राम्ररी सिँचाई गर्छौं । तरपनि रामरी नै फलेको हुन्छ । मल र पानी दिने गर्नाले थोरै फल्छ । धान लगाउँदा आली तास्छौं । राष्ट्रिय कृषि अनुसन्धान परिषद् अनुवांशिक स्रोत केन्द्रका प्रमुख बालकृष्ण जोशीले कोदोलाई सुअन्न भन्नु भएको छ । प्रचार प्रसार र जनचेतनामूलक कमी छ ।

उत्पादनसँग जोडिनु पर्छ । अनुदान संघ मार्फत रैथाने कृषिलाई दिँदा अभियान राम्रो हुन्छ ।

न्यायको खोजीमा स्वर्गद्वारी गुठीका मोही किसान

हार्दिक अपिल :

काठमाडौं माघ १९, लामो समय विशेषत २०४५ साल देखि जिल्ला केन्द्रित आन्दोलन गर्दा पनि हाम्रो न्यायपूर्ण मागको सुनुवाई नभएकोले हामी स्वर्गद्वारी गुठीका मोही किसानहरू २०८१ माघ २० देखि काठमाडौं केन्द्रित आन्दोलनमा छौं । हाम्रो मुख्य माग(स्वर्गद्वारी गुठीको जग्गा मोही किसानको नाममा रैतानी गर्ने गरि गुठी ऐन जारी गर्नुपर्छ भन्ने हो । स्वर्गद्वारी गुठीको मोही दाङ जिल्लामा १२ मौजा (गाउँ) मा ३ हजार ५ परिवारका करिव १६ हजार जनसंख्या बसोवास छ । कुल १ हजार ५० विघा जमीन गुठी अन्तर्गत छ । किसानले खेतीपाती गर्दै बसोवास समेत गर्दै आएको पुस्तौं बित्यो, उक्त जग्गा हाम्रो बाजे, जिजुबाजेले खेतीयोग्य बनाएका हुन् । स्वामित्व भने स्वर्गद्वारी गुठीको नाममा छ । हामीसँग मोहीयानी पुर्जा छ । त्यो पनि २०६२ चैत १४ गते सर्वोच्च अदालतको संयुक्त इजलासबाट परमादेशसमेत जारी गरि खारेजी गरिएको छ ।

नेपालको संविधान २०७२ को दफा २९० मा गुठी सम्बन्धी व्यवस्थामा भनिएको छ, गुठी जग्गामा भोगाधिकार भइरहेका किसान एवम् गुठीको अधिकारको सम्बन्धमा संघीय संसद्ले आवश्यक कानुन बनाउने छ । नेपालको संविधानको धारा ५१, को उपधारा 'ङ' मा कृषि र भूमि सुधारसम्बन्धी नीतिगत व्यवस्थामा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने, किसानलाई प्राथामिकता दिएर भूमि सुधार गर्नेमा जोड दिएको छ । अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्ने, किसानको हकहित संरक्षण गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउने विषय पनि उल्लेख छ । यी व्यवस्थाले गुठी जमीन जोतभोग गरेका किसानलाई जमीनको स्वामित्व दिने गरि आवश्यक कानुनी व्यवस्था गर्न सरकारलाई निर्देशित गरेको छ ।

गत वर्ष २०८० फागुन ७ देखि १ महिना लामो आन्दोलन दाङमै गर्‍यौ । सरकारसँग दुई बुँदे सम्झौता भयो । एक वर्ष हुनै लाग्दा पनि सम्झौता कार्यान्वयन गरिएन । यसबीचमा फेरी पनि हामीले पटक(पटक उच्च राजनीतिक शिर्ष नेतृत्व, प्रधानमन्त्री, भूमि व्यवस्था मन्त्री, सरकारका अन्यमन्त्रीहरू, पूर्वप्रधानमन्त्रीहरू र सांसद र सम्बन्धित सरोकारवालाहरू सबैलाई भेटेर गुनासो सुनायौं । तर बाचा पूरा भएन । अतः हामी निम्न माग राखी यो काठमाडौं केन्द्रित आन्दोलनमा सहभागी भएका छौं । यो आन्दोलनमा सहयोग एवम् ऐक्यवद्धताको लागि न्यायप्रेमी सबैमा हार्दिक अपिल गर्दछौं ।

प्रमुख मागहरू

-मोही किसानले जोतभोग गर्दै आएको जमिन मोहीको नाममा रैतानी हुने कानुनी व्यवस्था गरियोस् ।

-विशेष प्रकृतिको निजी भनिएको गुठी जग्गाका निस्काशित मोहीको हक पुनर्स्थापित गरियोस् ।

-किसानले बुझाउनु पर्ने रैतानी वापतको तिरो वडामार्फत बुझाउने व्यवस्था गरियोस् ।

स्वर्गद्वारी गुठी पीडित मोही किसान संघर्ष समिति दाङ

व्यवसायिक बन्न नसकेको अनार खेति तर त्यसको बढ्दो महत्व

धनबहादुर मगर

परिचय :

अनार एक वहुवर्षिय, वहुउपयोगी पुनीकेसि (एगलष्अबअभबभ) परिवार अन्तर्गतको फल हो । यो अति उपयोगी पौष्टिक तत्वयुक्त फलफूल मानिन्छ । विश्वका विभिन्न उष्ण तथा उपोष्ण प्रदेशिय देशहरूमा अनारको व्यवसायिक खेति हुँदै आएको पाईन्छ । युरोपको स्पेन, अफ्रिकाको मोरक्को, ईजिप्ट, एशियाको अफगानिस्थान (वेलुचिस्थान), चीन, जापान, तथा संयुक्त राज्य अमेरिकाको

क्यालिफोर्नियामा व्यवसायिक रुपमा खेति गरेको पाईन्छ । यसको इतिहासलाई हेर्दा अनारको उत्पत्ति इरानमा भएको मानिन्छ । अन्य अभियानमूखि कार्यक्रम जस्तै फलफूल खेतिमा पनि आयात प्रतिस्थापन गर्ने किसिमबाट अभियानमूखि तथा प्राथमिकता प्राप्त कार्यक्रम सञ्चालन गरी कागती, अनार, अंगुर, लिची, भुइकटहर आदि जस्ता फलफूललाई जलवायु तथा माटोको सम्भाव्यताको आधारमा विस्तार गर्नु अपरिहार्य देखिन्छ । नेपालको हावापानी तथा माटोको अवस्थालाई हेर्दा अनारको खेति डढेलधुरा, डोटी, आछाम, दैलेख, सुर्खेत, दाँड,अर्घाखाँची, पर्वत, नवलपरासि, तनहुँ, गोर्खा, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली देखि पूर्वको ओखलढुंगा, भोजपुर, धनकुटा, इलामसम्म समुन्द्र सतहबाट १८५० मीटर उचाईसम्मको मध्य पहाडको उपोष्ण हावापानीयुक्त क्षेत्रमा सफलता साथ गर्न सकिन्छ । यसको स्थानीय जातलाई दारिम भनिन्छ । अनारको खेतिले नेपालमा पनि विस्तारै व्यवसायिक रुप लिन थालेको देखिन्छ । अनार खेतिमा चाँसो दिने कृषकहरू मिलेर नेपाल अनार संघ नामक संस्था खोलि व्यवसायिक अनार खेतिको शुरुवात गरेको देखिन्छ । पर्वत पाखापानी घर भई हाल पोखरामा बस्दै आएका नारायण प्रसाद पौड्यालले पोखराको छोरेपाटनमा करिव ३० हजार, इलाम बरबोटेका प्रदिप घिमिरेले ६० हजार, शम्भु राइले २१ हजार, रामेछापका हिरालाल आचार्यले ३० हजार अनारको बिरुवा तयार पारेका छन् । अनार संघले चलाएको अभियानमा सरकारी तथा गैह्र(सरकारी निकायबाट होस्टेमा हैसे गर्दै जानु आवश्यक देखिन्छ । नेपालमा सर्वप्रथम रामेछापका किसान हिरालाल आचार्यले २०६२ सालबाट अनारको व्यवसायिक खेति शुरु गरेको देखिन्छ । नेपालको बजारहरूमा अनार प्रति के.जी. रु.२००-३०० को दरले बिक्री भई रहेको पाईन्छ । नेपालीलाई त अनार खानको लागि विरामी नै पर्नु पर्ने अवस्था छ । नेपालमा वर्षेनी ५-७ करोडको अनार विदेशबाट आयात् हुने गरेको देखिन्छ । अनारको बिरुवा रोपेको ३ वर्षपछि फल्न शुरु गर्छ र ३०(४० वर्षसम्म फलि रहन्छ ।

उपयोग :

यसको फल तथा रुखको बोक्रा पखाला तथा आँऊ परेको बेलामा औषधिको रुपमा प्रयोग गरिन्छ । फलको बोक्रालाई कतै(कतै कपडा रंगाउने डाँई बनाउन प्रयोग गरिन्छ । यसको फलमा मुख्य पाउने तत्वहरूमा ७८ प्रतिशत पानी, प्रोटिन १.६ प्रतिशत, कार्वोहाईड्रेड १४.५ प्रतिशत, रेशा(फाइबर ५.१ प्रतिशत, चिल्लो पदार्थ ०.१ प्रतिशत, प्रशस्त मात्रामा क्याल्सियम, म्याग्नेसियम, फसफोरस, फलाम तथा भिटामिन बि र सि पाइन्छ । कुष्ठ रोगीलाई यसको फल बढि उपयोगी मानिन्छ । बीउमा करिव १५ प्रतिशत तेल हुन्छ र औद्योगिक प्रयोजनमा ल्याइन्छ । १०० ग्राम बीउमा १.०९ मिलिग्राम ओस्ट्रोन, र ०.०३६ ग्राम कुमोष्ट्रोल(commestrol, nonsteroidal oestrone) पाइन्छ । एनिमिया भएको रोगीलाई यसले फाइदा गर्दछ । According to Asian legend, the Pomegranate was the 'tree of life' in the Garden of Eden. Its irresistible appeal, color and legendary medicinal properties have been the object of great fascination. The tiny beads of fruit, full of precious oil and juice, are brilliant as drops of blood or rubies. These "drops of blood" from the pomegranate will help to build healthy red blood cells. एउटा भनाई छ एक दाना अनारले सयौं विरामीलाई निको (One pomegranate can serve one hundred sick people) पार्दछ । यस्को फूल अति आकर्षक देखिन्छ र बगैँचाको सुन्दरता बढाउन मद्दत गर्दछ । अनारको जुसमा एन्टिअक्सिडेन्ट तत्व पाईन्छ जसले रगतको विकार हटाउन, हेमोग्लुविन बढाउनको साथै मुटु स्वास्थ्य बनाई राख्न मद्दत गर्दछ ।

हावापानी :

अनारको खेति समुन्द्र सतहबाट १८५० मीटर उचाई सम्मको क्षेत्रमा गर्न सकिन्छ । गर्मीमा सुख्खा र हिउँदमा चिसो हावापानी हुने ठाउँ अनार खेतिको लागि उपयुक्त मानिन्छ । हिउँदमा ठण्डा नहुने ठाउँमा बोट सदावहार र ठण्डा हुने ठाँउमा बिरुवा पतझर प्रकृतिको हुन्छ । हिउँदमा पतझर हुने हुँदा अनारले तुषारो पनि सहन सक्दछ । करिव ३८ डिग्रि सेल्सियस् तापक्रममा फलको विकास राम्रो र फलको रस बढि गुलियो हुन्छ । बढि आद्रता हुने ठाँउमा फलको गुणस्तर त्यति राम्रो मानिदैन । यसरी हेर्दा नेपालको पश्चिमी मध्य पहाडी क्षेत्र खास गरीकन डडेलधुरा, डोटी, आछाम, दैलेख, सल्यान, प्युठान आदि जिल्लाको माटो सुहाउँदो क्षेत्रमा सफलतापुर्वक व्यवसायिक खेति गर्न सकिने सम्भावना देखिन्छ । त्यस क्षेत्रमा स्थानीय अनार तथा दारिमका बोटहरू परापूर्व कालदेखि लगाउँदै आएको पाइन्छ ।

माटो :

अनार सबै प्रकारको माटोमा खेति गर्न सकिने भएता पनि दोमट वलौटे तथा पाँगो दोमट माटामा यसको वृद्धि विकास राम्रो हुनुको साथै उत्पादन पनि राम्रो दिन्छ । यसको सबै भन्दा फाइदाजनक पक्ष केछ भने अन्य फलफूल खेति गर्न नसकिने रुखो तथा कमसल खालको बढि चुन तथा लवणयुक्त (र्बपबष्लिभ बलम कबतिथ कयष) माटोमा पनि अनार राम्रोसँग हुर्कन बढ्न र उत्पादन दिन सक्दछ ।

अनारका मुख्य जातहरू : Punicacea

परिवार अन्तर्गत मुख्य २ प्रजातीहरू Punica proto / punica granatum पर्दछन् । punica granatum अन्तर्गत २ उपजातीहरू क्लोरो कार्पा (chlolro carpa), प्रोफाइरो कार्पा (Prophyro carpa) पर्दछन् । नेपालमा खेति गरिने उपजाती चाहि क्लोरो कार्पा (chlolro carpa) हो । अनार हिउँदमा पात झर्ने र सदावहार रहने २ प्रकारका जातहरू पाईन्छन् । भारतको उष्ण प्रदेशिय क्षेत्रमा खेति गरिने सबै जातहरू सदावहार हुन भने नेपालको १०००-१८०० मीटर उचाँई सम्म खेती गरिने जातहरू पतझर प्रकृतिका हुन् । प्राय: उन्नत जातहरू सदावहार जात अन्तर्गत पर्दछन् । तर नेपालको हावापानीमा भने यीनै जातहरूले पतझर स्वभाव देखाउँछन् । अनारको मुख्य जातहरू यस प्रकार छन् ।

१. **कान्धारी**(Kandhari) :

यसको फल ठूलो, बोक्रा कडा रातो, बीउको बाहिरी भाग रगत जस्तो रातो, बीउ कडा, रस अलि अलि अमिलो स्वादको हुन्छ ।

२. **कावुल**(Kabul):

यसको फल ठुलो, बोक्राको बाहिरी भाग रातो पहेँलो, बीउको बाहिरी भाग बढि रातो बाक्लो र धेरै हुन्छ , रस अलि अलि तितो हुन्छ ।

३.मुस्काट रेड (:गकपबत चभम): फलको आकार सानो, मझौला, बोक्रा बाक्लो हुन्छ । यसको खाने भाग नरम, रस गुलियो र बीउ नरम हुन्छ ।

४. **पेपर सेल** (paper shell):

पात मझौला खालको बोक्रा बाक्लो, बीउको बाहिरी खाने भाग रातो गुलावी, स्वाद गुलियो र बीउ नरम हुन्छ ।

५. **धोल्खा** (Dholkha):

यस जातका फलहरू ठूलो हुन्छन् । बोक्रा हरियो, सेतो हुन्छ । बीउको बाहिरी खाने भाग हल्का रातो सेतो हुन्छ, बीउ नरम र रसमा अमिलोपना बढि हुन्छ ।

६.स्थानीय अनार :

स्थानीय अनारको फल मझौला खालको, बोक्रा हरियो, सेतो र पाक्ने समयमा फलको रंग पहेलो रातोमा परिणत हुन्छ, बीउको बाहिरी भाग रातो र नरम हुन्छ, बीउ कडा र रसको स्वाद टर्रो गुलियो हुन्छ ।

७. स्थानिय दारिम :

यो जात नेपालको ८००-१३०० मीटर उचाईको पहाडी क्षेत्रमा खेति गरिन्छ । फलहरू अनारको जस्तै साना हुन्छन् । फलको बोक्रा रातो र हरियो हुन्छ । यसको बोटमा अनारको भन्दा बढि काँडाहरू हुन्छन् । बीउको बोक्रा काँचोमा सेतो र पाक्ने समयमा रातो र बीउ कडा, रस तिखर अमिलो हुन्छ ।

बिरुवाको प्रशारण :

अनारको प्रशारण बीउ तथा वानस्पतिक (कलमि) विधिबाट गर्न सकिन्छ ।

१. बीउबाट प्रशारण :

अनारको दाना भित्रको वियाबाट वेर्ना तयार गर्न सकिन्छ । अनार एक परसेंचन बिरुवा भएकोले बीउबाट तयार पारिएको वेर्नाहरूमा पूर्ण रुपमा मातृगुण प्राप्त गर्न सकिदैन । साथै बीउबाट तयार गरिएको बिरुवाहरूले उत्पादन दिन पनि लामो समय लाग्ने हुन्छ । तसर्थ बीउबाट तयार पारेको बिरुवा व्यवसायिक खेतिको लागि त्यति उपयुक्त मानिदैन ।

२.वानस्पतिक प्रजनन :

अनारको बिरुवा विभिन्न वानस्पतिक तरिकाबाट प्रशारण गर्न सकिने भएता पनि विच्छेदन (cutting) र गुटि विधि ीबथ(भचष्लन) बढि सफल भएकोले लोकप्रिय मानिन्छ । कटिङ विधिबाट बिरुवा तयार गर्दा ।

करिव १ वर्ष पूरानो कडा काँठ पसेको पेन्सिल साइजको हाँगाबाट २०-२५ से.मी. लामो कटिङ लिनु पर्दछ । इन्डोल व्युटारिक एसिटिक एसिड (क्ष्यब) वा नेप्थेलिक एसिडिक एसिड(NAA) जस्ता बिरुवावर्द्धक रसायनको ५००(१००० पि.पि.एम.झोलमा डुबाएर लगाएमा छिटो जरा पलाउन मद्दत गर्दछ । कडा काँठ पसेको हाँगाहरूमा भन्दा २(३ वटा आँख्ला भएको नरम काँठ पसेको हाँगाहरूवाट राम्रो जरा निस्कन्छ । कटिङ टुक्राहरूलाई नर्सरीमा ६० डिग्री ढल्काएर रोप्नु पर्दछ । नर्सरी व्याडलाई बाँसको खपेटाले गुम्बज जस्तो बनाई भित्रपत्ति जुटको बोरा भिजाएर राख्ने र त्यसलाई बाहिरबाट प्लाष्टिक ओडाउनाले भित्र आद्रतायुक्त वातावरण सिर्जना हुन जान्छ । साधारणतया: कटिरूमा १५(३० दिनमा जराहरू निस्कन शुरु गर्दछन् । यसरी तयार पारिएका वेर्नाहरू ९(१२ महिनाको भएपछि सार्नको लागि तयार हुन्छ । वातावरण मिलाउन नसकिने स्थानमा भने कटिङ आषाढ(श्रावणमा गर्नु उपयुक्त हुन्छ । तर अनुकुल वातावरण सिर्जना गर्न सकेमा माघ, फाल्गुनमा कटिङ लिनु राम्रो मानिन्छ ।

गुटी विधिद्धार प्रजनन् :

गुटी विधिद्धार अनारमा प्रजनन् गर्न करिव १ वर्ष पूरानो पेन्सिल आकारको (२ (४ से.मी.डायमिटर) हाँगालाई छनौट गरी २.५ से.मी.जति लामो हुने गरी हाँगाको बोक्रा औंठी आकार गराएर निकालिन्छ । बोक्रा हटाएको ठाँउमा ईण्डोल व्युटारिक एसिड (क्ष्यब), वा नेप्थेलिक एसिटिक एसिड (ल्व्ब)को १ प्रतिशत झोलले उपचार गरेमा छिटो र प्रशस्त जराहरूको विकास हुन मद्दत पुग्दछ । उक्त बोक्रा निकालेको ठाँउमा भिजाएको झ्याउ राखेर प्लाष्टिकले लपेटेर दुबै छेउमा राम्रोसँग चिस्यान नउड्ने गरी कसेर बाध्नु पर्छ । यसरी गुटी बाँधिएको ठाँउमा ३०(४० दिनमा जराहरू पलाएको बाहिरबाट स्पष्ट देख्न सकिन्छ । जराहरूको राम्रो विकास भई सकेपछि गुटि बाँधेको हाँगोलाई तलबाट काटेर छुटाई नर्सरीमा सार्नु पर्दछ । गुटि गर्न जेष्ठ(आषाढ महिनामा उपयुक्त हुन्छ ।

बिरुवा लगाउने तरिका र दुरी :

अनार बगैचा बनाउँदा वर्गाकार वा षट्कोणकार पद्धति अनुसार ५-३ मीटर देखि ५-५मीटरको दुरीमा लगाउनु उपयुक्त हुन्छ । यसरी हेर्दा प्रति रोपनी ३३ वटा बिरुवा लगाउन सकिन्छ र प्रति हेक्टर ६६० बिरुवा अटाउँछन् । वर्षा शुरु भएपछि अषाढ महिनामा बिरुवाको जरा नखल्बलाउने गरी खाल्डोको बिचमा पर्नेगरी बिरुवा सार्नु पर्दछ । शुरुको १-२ हप्तासम्म माटोको चिस्यानको अवस्था हेरी पानी दिनु पर्दछ ।

मलखाद :

जगाको रेखाङ्कन चैत्र(बैशाख महिनामा गरी खाल्डो खनि १ डोको राम्ररी कुहिएको प्राङ्गारिक मल, ५० ग्राम डि.ए.पि., ३० ग्राम म्युरेट अफ पोटास, १ के.जी. हाडको धुलो, १ के.जी.पिना मल तथा ५० ग्राम डर्सभान धुलो राम्रोसँग मिसाई सतह भन्दा १५(२५ से.मी.अग्लो हुने गरी खाल्डो पुर्नु पर्दछ । प्रत्येक वर्ष प्रति बिरुवा वर्षा याम शुरु हुनु भन्दा अगाडि तथा फूल खेल्नु अगावै २०(२५ के.जी. प्राङ्गारिक मल दिनु पर्दछ । बोट १ वर्षको भएपछि डि.ए.पि. २७० ग्राम, यूरिया २४० ग्राम, म्युरेट अफ पोटाश १२० ग्रामको दरले प्रति वर्ष थप्दै जानु पर्दछ । नाइट्रोजनको आधा भाग र अन्य सबै मल अनार फुल्ने समयमा दिनु पर्दछ भने नाइट्रोजनको बाँकी भागलाई फलहरूको विकास भइरहेको समयमा र फल टिपे पछि दिनु राम्रो हुन्छ ।

सिँचाई :

बिरुवालाई शुरुको अवस्थामा माटोमा हल्का चिस्यान हुन आवश्यक हुन्छ । बिरुवा वर्ष दिनको भएपछि भने सुख्खा समयमा लामो

समय पानी नपरेको अवस्थामा मात्र सिँचाई गरे पुग्छ । वलौटे माटो भएको स्थानमा १५-२० दिनको फरकमा सिँचाई दिनु राम्रो मानिन्छ । मलखाद दिए पछि र बिरुवामा फूल तथा फल लागेपछि सिँचाईको बढि आवश्यकता पर्दछ । माटोमा चिस्यानको मात्रा कमी भएमा फूल तथा फल झर्ने र फलहरू फुट्ने गर्दछ । पानी सिँचाई गर्दा बोटको वरिपरि घेरा (च्यबकष्ल)बनाएर दिनु उपयुक्त हुन्छ । बोटको वरिपरि माटो उठाएर केही उँचो बनाएर फेदमा पानी नजम्ने किसिमले निकासको प्रवन्ध गर्नु पर्दछ । बढि चिस्यान भएमा अनार कम फुल्दछ । अनारलाई सिँचाई नदिई केहि जराहरू खलबलाई दिएमा यस्को वृद्धि रोकिन्छ, पातहरू झर्छन र केहि दिन पछि फूलको कोपिलाको विकास हुन्छ ।

काँटछाँट :

अनारको बोटमा एकै पटकमा प्रशस्त काण्डको विकास हुने भएकोले एउटा मूल काण्ड छनौंट गरी अन्य काण्डहरू काटेर हटाउन सकिन्छ । अर्थात २(३ वटा काण्डहरू बढ्न दिई बाँकी हटाउन पनि सकिन्छ । बोट १ मीटर जति अग्लो भएपछि ७५ से.मी.माथीको टुप्पो काटेर हटाई दिनु पर्दछ । यसो गर्दा काटिएको भाग भन्दा तल नयाँ हाँगाहरू पलाउन शुरु गर्दछन् । जमिन देखि करिब ६०-७० से.मी. माथीका ४-५ वटा ठूलो कोण भएको हाँगालाई छनौंट गरी बाँकी अन्य हाँगाहरू हटाउनु पर्दछ । यसरी काँटछाँट गर्दा मुलकाण्डमा ४(५ मुख्य हाँगा रहन्छन् । यसरी तयार पारिएका हाँगाहरूमा सूर्यको प्रकाश बढि प्राप्त हुनुको साथै उच्चस्तरको फलहरू प्राप्त गर्न सकिन्छ । एउटै मात्र मुलकाण्ड राख्दा कहिलेकाहिं गवारोले आक्रमण गरेमा पूरै बोट नष्ट हुने अवस्था आउन सक्दछ । तसर्थ अनारमा ३(४ वटा मुलकाण्ड कायम गर्नमा बढि फाइदाजनक मानिन्छ । अनारमा फेददेखि सर्लक्क बढेका पानी हाँगाहरू (धबतभच कउचयगतक, यच कगअपभच) पलाएर आउँछन् । यी हाँगाहरू अनुत्पादक भएकोले हटाउनु पर्दछ । रोग कीरा लागेका तथा एक आपसमा टासिएका, सानो कोण भएका हाँगाहरूलाई फल टिपे पछि वा हिउँदमा काटेर हटाउनु पर्दछ ।

बाली व्यवस्थापन :

अनारको बिरुवा ३(४ वर्ष भएपछि मात्र फल दिने भएकोले त्यो बिचको अवधिमा कोशे बालीहरू जस्तो मास, मसुरो, गहत, केराउ, वकुल्ला, बुटे सिमी, आकाश प्रकाश वोडी आदि अन्तरबालीको रुपमा लिन सकिन्छ । राम्रोसँग बाली व्यवस्थापन नगरेमा अनारमा वर्षैभरी अलि-अलि फुल्ने र राम्रोसँग फल नलाग्ने हुँदा वर्षैभरी फुल्ने क्रियालाई रोक्नु पर्दछ । अनारमा वर्षे (Ambe bahar) र हिउदे (क्उचष्लन दबजबच) लिन सकिन्छ । आफूले कुन(कुन सिजनमा फल लिने हो त्यसै अनुसार फुल्ने क्रियालाई नियन्त्रण गर्नु पर्दछ । वर्षेबाली लिने हो भने त्यसै अनुसार मंसिर(पुस देखि बगैँचाको माटोलाई सुख्खा राखि माघ फाल्गुनमा मलखाद्य दिनु पर्दछ । यसो गर्दा माघ-फाल्गुण तिर अनारमा प्रशस्त मात्रामा फुल लाग्दछ र श्रावण-भाद्रमा फल उत्पादन लिन सकिन्छ । हिउँदे बाली लिने हो भने जेष्ठ-अषाढमा केहि दिन बोटलाई सुख्खा रहन दिई त्यसपछि रिङ बनाएर मलजल दिनु पर्दछ । यसो गर्दा अषाढ श्रावणमा फूलहरू फुलि पौष(माघमा फल उत्पादन लिन सकिन्छ ।

फूल तथा फलको विकास :

अनारको सदावहार वा पतझड स्वभाव अनुसार फल लाग्ने हाँगाहरू फरक(फरक हुन्छन् । सदावहारमा १ वर्षे हाँगामा र पतझरमा नयाँ हाँगामा फूल लाग्न शुरु गर्दछ । पतझड बोटहरू श्रावण(भाद्रमा फुल्दछन् भने सदावहार बोट माघ(फाल्गुन तिर फुल्दछन् । कतिपय जापानिज जातहरू वसन्तमा नयाँ पालुवासँगै फुल्दछन् । अनारमा भाले(पोथी र उभय लिङ्गी फूलहरू लाग्दछन् । पोथी फूलको परागकण ग्रहण गर्ने क्षमता फूल खुल्नु १ दिन अघि देखि फूल खुलेको २(३ दिनसम्म रहन्छ । परागसेंचन क्रिया स्वयम् सेंचन तथा परसेंचन दुबै क्रियाबाट हुन्छ ।

उत्पादन :

अनारको बिरुवा रोपेको ३ वर्षपछि फल्न शुरु गर्दछ । अनारमा फूल लागि सकेपछि परागसेंचन भएमा ५-७ महिनामा फलहरू टिप्नको लागि तयार हुन्छन् । कुनै(कुनै जातमा भने फल छिप्पि सकेपछि फलको बाहिरी बोक्रा पहेँलो रंगमा बदलिन्छ । छिप्पिएको फललाई औंलाले फटकारेर हान्यो भने धातुको भाँडो जस्तो आवाज आउँछ । पाकेको फलको रसमा कुल घुलशिल ठोस पदार्थ (TSS) करिव १५ प्रतिशत हुन्छ । सुख्खा क्षेत्रमा फलहरू छिप्पि सकेपछि पनि धेरै दिनसम्म बोटमा राख्दा फुट्ने हुँदा फलहरू तयार भएपछि टिपी हाल्नु पर्दछ । अनारको फल टिपेपछि नपाक्ने (Non-climacteric type) प्रकृतिको भएकोले फलहरू बोटमा परिपक्क भएपछि मात्र टिप्नु उपयुक्त हुन्छ र गुणस्तरीय फल प्राप्त गर्न सकिन्छ । अनारको उत्पादन नेपालको परिप्रेक्षमा बोटको उमेर, माटोको मलिलोपना तथा हावापानीले प्रभाव पारेको देखिन्छ । राम्रो व्यवस्था गरेको बगैँचाबाट प्रति रोपनी ४००-५०० के.जी. भन्दा बढि उत्पादन लिन सकिन्छ भने इजरायल तथा अन्य विकसित मुलुकमा प्रति रोपनी २००० के.जी.सम्म उत्पादन हुने गरेको पाइन्छ ।

भण्डारण :

अनारको बाहिरी बोक्रा कडा हुने र फल टिपेपछि नपाक्ने (Non-climacteric type) स्वभाव भएकोले साधारण अवस्थामा पनि अन्य फलको तुलनामा बढि समयसम्म भण्डारण गर्न सकिन्छ । हावा लाग्ने ठाँउमा फलहरू झुण्डाएर राखेमा पनि एक डेढ महिना सम्म सजिलै राख्न सकिन्छ भने कोल्डस्टोरमा ०-४.५ डिग्री सेल्सियस तापक्रम र ८०-८५ प्रतिशत सापेक्षिक आद्रता कायम गरेमा ६(७ महिनासम्म भण्डारण गर्न सकिन्छ । भण्डारणमा कुहिने रोगबाट बचाउन ०.२ प्रतिशतको वेभिष्टिनले उपचार गरेर राख्नु पर्दछ । कोल्डस्टोरमा फललाई काठको बाकसमा कागजले मोरेर तह तह बनाई राखेमा फललाई कुहिनबाट जोगाउन सकिन्छ ।

अनारको फल फुट्ने समस्या (fruit cracking or splitting) :

सुख्खा ठाउँमा अनारको फल फुट्ने जटिल समस्याको रुपमा देखिन्छ । प्रायजसो फलहरू पाकी सकेपछि फुट्ने भएकोले त्यस्ता फुटेका फलहरूलाई भण्डारण गरेर राख्न सकिदैन । फल फुट्नुको मुख्य कारण भनेको सुख्खा वातावरण र माटोमा चिस्यानको कमी भएर हो भन्ने एउटा भनाई छ भने अर्कोतिर सुख्खा मौसममा माटोमा सिँचाइ गरेमा पनि फलहरू फुट्छन् भन्ने छ । तर फल फुट्नुको मुख्य कारण भनेको माटोमा क्याल्सियम र वोरन तत्वको कमी भएर हो भन्ने पनि गरिन्छ । तर, कतिपय अवस्थामा फल फुट्नुमा त्यस्को जातिय गुणले पनि प्रभाव पारेको देखिन्छ । फल फुट्ने समस्या समाधानको लागि बिरुवामा मल दिँदा क्याल्सियम र वोरन तत्व दिएमा पनि यो समस्या केहि मात्रामा कम गर्न सकिन्छ । त्यसैगरी पाईनोलिन (Anti-transpirant) ५० प्रतिशत वा जिब्रेलिन (Gibreline) १२० पि.पि.एम.फल परिपक्क हुनु करिव ४ हप्ता अघि छरेमा पनि फल फुट्ने समस्या केहि मात्रामा

कमी हुन्छ ।

अनारमा लाग्ने मुख्य रोग कीरा :

अनारको फलफूल मध्ये अनारमा धेरै प्रकारका कीराहरूले आक्रमण गर्ने गर्दछन् । मुख्य हानीकारक कीराहरूमा धमिरा, कत्ले कीरा, थ्रिप्स, अनारको पुतली, गवारो (फल तथा काण्डको), पतेरो, झुसिल कीरा, निमाटोड आदि पर्दछन् ।

धमिरा (Termites) :

धमिरा फलफूल बिरुवाको शत्रु नै हो र यसले आक्रमण गर्ने भनेको माटो मुनिको बिरुवाको जरामा हो । यसको रोकथामको लागि बिरुवा लगाउनु पूर्व खाल्डो पुर्ने समयमा ५० ग्राम डर्सभान (क्लोरोपाइरीफस) धुलो माटोमा मिसाएर खाल्डो पुर्नु पर्दछ । बिरुवा रोपि सकेपछि समस्या देखिएमा क्लोरोपाइरीफसको झोल ५ एम.एल ५ लिटर पानीमा राखि बोटको फेद वरपर राम्ररी भिज्ने गरी प्रयोग गर्नु पर्दछ ।

कत्ले कीरा (Scales insects): कत्ले कीरा बिरुवाको पातमा टाँसिएर रस चुस्ने हुँदा पातहरू ओइलाएर जान्छ र बिरुवा को वृद्धि रोकिन्छ । बिरुवाको काण्ड तथा हाँगाको वोक्रा भित्र बसेर पनि कत्ले कीराले बिरुवाको रस चुस्दछ । बिरुवाको समयमा काँटछाँट गर्ने तथा काण्डमा रहेको खुकुलो बोक्रा हटाउने आदि गर्नाले कीराको प्रकोपलाई कम गर्न मद्दत पुग्दछ र ०.१ प्रतिशतको फोलिथायन विषादि १० (१५ फरकमा २(३ पटक छर्नाले कीराको नियन्त्रण गर्न सहयोग पुग्दछ ।

थ्रिप्स (Thrips): यी मसिनो खालका कीराहरू पातको तल्लो सतहमा बसेर बिरुवाको रस चुसेर बाँचेका हुन्छन । थ्रिप्सले रस चुसेको पातहरूमा सेतो दाँगहरू देखा पर्दछन् । पछि रोगि पातहरू पहेलो हुन्छन् र पातहरू झर्न थाल्छन् । यस्को रोकथामको लागि फल पाक्नु अगावै ०.०२ प्रतिशतको मालाथियन झोल पातमा छर्कनु पर्दछ ।

अनारको पुतली (pomegranate butterfly): यो कीरा अनारको सबै भन्दा नोक्सानदायक हो । यसलाई अनारको गवारो पनि भनिन्छ । यो पुतलीले फलको बोक्राको भित्रपटि फुल पारेर छोड्दछ र फलको विकास सँगै फूलबाट लार्भाको विकास भई फल भित्रको गुदि खान सुरु गर्दछ । फललाई राम्ररी नियालेर हेरेमा यस्तो गवारे लागेको फलको बाहिर पटि किराको विष्टा टासिएर रहेको हुन्छ । गवारो लागेको फल फोरेर हेर्दा भित्रपत्ति १-२ लार्भाहरू चलबलाई रहेको देख्न सकिन्छ । यो कीराले अनारको ५०(९० प्रतिशतसम्म नोक्सानी हुने गर्दछ । स(साना फलमा आक्रमण भएमा फलहरू झर्दछन् । परिपक्क फलमा आक्रमण भएमा कहिलेकाहिं बाहिर फल राम्रो देखिएता पनि भित्र लार्भाहरू हुर्किरहेका हुन्छन् । यसको नियन्त्रणको लागि मेटासिड, सेभिन, डेमिक्रन, मध्ये कुनै एक विषादि २ मिलीलिटर प्रति लिटर पानीमा मिसाई १०-१५ दिनको फरकमा २-३ पटक छर्नु पर्दछ । फलहरूलाई कागज वा कपडाले ढाकेर पनि कीराको आक्रमणबाट जोगाउन सकिन्छ ।

काण्डको गवारो (Stem borer): यसले बिरुवाको काण्ड तथा हाँगाहरूमा प्वाल पारेर भित्रको गुदि खाई दिन्छ र बिरुवा कमजोर भई विस्तारै सुक्दै जान्छ । काण्ड वा हाँगामा कीराले बनाएको प्वालमा तारले घोचेर वा रुई (कपास)लाई पेट्रोल वा फर्मालिन वा कार्वडाई सल्फाइडको झोलमा मा चोपेर प्वालमा कोचेर लेसिलो माटो वा मैनले प्वाल टालेर कीरालाई नियन्त्रण गर्न सकिन्छ ।

बोक्रा खाने झुसिल कीरा (Bark eating Caterpiller):

यस प्रकारको झुसिल कीरा बिरुवाको काण्डमा लुकेर बस्दछ । र रातमा बाहिर निस्केर मुलकाण्ड वा हाँगाहरूको बोक्रा खाने गर्दछ । यस्को आक्रमण खासगरेर सरसफाईमा ध्यान नदिएको बगैँचा वा फलफूल बिरुवामा बढि देखिन्छ । बगैँचाको नियमित सरसफाई तथा राम्रो हेरविचार गरेमा कीराको प्रकोप स्वत: घट्दछ भने कीरा लागि सकेको अवस्थामा भने मेटासिड, सेभिन, डेमिक्रन, मध्ये कुनै एक विषादि २ मिलीलिटर प्रति लिटर पानीमा मिसाई १०(१५ दिनको फरकमा २-३ पटक छर्नु पर्दछ

निमाटोड (Nimatodes):

फलफूल बिरुवाको जरामा निमाटोडको आक्रमणले गर्दा बोटको वृद्धि विकासमा असर पर्न जान्छ । यसको आक्रमणले बिरुवाको पातहरू पहेलिएर झर्न थाल्दछन् । निमागन वा फयूराडनको प्रयोगले निमाटोडस्को प्रकोपबाट बचाउन सकिन्छ । बगैचाको बिच(बिचमा सयपत्री फूल रोप्नाले पनि निमाटोडको प्रकोप कम गर्न मद्दत पुग्दछ ।

अनारमा लाग्ने मुख्य रोगहरू :

फल कुहिने (ruit rot):

यो एक प्रकारको ढुसि (Glomerellai congulate) को आक्रमणबाट लाग्दछ । ढुसिको आक्रमण पश्च्यात फलको तलपटि कालो वा छेउतिरबाट सुके जस्तो दाँग देखा पर्दछ र ७(१० दिनमा नै फल कुहिएर झर्दछ । वर्षादको समयमा ढुसिले बिरुवाको फूल फुल्न थालेपछि नै आक्रमण गर्दछ । त्यस्ता फूलहरूमा फल लाग्दैन । फलमा यो रोग लोपछि फलहरू भेट्नो भएतिरबाट पहेँलो कालो दाग देखा पर्न थाल्दछ र दागहरू बढदै जादा फल कुहिएर झर्दछ । रोगको लक्षण देखिन थाले पछि रोगि फलहरू बटुलेर खाल्डोमा राख्ने तथा रोगि हाँगाहरू काटेर डढाउने गर्नु पर्दछ । क्याप्टान नामक ढुसीनाशक विषादि २ ग्राम प्रति लिटर पानीमा राखि १०(१५ दिनको फरकमा २(३ पटक छरेमा रोगको प्रकोप विस्तारै कम भएर जान्छ ।

पात तथा फलको थोप्ले (Leaf and fruit spots):

पातको थोप्ले रोग ढुसि वा ब्याटेरियाको आक्रमणबाट लाग्दछ । शुरुको अवस्थामा पातको माथिल्लो सतहमाा सानो कालो दागहरू देखा पर्दछ । विस्तारै रोग बढदै जादा दागहरू फलमा पनि देखिन थाल्दछ । दाँगको वरिपरि पहेँलो तथा हरियो घेरा बन्दछ र पात तथा फल झर्न थाल्दछ । रोगको लक्षण देखिनसाथ डाइथेन एम ४५ वा क्याप्टान २ ग्राम प्रति लिटर पानीमा राखि १०(१२ दिनको फरकमा छर्नाले रोग नियन्त्रण गर्न सकिन्छ ।

फल टिपेपछि लाग्ने रोग (एयकत जबच(खभकत मष्कभबकभक):

अनारको फल भण्डारण गर्दा धेरै प्रकारका ढुसि तथा ब्याक्टेरियाको आक्रमण हुन सक्दछ । खासगरेर भण्डारण गर्दा चोटपटक लागेका फलहरूमा ढुसि तथा ब्याक्टेरियाको आक्रमण वढि हुने गर्दछ । तसर्थ फल टिप्दा वा ओसारपसार गर्दा घाउ चोट लगाउनु भएन । भण्डारण गर्नु पुर्व फललाई टु फोर डि को ५०० पि.पि.एम वा वेभिष्टिन वा वेनलेट ०.१ प्रतिशतको झोलमा डुबाएर भण्डारण गरेमा ढुसि तथा ब्याक्टेरियाको आक्रमणबाट बचाउन सकिन्छ ।

सन्दर्भ सामग्री :

1.link to this plant:

2. www.TROPICAL PLANT CATALOG http://www.toptropicals.com/cgi-

४. गौतम दुर्गामणी, दुर्गा दत्त ढकाल, फूलफूल तथा औद्योगिक वाली २०५१, वागवानी विभाग, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, केन्द्रीय क्याम्पस रामपुर चितवन नेपाल ।

किसान आन्दोलन इतिहास, सङ्घर्ष र अवधारणा

समाज र किसानको सम्बन्ध अन्योन्याश्रित रहँदै आएको छ । अर्धसभ्य मान्छे घुमन्ते हुँदा एक ठाउँमा अस्थायी रूपमा रहँदैन थिए । कुनै पनि कुराको राम्रो अनुभव नहुँदा चेतनाको विकास हुन सकेको थिएन । पुरुषहरू जनवारको शिकार एवम् जिउँदै जनावर वा कन्दमूल फलफूल खोज्न बाहिर जाँदा घरमा छोपिराखेका जनावर वा अरू सरसमानको संरक्षण वा रेखदेख गर्न जरुरी पर्थ्यो । यो कार्य महिलाद्वारा पूरा गरियो । हमेसा एक ठाउँमा बसी रुखवृक्षका बेर्नाहरू फले(हुर्केका वा खाली ठाउँ झारपात उम्रेका देखिरहँदा स्त्री जातिको दिमागमा खेती कृषि गरेमा उब्जाउ हुन सक्दो रहेछ भन्ने चेतना आयो । कृषि प्रथाको चेतनालाई विकसित गर्नुमा स्त्री जातिको देन रहेको छ । त्यसपछि केही निश्चित जमिनमा खेती गर्न लागियो । यसरी कृषिको विकास भयो । दासयुगको थालनीपछि किसान विभाजित हुन थालेका हुन् । खनजोत गर्न, जीविका चलाउन, आफू बाँच्न, परिवारलाई बचाउन जमिनमा काम गर्ने तथा अन्न उत्पादन गर्ने किसान हुन् । कृषिलाई पेसा/व्यवसाय बनाई आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति किसान हुन् । यसले व्यक्तिमा आश्रित परिवारका सदस्यसमेतलाई जनाउँछ । तर, किसानको अर्थ त्यतिले मात्र पुग्दैन । प्राकृतिक स्रोत र साधन प्रयोग गरी जीवित प्राणीलाई बाँच्न आवश्यक वस्तु (गाँस, वास र कपास) तयार गर्ने जनशक्तिलाई किसान भनिन्छ । यिनीहरू कृषिलाई पेसा व्यवसाय बनाएर आफ्नो जीविकोपार्जन गर्ने गर्दछन्, यसले व्यक्ति आश्रित परिवार सदस्यसमेतलाई जनाउँछ । समग्रमा प्रकृतिको स्रोत र मानवीय श्रमलाई मिलाएर जीवित प्राणीका लागि आवश्यक पर्ने अर्थात् मानवीय जीवनमा आवश्यक वस्तु तयार गर्ने जनशक्ति किसान हुन् ।

किसानको उत्पत्ति मानव सभ्यताको विकाससँगै भएको हो । मानिसको आदिम साम्यवाद युग वा ढुङ्गेयुगबाट शुरु भएको मानव सभ्यता कृषियुगबाट विकास भएको कृषि युगबाट मानव वस्तीको थालनी भएको हो ।

किसान वर्ग : जमिनमा खेती गरी तिनको भरमा जिउने वर्गलाई किसान वर्ग भनिन्छ । जसको जमिन धेरै छ, खेती गर्ने समुदायको समेत श्रम लगाई उत्पादन गर्दछ । यसलाई बेचबिखन गरी धन वा अरू सरसमान व्यवस्था गर्छ र मिलाउँछ, त्यसलाई धनी किसान भनिन्छ । आफूलाई खान पुग्ने किसानलाई मध्यम किसान भनिन्छ । खान पनि नपुग्ने किसानलाई गरिब किसान भनिन्छ । नेपालमा यी किसान छन् । यी वर्गीय स्तरका छन । यही आधारमा मान्ने हो भने किसान जमिन धेरै आफू खेती नगर्ने अरूलाई मजदुरी लगाउने आफूको जग्गा कुत साझे बन्धक, ठेक्कामा लगाउने जमिनदार हुन् भने आफूसँग जग्गा नभएका भूमिहीन सुकुमवासी गरिब किसान हुन् । त्यसै गरी, खान पुग्ने मध्यम किसान हुन् । जब मानिस प्राकृतिक युगबाट वा जङ्गली अवस्थाबाट बर्बर अवस्थामा प्रवेश गऱ्यो; तब उसले पशुपालन र अन्न उत्पादन वा खेती गर्न शुरुवात गऱ्यो (मानव श्रमको विकास) । पशुपालन खेती गर्ने ज्ञान प्राप्त भएपछि मानवले आफ्नो क्रियाशीलताले आफूलाई आवश्यक वस्तु आफैं उत्पादन गर्ने तरिका सिक्यो । ऊ प्रकृतिमाथिको परनिर्भरबाट आत्मनिर्भरतिर अग्रसर भयो । उसले पशु प्रजनन, अन्नको वा फलफूलको बिउ संकलन गरी उत्पादन आफैंले गर्न थाल्यो । प्रकृतिमा परनिर्भर मानिस आफ्नो उत्पादनबाट आफू आत्मनिर्भर बन्न पुग्यो । आफूलाई चाहिने सम्पूर्ण खाद्य, आवास, लत्ताकपडा जोहो गर्न थाल्यो । यो जोहो गर्ने क्रममा प्राकृतिक साधन मानव श्रममा बदलिन पुग्यो । त्यो मानव सम्पत्तिको स्रोतमा परिणत भयो ।

जनसङ्ख्या वृद्धिसँगै प्राकृतिक स्रोत र साधनले मात्र नपुग्ने भयो । मानवीय आवश्यकता धान्न नसक्ने भएपछि प्राकृतिक साधनको प्रयोग गरी मानवीय श्रम र प्राकृतिक वस्तु मिलाएर उत्पादकत्वको वृद्धि गर्ने तरिका अपनाइयो, फलस्वरूप कृषि प्रणालीको विकास भयो । प्राकृतिक साधनलाई सहज तरिकाबाट प्रयोग गर्न प्रकृति र मानवीय श्रमलाई मिलाएर आधुनिक तरिकाबाट छिटो धेरै उत्पादन गर्न अपनाइएको तरिकालाई कृषि भनिन्छ । कृषिले बालीनाली, च्याउ, मौरी, रेशम, पशुपन्छी तथा मत्स्यजन्य उपज, वस्तु, पदार्थ, पशुपन्छी आहारा, उत्पादन गर्ने कार्य र सम्बन्धित प्रणालीलाई जनाउँछ । यसले बिउ, नश्ल, खेती गरिएको वनपैदावार र जडीबुटीसमेतलाई बुझाउँछ । यही प्रक्रियामा मानिसले प्राकृतिक साधनको प्रयोग गरेर उत्पादनका साधनको विकास गर्दै आएका छन् ।

खाद्यान्न उत्पादनमा बिउमा क्रस गरी उन्नत जातको बिउ बनाउने, कम्पोस्ट मलको ठाउँमा रासायनिक मल बनाउनु, पशुमा एआई प्रयोग गरी धेरै उत्पादन प्रक्रिया अपनाउन थालिएको इतिहासदेखि विकास भएको देखिन्छ । आफूलाई सहज बनाउन पशु प्राकृतिक खनिजबाट मानव निर्मित



वस्तु तयार गरे, जसमा पहिले मानिसले चाँदीको बञ्चरो प्रयोग गरेपछि त्योभन्दा कडा धातु फलामको ल्याए । काठको हलो गोरुद्वारा जोत्न मानिसले वा पशुपालनबाट कपडा, राडीपाखीदेखि दूध माछा, मासुका लागि पशुपालान त्यसको आवश्यकताअनुसार प्रयोग गर्न थाले । कसैको रौंको प्रयोग गरी कपडा बनाउने, कसैको मासुको लागि प्रयोग गर्ने, कसैलाई जमिन जोत्न, कसैलाई दूध खान प्रयोग गरेर र आफूको नजिक राखेर पाल्न थालियो । विभिन्न समयमा अर्थशास्त्रीहरूले यस प्रक्रियाको विश्लेषण गरेका छन् । राहुल सांकृत्यायनका अनुसार ईपू (५,०००(३,०००) सम्म मानिस भव्य सपना देख्दथे, जुन समयमा खेतीपाती, नहर र सौर्यपञ्चाङ्गको विकास भएको थियो ।

प्लेटोले सम्पत्ति र शासनको अवधारणा ल्याएका थिए । प्रत्येक वर्गका मानिसहरूका लागि प्लेटोले आदर्श सम्पत्ति व्यवस्थाको सुझाव दिएका थिए । किसान र कारिगरहरूलाई मात्र नाफाको लागि काम गर्न अनुमति दिएको थियो । उनीहरूले सम्पत्ति जम्मा गर्न सक्थे । त्यति बेला शासक र सहायक कर्मचारीहरूलाई सम्पत्ति जम्मा गर्ने अधिकार थिएन । साथै, अरस्तु आर्थिक

समस्यालाई राजनीतिक दृष्टिकोणबाट हेर्दथे । सामुदायिक सम्पत्ति विवाद निम्त्याउँछ भन्ने तर्कको आधारमा उनले निजी सम्पत्तिको पक्षपोषण गर्दथे । अरस्तुले अर्थतन्त्रलाई दुई भागमा विभाजन गरेका थिए, एक(प्राकृतिक अर्थतन्त्र वा घरायसी व्यवस्थापन र, दुई(कृत्रिम वा धन प्राप्त गर्ने अर्थतन्त्र । उनले व्यापारिक कारोवारलाई सहज बनाउन पैसा प्रयोगमा ल्याएको बताए । उनले उत्पादन मूल्य र विनिमय मूल्यको अवधारणा अगाडि बढाए । कौटिल्य कुटनीति र राजनीति रणनीतिमा विज्ञ भएकाले उनी चन्द्रगुप्त मौर्यका मुख्यमन्त्री थिए । कौटिल्यले आफ्नो अर्थशास्त्रमा राजा, मन्त्री, सरकारी अधिकारीहरूको प्रशासनिक कार्यविधिको स्पष्ट वर्णन गरेका छन् । यस ग्रन्थमा अर्थशास्त्रको सिद्धान्त र अभ्यास समेटिएको छ । उनले राष्ट्रिय अर्थतन्त्रको विज्ञानलाई वार्ता भनेका छन् । यसमा कृषि, पशुपालन र व्यापार समावेश छन् । प्राचीन भारतमा परिवारका सदस्यहरूको सन्तुष्टिका लागि, सञ्चालन गर्न होइन; आवश्यक हुने मात्र धन कमाउन व्यक्तिहरूलाई स्वतन्त्र थियो । उनको पुस्तकमा कल्याणकारी राज्यको बारेमा प्रशस्त विचार समेटिएका छन् ।

समाजमा ईपू १,५०० ईपू ६०० सम्मको आर्यहरूको सामाजिक जीवन पितृसत्तात्मक कबिलातन्त्रमा आधारित थियो । तिनीहरूको शुरुको मुख्य पेसा पशुपालन र सहायक पेसा कृषि थियो । आर्यहरू आगोको उपयोग गर्दथे । वैदिक युगको अन्त्यतिर फलामको बञ्चरोको प्रयोग गर्न थालियो । ईपू १,००० तिर हालको उत्तर प्रदेशमा फलामको प्रचलन थियो ।

कृषिको विकाससँगै प्राकृतिक स्रोत कब्जा हुन थाले । मानव श्रमद्वारा उत्पादन वस्तुबाट मानव जीवन निर्भर हुन गयो । जब मानव श्रमद्वारा उत्पादनका साधन मुख्य साधन बने, तब मानिसबिचमा श्रम विभाजन भयो । मानव श्रम नै उत्पादनको मुख्य स्रोत बन्न पुग्यो । त्यसबाट मानव सभ्यता आरम्भ भयो, जसलाई सभ्यताको युग पनि भनिन्छ । मानव श्रममा आधारित प्राकृतिक स्रोतको प्रयोग हुन थालेपछि प्रकृतिमाथि र मानवमाथि एकार्कामा आन्तरिक सम्बन्ध बन्न गयो । यही बन्ने क्रममा प्राकृतिक साधनको भाग लगाउन थालियो । मानवीय श्रम वा कृषि कर्म गर्ने क्रममा पहिले जमिन कब्जा भयो । त्यसपछि पशु र जीवजन्तु कब्जामा लिइयो । मानवले प्रकृतिलाई निजी बनाएर काम गर्न थालियो । छाडा पशुलाई बाँध्न थालियो । आफूलाई आवश्यकता पर्ने पशु संकलन गर्न थालियो । काम गर्ने र नगर्नेबिच क्रमशः द्वन्द्व हुन थाल्यो ।

जङ्गली अवस्थाको मानिस समाजमा आएर बस्ने क्रममा अर्काले लगाएको बाली लुटेर खाने, आफू कुनै श्रम नगर्ने अवस्थामा बाली लगाउने र नलगाउनेबिच युद्ध भए । युद्धको क्रममा बलियो र दुब्लोमा वा उत्पादन गर्ने र नगर्ने, जमिन हुने र नहुनेबिच युद्ध भयो । हार्नेलाई बन्दी बनाएर कृषिकर्ममा लगाइयो । यसको आधारमा वर्गविभाजन भएको छ । जब प्राकृतिक स्रोत (जल, जमिन, हावा) मानवीय कब्जामा आयो, तब वर्गविभाजनको थालनी भयो । जमिन हुने र नहुने तथा काम गर्ने र नगर्नेबिचको युद्धको थालनी भयो । हार्नेलाई दास बनाइयो अनि कृषिकार्यमा लगाइयो । यही प्रक्रियामा कृषि प्रणालीको थालनी, विकास र विस्तार हुँदै विभिन्न अवस्था अगि बढेको पाइन्छ ।

♦हरि श्रेष्ठ, अध्यक्ष, किसान महासंघ वहुमत

काठमाडौंमा सातौं नेपाल एग्रीटेक इन्टरनेशनल एक्स्पो २०८१

काठमाडौंको माघ २८, भृकुटीमण्डपमा फागुन २ देखि ४ गतेसम्म ' सातौं नेपाल एग्रीटेक इन्टरनेशनल एक्स्पो ' भएको छ । कृषि क्षेत्रको समस्त विकासमा सघाउन मिडिया स्पेस सोलुसन्स प्रा.लि.,फ्युचरेक्स ट्रेड फेयर्स एण्ड इभेन्ट्स् प्रा.लि. तथा एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रा.लि. ले संयुक्त रुपमा ' सातौं नेपाल एग्रीटेक इन्टरनेशनल एक्स्पो ' गरेको थियो । उक्त एक्स्पोमा नेपाल भित्रका कृषि उद्यमी, व्यवसायीका साथै विदेशी व्यवसायी तथा कम्पनीहरुको प्रदर्शनी स्टल रहेका थिए । यस एक्स्पोमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रवर्द्धकको मुख्य भूमिकाको रुपमा रहेको छ, भने सहयोगी संस्थाहरुमा राष्ट्रिय दुग्ध विकास बोर्ड, नेपाल कृषि सहकारी केन्द्रिय संघ लिमिटेड, राष्ट्रिय कृषक समूह महासंघ नेपाल, नेपाल गाउँपालिका राष्ट्रिय महासंघ र नेपाल पोल्ट्री महासंघ रहेका छन् ।

यस्तै, उक्त प्रदर्शनीमा १ सयभन्दा बढी स्टल रहने मिडिया स्पेस सोलुसन्स प्रा.लि. का प्रबन्ध निर्देशक सिर्जल भट्टराईले बताएका थिए । उक्त एक्स्पोमा देशै भरिका अगुवा किसान दाजुभाइ, अगुवा कृषकहरु, नगरपालिका तथा गाउँपालिकाका प्रतिनिधि, नीति निर्माता, व्यवसायी, उद्यमी, व्यापारी, आयातकता, निर्यातकर्ता, सरकारी तथा गैर (सरकारी संस्थाहरु, बैंक तथा वित्तिय संस्थाहरु, अनुसन्धान कर्ता, शिक्षकशिक्षिका, विद्यार्थीहरु र शिक्षण संस्थाहरुको विशेष उपस्थिति भएका थिए । यसैगरी, उक्त एक्स्पोमा कृषि कर्मलाई सहज र किफायती बनाउन मद्दत पुऱ्याउने साना साना औजार, मेशिनदेखि लिएर डेरी मेशिनरी तथा पशुपंक्षीपालन उद्योगमा प्रयोग हुने उपकरणहरुको प्रदर्शनी गरिने तथा नेपालको कृषि क्षेत्रको यान्त्रीकीकरणमा सहयोग पुर्याउन यो एक्स्पो कोशेढुंगा साबित हुने आयोजक बताएका थिए ।

सबैको लागि नि:शुल्क प्रवेशको व्यवस्था मिलाइएको एक्स्पोबाट नेपालको कृषि क्षेत्रलाई उपयुक्त हुने नविनतम प्रविधि तथा सेवाहरुको पहिचान गर्न मद्दत मिल्ने र तीनको प्रयोगद्धारा कृषि उत्पादन वृद्धि भई मुलुकलाई कृषि उपजमा आत्मनिर्भर बन्न टेवा पुग्ने विश्वास गरिएको छ । त्यस्तै, उक्त एक्स्पोमा कृषिका विभिन्न विधाहरु (जस्तै: कुखुरापालन, माछापालन, बाख्रापालन, गाई / भैंसी पालन, डेरी, कृषिका मेसिनरी औजार, उपकरण, भेटेनरी, खाद्य प्रविधि) लगायतका बारेमा जानकारी प्राप्त गर्न सकिने छ । मुख्य एक्स्पो स्थलमा सबै विधाका अलग अलग समूह स्टल रहेका थिए । एक्स्पोमा अवलोकन गर्न आउनेले आफ्नो चाहना आवश्यकता र चासो अनुसारको स्टलमा गएर सम्पूर्ण जानकारी लिन सक्ने गरी व्यवस्था मिलाइएको थियो ।

प्राण घातक औलो रोग यसको निवारण

दश वर्षयता पहिलो पटक विश्वमा औलो रोग लाग्नेको संख्यामा कमी नआएपछि यो प्राणघातक रोगको पुनरागमन भएको हो कि भन्ने चिन्ता उत्पन्न भएको छ ।

राष्ट्रमण्डलका सदस्य देशहरूको शिखर सम्मेलनको क्रममा लन्डनमा भेला भएका

नेताहरूलाई अन्तर्राष्ट्रिय विज्ञहरू तथा परोपकारी कार्यमा संलग्न विल गेट्सले औलोविरुद्ध लड्न थप आर्थिक सहयोग गर्ने आह्वान गरेका छन् ।

सन् २०१६ मा विश्वको झण्डै आधा जनसंख्या औलो रोगको जोखिममा थियो । त्यो वर्ष ९१ देशमा औलो रोगबाट २० करोड १६ लाख रोगीहरू भेटिएका थिए । त्यो सन् २०१५ को तुलनामा ५० लाखले बढी हो ।

अमेरिकाका केही भागहरूमा, दक्षिण(पूर्वी एसिया, पश्चिमी प्रशान्त क्षेत्र तथा अफ्रिकामा औलो रोगको जोखिम बढिरहेको छ । तर, अन्य धेरै क्षेत्रहरूमा संक्रमणको स्तर कि स्थिर छ कि घट्दो छ ।

'औषधिले काम गर्नै छाड्यो ।'

बीबीसीको रेडियो फोरको टुडे कार्यक्रममा बोल्दै विल गेट्सले लामखुट्टेहरूले हावापानी अनुसार आफैलाई परिवर्तन गर्दै गएको बताए । उनले मूल उद्देश्य यस्तो अवस्थालाई आधाले घटाउनु रहेको बताए ।

"हामीले केही गरेनौं भने, हामीले प्रयोग गर्ने कीटनाशक विषादीले काम गर्न छाड्छन् अनि औषधिले काम गर्न छाड्छ किनकि परजीविले आफैलाई विकास गराउँदै लैजान्छ । त्यसैले यो यस्तो खेल हो जहाँ तपाई कि त असफल बन्नुहुन्छ वा अगाडि बढ्नुहुन्छ ।"

थप रकम, पहिलेको भन्दा राम्रो अनुगमन अनि "महान वैज्ञानिकहरू"ले औलोविरुद्ध कसरी लड्ने भनेर काम गरिरहेकाले आशा रहेको उनले बताए ।

'विश्वका लागि खतरा बन्दै सुपर मलेरिया'

उनले अफ्रिकामा औलोले लाखौं बालबालिकाको ज्यान लिने गरेको भन्दै त्यस क्षेत्रमा उपलब्धी हासिल गर्नुपर्ने खाँचो औंल्याए ।

औंलोका परजीवि र तिनलाई फैलाउने लामखुट्टेले औषधि एवम् कीटनाशक पदार्थको प्रतिरोध गर्ने क्षमता विकास गरेकाले समस्या बढेको हो ।

नयाँ उपचार पद्धतिहरू पनि देखा पर्दैछन् । अफ्रिकाका केही स्थानहरूमा बालबालिकालाई औंलो रोगबाट बचाउन प्रयोगात्मक प्रयोजनका लागि ल्याइएको नयाँ सुई मस्क्युरिक्स प्रयोगमा ल्याइसकिएको छ । नब्बे प्रतिशत औंलो रोगका विरामीहरू र औंलो रोगका कारण मारिने ९१ प्रतिशत घटना अफ्रिकामा नै हुनेगर्छ ।

विज्ञहरूका अनुसार औंलो रोगको संख्यालाई अबको पाँच वर्षभित्र आधामा झार्ने प्रतिवद्धता गरियो भने राष्ट्रमण्डलका देशहरूमा छ लाख ५० हजार जीवन बचाउन सकिन्छ ।

'औंलोको अन्त्य'

ब्रिटेन सरकारले भनेको छ अबको तीन वर्षका लागि औंलो रोगविरुद्ध लड्नका लागि उसले ५० करोड पाउण्ड बराबरको लगानी गर्नेछ ।

सन् २०२३ सम्म विल तथा मेलिन्डा गेट्स फाउण्डेशनले एक अर्ब डलरको थप सहयोग गर्नेछ ।

प्रधानमन्त्री टरिजा मेले भनेकी छिन्, "काम अझै सकिएको छैन । दशौं लाख मानिसहरू अझै पनि जोखिममा छन् । अर्थतन्त्रमा असर परेको छ अनि प्रत्येक दुई मिनेटमा औंलोका कारण एउटा बच्चाको ज्यान गइरहेको छ । त्यसैले सन् २०२३ सम्म सदस्य राष्ट्रहरूमा औलो आधाले घटाउने वाचाको मैले समर्थन गरिरहेकी छु ।"

मलेरिया नो मोर यूके नामक संस्थाका जेम्स विटिङले भने, "औलो उन्मूलन सम्बन्धी अभियान महत्वपूर्ण मोडमा आइपुगेको छ ।"

"यो त्यो रोग हो जसले सम्भवत: अहिलेसम्म अरु रोगले भन्दा धेरै मानिसहरूको ज्यान लिएको छ ।"

अमेरिकी औषधि नियामक निकायका अधिकारीहरूले ६० वर्षपछि पहिलो पटक मलेरिया अर्थात औंलो रोग विरुद्धको नयाँ औषधि स्विकृत गरेका छन् ।

नयाँ औषधिको एकै मात्राले भाइभ्याक्स् भनिने बल्झिरहने खालको मलेरिया निको पार्न सक्ने उनीहरूको भनाइ छ ।

भाइभ्याक्स् मलेरियाले विश्वमा वर्षेनी ८५ लाख मानिसहरूलाई सताउने गरेको बताइन्छ ।

"ठूलो उपलब्धी"

नेपालमा असामयिक मृत्यु गराउने १० कारण खानपानमा ध्यान दिन चिकित्सकको सुझाव हैजा : २०३० सम्म ९० प्रतिशत कम गर्ने लक्ष्य

'जाजरकोटमा देखिएको रोग नियन्त्रणमा'

भाइभ्याक्स मलेरियाका विरामीले औषधि खाए पनि उनीहरूको कलेजोबाट परजीविहरू पूरै नहट्ने हुँदा रोग बल्झिरहने समस्या देखिने गरेको छ ।

तर अब त्यो समस्या हट्ने र भाइभ्याक्स मलेरियान निको पार्न सकिने अमेरिकी अधिकारीहरूले बताएका छन् ।

वैज्ञानिकहरूले टाफेनोक्विन नामक औषधिलाई "ठूलो उपलब्धी" भनेका छन् । अब त्यो औषधि भाइभ्याक्स् मलेरियाबाट पीडित विश्वभरका विरामीहरूलाई दिन सकिने विकल्प तयार भएको अधिकारीहरूले बताएका छन् ।

प्लास्मोडियम भाइभ्याक्स् नामक परजीविका कारण भाइभ्याक्स् मलेरिया फैलिने गरेको छ ।

यसले सब सहारा अफ्रिका बाहेकका क्षेत्रमा ठूलो समस्या खडा गरेको छ ।

यस्तो प्रकारको मलेरियाको संक्रमण दक्षिण अमेरिका र दक्षिण तथा पूर्वी एसियामा धेरै देखिने गरको छ ।

खास गरी बच्चा(बच्चीहरू यस्तो मलेरियाको संक्रमणको जोखिममा पर्ने गरेका छन् । यो मलेरिया फैलाउनका लागि लामखुट्टेको एउटा टोकाई नै पर्याप्त हुन्छ ।

सावधानी

तर टाफेनोक्विन औषधिको एउटै मात्राले त्यस्तो मलेरिया फैलाउने परजीविलाई विरामीको कलेजोबाट निर्मूल पार्न सक्ने अमेरिकी अधिकारीहरूले बताएका छन् । अहिले बजारमा उपलब्ध प्राइमाक्विन भनिने औषधि विरामीले १४ दिन सम्म लिनु पर्ने हुन्छ । तर त्यो लिएपछि पनि औलो रोग बल्झिने गरेको भन्दै विज्ञहरू चिन्तत थिए । विज्ञहरूका अनुसार नयाँ औषधि प्रभावकारी छ तर ग्रन्थीको समस्या र मानसिक रोग भएका विरामीलाई टाफेनोक्विनले साइड इफेक्ट अर्थात् नकारात्मक असर पुऱ्याउन सक्छ ।

व्यवसायिक कृषिमा यान्त्रीकरणको बढ्दो प्रयोग

♦रितु रुपाखेती

विश्वमा कृषि यान्त्रीकरणको आवश्यकता बढ्दो छ । र माग पनि बढिरहेको छ । नेपालमा मात्र गाई हातले मात्र दुहुने र फलफूल हातले मात्र टिप्ने प्रचलन अझै कायमै छै कृषिले अझै देशमो औद्योगिकीकरण रुप लिइसकेको छैन ।

केही धेरैहरू कृषि आधुनिकीकिरणमा गइरहेको छ । भने र धेरै देशहरू आर्थिक

विकासको शिखरमा पुगेका छन् भने कतिपय पुग्न लागेका छन् । यिनीहरूले आर्थिक विकासको अनुभव पनि पर्याप्त मात्रामा सम्हालेका छन् । यस्ता मुलुकहरूलाई विकसित मुलुक भनिन्छ तर विश्वमा झण्डै ८० प्रतिशत देशले आर्थिक विकास गर्न सकेका छैनन् । यिनीहरूको अर्थतन्त्र विकसित मुलुकको तुलनामा पछाडि छ ।

यसरी विश्वका केही मुलुक आर्थिक विकासको शिखरमा पुग्नु र धेरै मुलुकहरू अझै पनि पिछडिएको अवस्थामा रहनुको कारण आर्थिक, सामाजिक, साँस्कृतिक एवम् राजनैतिक हुन सक्तछ । त्यसमध्ये पनि आर्थिक र राजनैतिक कारणलाई आर्थिक पछौटेपनको प्रमुख कारण मान्न सकिन्छ । विकसित मुलुकहरू जापान, बेलायत, अमेरिका, जर्मनी आदिको इतिहासलाई हेर्ने हो भने यिनीहरू प्रारम्भमा कृषि प्रधान मुलुकका रुपमा थिए र कृषि क्षेत्रको विकास गरी औद्योगिक क्षेत्रतर्फ स्थानान्तरित हुन पुगेका छन् । तसर्थ, यिनीहरूबाट पाठ सिकेर विशेषत: नेपालजस्तो कृषि प्रधान मुलुकले औद्योगिक विकासका पूर्वाधारको रुपमा सर्वप्रथम कृषि क्षेत्रको विकासमा सक्रिय हुनु आवश्यक छ किनकि कृषि वा औद्योगिक जुनसुकै क्षेत्रमा पनि जीवन निर्वाहको निम्ति आवश्यक खाद्यान्नको आवश्यकता पर्दछ । कृषिमा आत्मनिर्भर नभएसम्म अन्य द्वितीय एवम् तृतीय क्षेत्रको विकास हुन कठिन हुन्छ । कृषि क्षेत्र सक्षम र सबल भएपछि मात्र विकास सम्भव हुन्छ ।

८ हजार वर्षअघि मेसोपोटामिया (वर्तमान इराक) क्षेत्रबाट मानवीय भौतिक उन्नति प्रारम्भ भएको हो, जसको आधार कृषि थियो । आज इराक आर्थिक रुपमा विश्वकै शक्तिशाली राष्ट्रको रुपमा आउँछ । नामेबिया र वोत्स्वानाको मरुभूमिमा अझै पनि आर्थिक उन्नति हुनसकेको छैन । यस तथ्यबाट के स्पष्ट हुन्छ भने हरेक औद्यागिक उन्नति र प्रगतिको मूल आधारनै कृषी क्षेत्र हो ।

सन् २००८ मा विश्व बैंकबाट प्रकाशित विश्व विकास प्रतिवेदनमा आर्थिक उन्नतिको मूल कृषि भएको कुरालाई पुष्टि गर्दै लेखिएको छ, 'अठारौं शताब्दीको मध्यतिर बेलायतले र १९ औं शताब्दीको अन्त्यतिर जापानले गरेको औद्योगिक उन्नतिको अग्रदूतको रुपमा कृषि उत्पादन थियो । हालैका वर्षहरूमा चीन, भारत र भियतनामले गरेको औद्योगिक उन्नतिको अग्रस्थान पनि कृषिलाई नै मानिन्छ ।'

यस प्रकार यी देशहरू कृषिको विकास गरी औद्यौगिक क्षेत्ररुपी बजार अर्थतन्त्रतर्फ स्थानान्तरित हुन पुगे पनि विश्वमा नेपाललगायत धेरै अल्पविकसित देशहरूले कृषि क्षेत्रको विकास गर्न सकेका छैनन् । औद्योगिक क्षेत्रको विकासको पनि विस्तार हुन सकेको छैन । ३ बिलियन (१ अर्ब) भन्दा बढी मानिसहरू ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । तिनीहरू कृषिमा संलग्न छन् तथापि तिनीहरूमध्ये धेरैले दैनिक न्यून् डलर मात्र आर्जन गर्दछन् । यस प्रकार विश्वका अधिकांश मानिसहरू ग्रामीण क्षेत्रमा बस्छन् र कृषिजन्य कारोबार गर्छन् तथापि आत्मनिर्भर हुन सकेका छैनन् । यसका प्रमुख कारणहरू गरिबी एवम् अशिक्षा हुन् । विश्व बैंकद्वारा सन् २००७ मा प्रकाशित प्रतिवेदनले पनि कृषिमा निर्भर मुलुकको गरिबी घटाउने प्रमुख एजेण्डा कृषिको विकासलाई मानेको छ । तसर्थ, कृषिप्रधान मुलुकको सरकारले कृषि क्षेत्रको विकासका लागि सार्वजनिक एवम् निजी दुवै क्षेत्रबाट हात अगाडि बढाउनु आवश्यक छ ।

कृषि क्षेत्रको विकासले मुख्य रुपमा देशको आर्थिक विकासमा निम्न योगदान पुऱ्याउन सक्तछ ।

कृषि क्षेत्रले उद्योग, व्यापार, सामाजिक सेवा, शिक्षा, स्वास्थ्य, यातायात तथा सञ्चार, विद्युत् आदि गैरकृषि क्षेत्रमा संलग्न मानिसशरूलाई विभिन्न प्रकारका उपभोग्य वस्तुहरू: खाद्यान्न, फलफूल, माछा(मासु आदि उपलब्ध गराउने गर्दछ । यसबाट गैह्र(कृषि क्षेत्रमा क्रियाशील उपभोक्ताको खाद्यान्नको समस्या समाधान हुन्छ । यस्तै, गैह्र(कृषि क्षेत्र उद्योगबाट कृषि क्षेत्रका मानिसले औद्योगिक वस्तु प्राप्त गर्दछन् । एकले अर्कालाई सहयोग लिने(दिने गर्दछन् । कृषि क्षेत्रलाई व्यवसायिक बनाउने 'मार्केटेबल सरप्लस' (बजारयोग्य बचत) को निम्ति कृषि क्षेत्र सक्रिय हुन्छ । परिणामत: कृषि उत्पादनमा वृद्धि हुन्छ । यसबाट औद्योगिक क्षेत्रमा सुलभ तरिकाबाट खाद्य पदार्थ उपलब्ध हुन थाल्छ । सन् १८६८ मा जापान र १९२० तिर कलेक्टिभाइजेशन कार्यक्रम अन्तर्गत रुसमा 'मार्केटेबल सरप्लस' मा (कृषि क्षेत्रको उत्पादन र कृषि क्षेत्रको निम्ति आवश्यक पर्ने वस्तुबीचमा अन्तर) उल्लेखनीय वृद्धि गरी औद्यौगिक क्षेत्रतर्फ निर्यात गरिएको थियो । वास्तवमा

औद्योगिक उन्नतिका लागि 'मार्केटेबल सरप्लस' को ठूलो महत्व हुन्छ । 'मार्केटेबल सरप्लस' मा वृद्धि हुन सकेन भने खाद्यान्नको माग र मूल्य दुबैमा वृद्धि हुन्छ । यसले औद्यौगिक उत्पादनमा प्रतिकूल प्रभाव पार्दछ । श्रमिकको ज्याला र कृषिजन्य कच्चा पदार्थको मूल्य बढ्दछ । औद्योगिक उत्पादनमा कमी आउँछ, नाफा घट्छ । पूँजी निर्माणमा कमी आउँछ, जसले आर्थिक विकासमा अवरोध ल्याउँछ ।

आधुनिक कृषि साधानमा जोड दिनु

हिजो हामी हलो कुटो कोदालोको भरमा परम्परागत ढंगले देशको कृषि लाई बढाईरहेको थियौं । तर, आज त्यो अवस्थाको करिव(करिव अन्त्य गर्ने वाध्यता हामीमा आएको । बढ्दो जनसंख्या कृषि गर्ने युवाहरूको अभावमा कृषि गर्ने मेशिनरीको आवश्यकता बढ्दै गएको छ । मुख्यतया कृषि क्षेत्रबाट औद्योगिक क्षेत्रले दुई प्रकारका साधनहरू प्राप्त गर्न सक्छ । ती हुन् श्रम र पूँजी । कृषि क्षेत्रमा आवश्यकताभन्दा बढी श्रमिक पूँजीलाई वित्तीय संस्थामार्फत् संकलन गरी औद्यौगिक क्षेत्रतर्फ स्थानान्तरण गर्न सकिन्छ ।

कृषि क्षेत्रबाट औद्योगिक क्षेत्रमा स्थानान्तरित श्रमिकहरूको ज्याला कृषि क्षेत्रको भन्दा बढी हुन्छ । उनीहरूको जीवनस्तर उच्च हुन्छ । यसले कृषि उत्पादनको मागमा वृद्धि हुन पुग्छ । कृषि क्षेत्रका मानिसको पनि आय बढ्छ । औद्योगिक उत्पादनको माग बढ्छ । परिणामत: कृषि र औद्यौगिक क्षेत्र एक(अर्काका सहयोगी हुन पुग्छन् । कृषि क्षेत्रको उत्पादन औद्यौगिक क्षेत्र र औद्योगिक उत्पादन कृषि क्षेत्रमा खपत हुन पुग्छ ।

ठूला किसानले कृषि व्यवसायबाट पनि ठूलो मात्रामा आय आर्जन गर्छन् । उनीहरूको उल्लेखनीय बचत हुनसक्छ । उनीहरूले यो बचतलाई प्रत्यक्ष वा अप्रत्यक्ष दुबै रुपबाट औद्योगिक उत्पादनमा लगानी गर्न सक्छन् । यसबाट देशमा घरेलु तथा साना, मझौला र ठूला उद्योगको विकासमा सहयोग पुग्छ । सरकारले कृषि क्षेत्रबाट करको रुपमा प्राप्त रकम औद्योगिक क्षेत्रमा पनि लगानी गर्न सक्छ ।

कृषि उत्पादनको मूल्य उच्च भएको अवस्थामा उद्योगलाई बेफाइदा पनि हुन सक्छ किनकि यस्तो अवस्थामा किसानमा कम उत्पादन गर्ने, धेरै समय काम गर्ने, बढी समय आराम गर्ने प्रवृत्तिको विकास पनि हुनसक्छ । किसानले आफ्नो उत्पादन बढी मूल्यमा बिक्री हुने भएपछि अझ उन्नत प्रविधि प्रयोग गरी बढी वस्तु उत्पादन गर्न पनि सक्छन् । यसबाट कृषि र उद्योग दुबै क्षेत्रमा लाभ पुग्छ ।

बजारको योगदान :

उत्पादन मात्र गरेर हुँदैन । हरेक उत्पादित वस्तु मूल्य श्रृँखलामा पर्नु पर्छ । कृषि विकासबाट बजार विस्तारमा पनि सहयोग

> यसरी औद्योगिक क्षेत्रको बजार कृषि क्षेत्र र कृषि क्षेत्रको बजार औद्यौगिक क्षेत्र बन्न पुग्दछ । दुबै क्षेत्र एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । सन् १९५४ तिर जापानले यही नीति अवलम्बन गरेको थियो ।

पुग्ने गर्छ । किसानका लागि आधारभूत आवश्यकताका वस्तुहरू लत्ताकपडा, भाडावर्तन, कृषि औजार, रासायनिक मल, कीटनाशक औषधिजस्ता वस्तुहरू औद्योगिक क्षेत्रबाट प्राप्त हुन्छन् भने औद्यौगिक क्षेत्रले पनि कृषि क्षेत्रबाट श्रमिक, कच्चा पदार्थ, खाद्य पदार्थजस्ता वस्तुहरू प्राप्त गर्दछन् । यसरी औद्योगिक क्षेत्रको बजार कृषि क्षेत्र र कृषि क्षेत्रको बजार औद्यौगिक क्षेत्र बन्न पुग्दछ । दुबै क्षेत्र एक आपसमा अन्तर्सम्बन्धित हुन्छन् । सन् १९५४ तिर जापानले यही नीति अवलम्बन गरेको थियो । लक उडका अनुसार, प्राथमिक (कृषि) उत्पादन औद्योगिकीकरण र शहरीकरणका निम्ति अन्तर्सम्बन्धित हुन्छ । उद्योग क्षेत्रमा पनि औद्यौगिक बजारको विस्तार हुन्छ । किसानले पनि कृषिको लागि आवश्यक औद्योगिक उपकरण प्राप्त गर्दछन् ।

तर, कृषि क्षेत्र र औद्योगिक क्षेत्रको सन्तुलित विकास भएको अवस्थामा मात्र कृषि क्षेत्र र औद्यागिक क्षेत्र एक(अर्काका सहयोगी बन्न सक्छन् । कृषि र औद्योगिक दुबै क्षेत्रमा बजार विस्तार हुन्छ । खाद्य वस्तु, कच्चा पदार्थ, श्रम सस्तो मूल्यमा उपलब्ध हुँदा उद्योगले बढी फाइदा गर्दछ । कृषि उत्पादन महँगो हुँदा उद्योगले बढी नाफा आर्जन गर्न सक्तैन । कृषि उत्पादन सस्तो हुँदा कृषि क्षेत्रको आयस्तर न्यून् हुन्छ । यस अवस्थामा उनीहरूको क्रय क्षमता पनि न्यून् हुन्छ । औद्यौगिक वस्तुको माग कम हुन्छ । परिणामत: औद्योगिक उत्पादन घट्छ । बेरोजगार एवम् अदृश्य बेरोजगारमा वृद्धि हुन्छ । कम आय, कम बचत, कम लगानी र उत्पादन पनि कम हुन्छ ।

औद्योगिक क्षेत्र र कृषि क्षेत्रको सन्तुलित विकासका लागि लेविसको 'इकोनोमिक डेभलपमेन्ट विथ अनलिमिटेड सप्लाइज अफ लेबर' लेखमा व्यक्त विचार अनुसार, कृषि क्षेत्रमा असीमित श्रमिक हुन्छन् र कृषि क्षेत्रको निम्ति आवश्यक पर्नेभन्दा बढी श्रमिकलाई आवश्यक प्रशिक्षण दिएर औद्योगिक क्षेत्रमा स्थानान्तरण गर्दा कृषि क्षेत्र र औद्यौगिक क्षेत्रका श्रमिकको आय बढ्दछ किनकि कृषि श्रमिकको भन्दा औद्यौगिक श्रमिकको पारिश्रमिक बढी हुन्छ । यसले उनीहरूको क्रय क्षमतामा वृद्धि गर्छ । कृषिजन्य वस्तुको माग बढ्छ, मूल्य बढ्छ र उत्पादन बढ्छ । कृषिबजार विस्तार हुन्छ । परिणामत: कृषि क्षेत्रका मानिसको पनि जीवनस्तरमा विकास हुन्छ ।

नेपालको परिवेशमा भने कृषि श्रमिकको अवस्था लेविसको अवधारणाविपरीत हुन लागेको देखिन्छ । २०६८ सालको जनगणना अनुसार करिब २० लाख युवा वैदेशिक रोजगारका नाममा विदेशिएका छन् । जसको परिणाम कृषि श्रमिक पाउन छोडिएको छ । कतिपय कृषियोग्य जमिनमा खेती गर्न छोडिदै गएको देखिन्छ । यसको दूरगामी परिणाम अवश्य पनि राम्रो हुँदैन । तसर्थ, सम्बन्धित पक्ष यसप्रति समयमै सचेत हुनु आवश्यक छ ।

वैदेशिक निर्यातमा योगदान :

स्वदेशमा आवश्यक पर्नेभन्दा बढी कृषिजन्य उत्पादन (फलफूल, माछा(मासु, सागसब्जी, खाद्यान्न, दलहन आदि) विदेश निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्न सकिन्छ । यसबाट प्रतिकूल भुक्तान सन्तुलन अनुकूल बनाउन मद्दत पुग्छ । वैदेशिक मुद्राको सञ्चितिमा वृद्धि हुन्छ तर, नेपालबाट अलैंची, अदुवा, अम्रिसो, सुपारीजस्ता वस्तु न्यून् मात्रामा विदेश निर्यात गरिने २०६८ को आर्थिक सर्वेक्षणले देखाएको छ । यस तथ्यबाट के स्पष्ट हुन्छ भने कृषि प्रधान देश भएर पनि कृषि उत्पादनको निर्यात व्यापारमा विस्तार हुन सकेको छैन ।

निष्कर्ष :

देशको समुन्नतिका लागि कृषि क्षेत्रको भूमिका ठूलो हुन्छ । वर्तमान विश्वमा विकसित राष्ट्रको रुपमा परिचित अमेरिका, बेलायत, जर्मनी, जापानजस्ता मुलुकहरूको इतिहास हेर्ने हो भने तिनीहरू कृषि क्षेत्रको उन्नति गरी औद्यौगिक क्षेत्रतर्फ स्थानान्तरित भएको पाइन्छ । पछिल्लो वर्षहरूमा छिमेकी मुलुक भारत र चीन तथा भियतनामले कृषि र औद्यौगिक विकासलाई सँग(सँगै

बाँकी १४ पृष्ठमा

बेमौसमी प्याज खेती प्रविधि

परिचय :

नेपाली जीब्रोलाई प्याजको स्वादले राम्ररी गाँजेको छ र प्याज हाम्रो भान्साको अनिवार्य आवश्यकता बनेको छ । देशमा उत्पादन हुने प्याजले हाम्रो आवश्यकतालाई पुरा गर्न नसकेको अवस्था हाम्रो सामु छर्लंग छ । वर्षेनी विदेशवाट आयत गरिने प्याजमा निर्भर रहनु पर्ने अवस्थालाई कम गर्न वेमौसमी प्याज खेती प्रविधिको विकासले सहयोग पुग्न गएको छ । यस प्रविधिको वारेमा कृषक स्तरमा व्यापक प्रचार प्रसार हुन सकेमा सवै भन्दा वढि प्याजको आवश्यकता हुने समयको माग पुर्ति गर्न सहयोग पुग्ने देखिन्छ । खासगरी आषाढ देखि मंसिर महिना सम्म गरिने प्याज खेतीलाई बैमौसमी प्याज खेती र असोज देखि पौष महिनासम्म उत्पादन भएको प्याजलाई बैमौसमी प्याज भनिन्छ । भाद्र देखि फाल्गुण सम्म नेपालमा प्याजको अति नै अभाव हुने भएकोले यस वेला उत्पादन हुने प्याजले कृषकको आय स्तर वढाउन सहयोग पुग्दछ । भाद्र देखि मंसिरसम्म प्याजको सानो सानो डल्ला(सेट) रोपि असोज देखि मंसिर सम्म प्याजको गानो उत्पादन गर्न सकिन्छ । अर्को तरिकामा जेठ, असार महिनामा प्याजको विउ छरेर वेर्ना रोपि मंसिर पुस महिनामा प्याजको डल्ला उत्पादन गर्न सकिन्छ । यसको लागि हाल विकसित भएका छोटा दिनमा तयार हुने प्याजको जातको विकासले गर्दा यस प्रकारको वेमौसमी प्याज खेती गर्न सहयोग पुगेको देखिन्छ ।

(क) विरुवा रोपि बेमौसमी प्याज उत्पादन

प्रविधि :

यस प्रविधिमा प्याजको वीउ रोपेर वेर्ना तयार पारी मंसिर, पौष महिनामा प्याजको डल्ला उत्पादन गर्नको लागि तराई वा भित्री मदेशमा मध्ये असारमा, तल्लो पहाडमा असारको शुरुमा र मध्ये पहाडमा जेष्ठमा वीउ रोपि वेर्ना तयार पार्नु पर्दछ । यस्को लागि मुख्य रुपले जमिनको छनौट वीउको छनौटमा विशेष ध्यान दिनु पर्दछ ।

नर्सरी व्यवस्थापन तथा जमिनको छनौट :

रु वर्षातमा गरिने वाली भएकोले पानी नजम्ने वलौटे दोमट माटो भएको स्थान छान्नु पर्दछ । नर्सरी बनाउँदा १ मी. चौडा, १५(२५ से.मी. उचाई र आवश्यकता अनुसारको लम्बाई भएको नर्सरी ब्याड तयार गर्नु पर्दछ ।

रु ब्याड बनाउनु अघि ब्याड बनाउने ठाँउलाई बैशाख महिनामा नै खनजोत गरी झारपात हटाइ करिव ३० दिन सम्म पुरै ब्याड ढाक्ने गरि सेतो प्लाष्टिकले ढाकेर माटो उपचार गर्नु पर्दछ । यसो गर्दा माटोमा भएका रोगका जिवाणु र माटो भित्र रहि जीवन चक्र पुरा गर्ने किराको लार्भा, बच्चा र फूल समेत नष्ट हुन्छन् र ब्याड किरा तथा विषाणु रहित बनाउन मदत पुग्दछ ।

रु प्रति वर्ग मिटर जग्गामा ३ के. जी. राम्ररी कुहिएको गोबर मल वा गडौली मल, २० ग्राम डि.ए.पि., १० ग्राम म्यूरेट अफ पोटास र १० ग्राम यूरीया वीउ छर्नु अघि माटोमा राम्ररी मिलाउनु पर्दछ ।

रु एक रोपनी जग्गामा २० ह १५ से.मी.को फरकमा वेर्ना रोप्दा करिब १४हजार वेर्नाको आवश्यकता पर्न जान्छ । वर्षाको कारणले गर्दा वीउ कम उम्रने, उम्रेको बीउ र वेर्ना पनि मर्न सक्ने भएकोले एक रोपनीको लागि ४००-६०० ग्राम वीउ आवश्यकता पर्दछ । जस्को लागि ८(१२ वर्ग मी. क्षेत्रफलको नर्सरी बनाउनु पर्दछ र प्रति वर्गमीटर व्याडमा ५० ग्राम बीउ छर्नु पर्दछ ।

रु असार(साउन महिनामा बढी वर्षा हुने भएकोले ब्याडको वरीपरी कुलेसो बनाई भल पानी निकासको राम्रो प्रबन्ध मिलाउनु पर्दछ ।

रु वर्षाबाट साना बेर्नालाई जोगाउनको लागि ब्याड माथि खर वा प्लाष्टिकको छाना लगाउनु पर्दछ ।

रु वर्षाको समय भएको हुनाले बेर्ना उम्रने बित्तीकै पहिलो र त्यसपछि ७(८ दिनको फरकमा विषादि र सुक्ष्मतत्व दिनु पर्दछ ।

रु तयारी व्याडमा एक एक कुरेत वा १० से.मी. को फरकमा २(३ से.मी.गहिरो कुलेसोमा पातलोगरी वीउ छरी राम्ररी पाकेको धुलो प्राङ्गारिक मलले वीउलाई पुर्नु पर्दछ ।

रु स्वास्थ्य वेर्ना उत्पादनको लागि वीउ उपचार गर्नु पनि त्येतिकै जरुरी हुन्छ । यसको लागि ई.एम. १० एम.एल.र १० ग्राम भेलि(सखर) प्रति लिटर पानीमा मिसाएर त्यहि पानीमा बीउलाई १२ घण्टा सम्म भिजाउनु पर्दछ । अथवा संजिवनी ५ ग्राम, चिनी ५ ग्राम २० एम.एल. पानीमा १० ग्राम प्याजको बीउ मोलेर ओजेलमा सुकाएर मात्र बीउ छर्नाले स्वास्थ्य वेर्ना उत्पादन गर्न सहयोग पुग्दछ ।

वीउ छर्ने समय, स्थान, बीउ छर्ने समय, वेर्ना सार्ने समय

तराई तथा भित्री मदेशशुरु देखि मध्य असार	शुरु देखि मध्ये साउन
तल्लो पहाड, वेसी तथा टार	शुरु असार शुरु साउन
मध्ये पहाड वा १५०० मीटर उचाई सम्म	जेष्ठ महिना भर असार महिना भर

Indigenous women researchers speak their knowledge in an academic voice

FAO and Thompson Rivers University spotlight Indigenous Women as knowledge holders and custodians of nature

Indigenous Women are knowledge holders, food providers, guardians of biodiversity and teachers of younger generations.

06/03/2025

They are food providers, custodians of seeds, keepers of medicinal plants and guardians of biodiversity. They are knowledge holders and teachers of the younger generations. They have a fundamental role in preserving Indigenous Peoples' knowledge, agri-food systems, cultures and languages. Rooted in their unique connection to their ancestral lands and territories, they stand at the front lines of defence to protect Indigenous Peoples rights' and stop the destruction of ecosystems.

Indigenous Women live in more than 90 countries around the world. They make unique contributions to the world on food security, biodiversity, medicine, domestication of species and transformation of foods.

Yet, all too often, they remain invisible in statistics, decision-making spaces and policies due to the persistent absence of disaggregated data about them and the pervasive discrimination, inequality and systematic refusal to acknowledge their individual and collective rights.

The Food and Agriculture Organization of the United Nations (FAO) is working with Indigenous Women and universities to address the data gap and ensure that Indigenous Women are involved in decision-making processes.

"At the heart of the strategy is making sure that they're at the discussion table with policy makers so that their knowledge can positively influence local, national and international spaces," says Yon Fernandez-de-Larrinoa, Head of the FAO Indigenous Peoples Unit.

It's about ensuring Indigenous Women are visible but also leveraging their crucial roles as knowledge holders. "Indigenous Women are already researchers. However, they must have access to opportunities to make their research and understanding of complex challenges published and shareable. Their knowledge must be recognised if we want to improve food security and nutrition for all," says Mikaila Way, FAO Coordinator of the Indigenous Women research programme.

In 2015, FAO partnered with Indigenous Women's organizations globally to implement national and regional Indigenous Women Leadership Schools on Human Rights and Food Security - focused on priorities such as land tenure and Free, Prior and Informed Consent. With Indigenous organizations, FAO organized 13 leadership schools at national and regional level, training more than 300 Indigenous women. Many of these women are today involved in international negotiations and processes.

Because one powerful global call was to promote Indigenous Women's academic research, FAO started a partnership Thompson Rivers University (TRU) in Kamloops, British Columbia, Canada to forge a dedicated Knowledge Makers Programme.

For a long time, Indigenous Peoples, especially women, were excluded from the world of academic research. "Research used to be done on us as Indigenous Peoples. Back then it was done for us. Then it was done with us, now it is being done by us," says Rod McCormick, Director of the Indigenous Research Centre at TRU.

Through the Knowledge Makers Programme, FAO and TRU facilitated an international research cohort of Indigenous Women focused on Indigenous Peoples' food and knowledge systems and climate action. 21 Indigenous Women from 16 countries in the seven socio-cultural regions were selected. The result of their research work is gathered in a special volume of the Knowledge Makers Journal.

Afro-Binniza Indigenous Peoples focused her study on the proliferation of wind farms in Mexico and the consequences they have on her community's territory. Melanie M. Kirby (right/bottom) discusses the importance of pollinator conservation in land stewardship and explains that the need for re-Indigenization, referring to returning to practices with Indigenous Peoples roots.

Rosa Marina Flores Cruz, a member of the Afro-Binniza Indigenous Peoples from Oaxaca, Mexico, focused her research on the proliferation of wind farms and the serious consequences they have on her community's territory, despite claims that these advance "sustainable development".

"Women were almost completely

displaced from the agreements and signing of lease contracts with the wind energy companies. They were isolated from decision-making because very few had the status of being possessors of the land; persuasive efforts were instead focused on men. But in response, from the beginning we, Indigenous Women, have been involved in the defence of the territory," says Flores Cruz.

Mariiam Tambieva of the Karachay and Balkar Indigenous People in Russia's North Caucasus, draws attention to her Peoples' zero-waste lifestyles and traditional practices that were employed out of a respect for nature but are now being "re-discovered" under the drive for sustainability.

"Even though Karachays and Balkars never used the term 'zero-waste', we have lived according to this philosophy for centuries," she says. They used all components of the animal from the meat, bones and offal to cook different food and preserves. As households are the main producers of food waste, she explains, turning to these practices could play a significant part in minimizing losses. "Practicing methods used in Indigenous Peoples' communities can be easy; we only need to read and learn about them and share experiences," concludes Tambieva.

Mariiam Tambieva of the Karachay and Balkar Indigenous People draws attention to her Peoples' zero-waste lifestyles as a model for households to follow.

As a Pollinator Specialist, Melanie M. Kirby, from the Tortugas Pueblo in New Mexico, United States of America, discusses "Re-Indigenization" and the importance of pollinator conservation in land stewardship. "Beekeeping connects us to our origins as fellow beings of light, as a part of this land, not separate from it," she says. She explains that the term re-Indigenization refers to returning to practices with Indigenous Peoples roots, rediscovering our relationship with nature and the land.

"Focusing on re-Indigenizing approaches to stewardship and conservation can help to amplify disenfranchised and marginalized knowledge systems that were developed through millennia," Kirby states. In her work, Kirby refers to the concept of consilience, where the knowledge from different fields can be combined to create a unified understanding of the world.

FAO's approach involves creating spaces where the complementary nature of Indigenous Peoples' food and knowledge systems and formal science can combine to confront some of the serious issues our planet faces, such as biodiversity loss and food insecurity.

